## इटालीमा बाम सरकारः स्वरुप र कार्यक्रमको चिरफार

# मूल्याङ्कन

मूल्य रु १५।- (भारतमा भा.रु.१२।-)     विचार अन्तर्क्रियामुखी मासिक     पूर्णाङ्क ३८, जेठ २०५३


- महाभूकम्प कसरी जान्छ ?
- जापान पनि ओरालोतिर लाग्दैछ !
- वर्तमान चीनमा महिलाहरुको स्थिति
- चे ग्वेभाराको जीवनका अन्तिम दिनहरु
- यसरी गरिन्छ फिल्ममार्फत उपभोक्तावादको प्रचार !



कति समान छन्, कति भिन्न छन्

# नेपालका बामपन्थी पार्टीहरु ?

## विशेषः के हुन सक्छ साझा बाम-आन्दोलनको कार्यक्रम ?



स्त्री रोग तथा परिवार नियोजन विशेषज्ञ
महिला डाक्टरहरुद्वारा
सेवा उपलब्ध छ !

# मेरी स्टोप्स क्लिनिक

## उपलब्ध सेवाहरु

१. स्त्री रोग सम्बन्धी जाँच ।
२. परिवार नियोजन सम्बन्धी परामर्शका साथै सम्पूर्ण सेवाहरु ।
३. शिशु सुरक्षा खोप (टीका) प्रत्येक शनिवार मात्र ।

**ठेगाना :**
मेरी स्टोप्स क्लिनिक
मंगलादेवी विशाल बजार
हनुमानदास रोड (शनिमन्दिर अगाडि)
विराटनगर- ८
फोन : २-३२८०

**सेवा समय**
विहान १० बजेदेखि
बेलुका ५ बजेसम्म
आइतवार बन्द रहनेछ ।

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १४, पूर्णाङ्क ३८
२०५३, जेठ



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईंटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन

**बजार व्यवस्थापक**
श्याम खड्का
**लेखा व्यवस्थापक**
वीरप्रसाद भंसारी
**व्यवस्थापन सहयोगी**
दुर्गा खड्का
**कार्यालय व्यवस्थापक**
मञ्जू दवाडी



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**सम्पर्क कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक
काठमाडौं-३२
फोनः ४२२७६९, फ्याक्सः ४२३५४९
पो. ब. नं. ७०५०, काठमाडौं


## कति समान छन्, कति भिन्न छन्

# नेपालका वामपन्थी पार्टीहरु ?

६

नेपालका नौ वटै वामपन्थी पार्टीहरूका घोषित नीतिहरू र कार्यक्रमहरूको तुलनात्मक विश्लेषण

**विशेष**

## के हुन सक्छ, साझा वाम-आन्दोलनको कार्यक्रम ?


- के जापान पनि ओह्रालो लाग्दैछ ? २२
- वर्तमान चीनमा महिलाहरूको स्थिति २४
- महाभूकम्प कसरी जान्छ ? २९
- फिल्ममा उपभोक्तावाद : 'हम आपके है कौन ?' ३२


## इटालीमा आएको वर्तमान वाम सरकारः

सरकारको स्वरूप कस्तो छ ? यसका नीति र कार्यक्रमहरू कस्ता छन् ?

१४

*इटालीको वाम आन्दोलनको रुपरेखा सहित*

## क. चे ग्वेभाराको जीवनका अन्तिम दिनहरु

१८


**घटना र प्रवृत्ति**
नेपाली कांग्रेसको महाधिवेशन ५
सिन्धली अमलेमा भएको जनहत्याको स्थलगत रिपोर्ट ४
भारतमा कति अटल होला अटल विहारीको सरकार ? ४०
नेपाली मजदूरहरूका समस्याहरू र एकताको बारेमा मजदूर नेताहरूः आनन्द शर्मा/जय कार्की/ विष्णु रिमाल ३५

**आवरण कथा**
नेपाली वाम आन्दोलनभित्रका समानता र भिन्नता ६

**जीवनको झाँकी**
क. चे ग्वेभाराको जीवनका अन्तिम दिनहरू १८

**विश्व कम्युनिष्ट आन्दोलन**
इटालीमा आएको वर्तमान वाम सरकारको स्वरूप र कार्यक्रमको विश्लेषण १४

**नीति/संस्कृति**
तिर्खा लाग्यो भन्दै पानीको सट्टा सातु खानेहरू
*-चन्द्रदेव नेपाली* २६

**विज्ञान/प्रविधि**
महाभूकम्प कसरी जान्छ ?
तुल्सीदास महर्जन २९

**साहित्य**
(कविता) *-खगेन्द्र संग्रौला* ३१
इश्माली पुरस्कृत ३१

**पर्दा/रंगमंच**
हम आपके है कौन ? को समीक्षा ३२
नयाँ दिल्लीमा सडक नाटकमाथि सरकारी हमला ३४

**संस्मरण**
वर्तमान चीनमा महिलाहरूको स्थिति
*-सुलोचना मानन्धर* २४

**पाठकको कुरो** ४२

**हाम्रो मूल्याङ्कन** ४



**आवरण फोटो : संयुक्त वाम संघर्षको क्रममा सिंहदरवार अगाडि धर्ना कार्यक्रममा सहभागी वाम नेताहरु**
**(वायाँबाट दायाँ- क. विष्णु ब. मानन्धर, क.निरञ्जन गो. वैद्य, क. शंभुराम श्रेष्ठ, क. सी.पी. मैनाली, क. माधव नेपाल र क. निर्मल लामा**
**फोटोः नरेश श्रेष्ठ, एबीसी फोटोज, बागबजार/आवरण कलाः आइडियल डिजाइनर्स, बागबजार,**
**भित्री पृष्ठका चित्रहरुः लक्ष्मण भूजेल, यति आर्ट, पुतली सडक/कम्प्युटरः माइक्रोटिप्स, पुतलीसडक/मुद्रणः इन्द्रेणी अफसेट प्रेस, बागबजार**

**हाम्रो मूल्याङ्कन**

### नेपालीको ढाड भाँच्ने अर्को कदम

# विद्युत महशूलमा वृद्धि

२०४६ सालको जन-आन्दोलनयता चौथो पटक सरकारले गत जेठ १ गतेदेखि लागू हुनेगरी विद्युत महशूलमा २० प्रतिशतले वृद्धि गरेको छ ।

कालीगण्डकी- "ए" आयोजनाको लागि सरकारले एशियाली विकास बैंकसित ऋण लिनका लागि गरेको गोप्य संझौताको शर्त बमोजिम उसैको दबाव र निर्देशनमा सरकारले विद्युत महशूल बढाउने यो जनघाती निर्णय गरेको बुझिएको छ । विश्वस्त सूत्रहरू बताउँछन्- बैंकका ऋणका शर्तहरू यस्ता छन्, जसअनुसार सरकारले यसै साल माघमा पनि फेरि थप २० प्रतिशत विद्युत महशूल वृद्धि गर्नेछ ।

सरकारको यो कदमले सर्वसाधारण नेपाली जनताको जीवनस्तर अरू धेरै तल खस्ने र सर्वागीण महँगीले गर्दा आम्दानी-खर्च डाँवाडोल हुने निश्चित छ । किनभने, विजुली यस्तो आम-औद्योगिक प्रयोगको वस्तु हो, जसको मूल्य बढ्दा खालि त्यही वस्तु मात्र महँगो हुँदैन, अरू सारा वस्तुहरू साथसाथै महँगा हुन्छन् । दूध, डिजेल, मट्टितेलको र यातायात भाडाको मूल्य वृद्धिले उत्तिकै थङ्थिलो भएका नेपाली जनतालाई विजुलीको महशूल वृद्धिले अरू बेसी हरिकंगाल बनाउने परिपक्का छ । यो कदमबाट नेपाली जनता विश्वका सबैभन्दा गरीब नागरिकमा बदलिन बेर छैन ।

तर यस्तो प्रतीत हुन्छ- वर्तमान त्रिशंकू सरकारलाई यसको कुनै पर्वाह छैन । जनता मरे मरून्, टाट पल्टे पल्टून्, उसलाई त्यसप्रति कुनै सरोकार देखिन्न ।

नेपालमा विजुलीको उत्पादनमा वृद्धि गर्नु जरूरी थियो, तर त्यसका लागि विजुलीको महशूल बढाउनु पटक्कै आवश्यक थिएन । सरकारसित थुप्रै विकल्पहरू थिए ।

पहिलो कुरो, अरूण तेस्रोको लागि भनेर २०४८ साल, २०४९ साल र २०५० सालमा गरी जम्मा करीब ३०० प्रतिशत विद्युत महशूल बढाइयो । तर अन्ततः अरूण तेस्रो योजना त रद्द भयो । त्यसमा त्यो रकम खर्च गर्नु परेन । अब प्रश्न उठ्छ- त्यसको लागि भनेर उठाइएको त्यो अरबौंको महशूल थैली खोइ ? त्यो कहाँ थन्किइरहेछ ?

दोस्रो, विद्युत प्राधिकरणले नगरपालिकाहरूबाट मात्र १२ करोड रूपैया उठाउन बाँकी छ । ठूला ठूला औद्योगिक सेठहरूबाट मात्र करोडौंको थैली उठाउन बाँकी छ । उसले त्यो रकम उठाउन किन कदम चाल्न सक्दैन ?

तेस्रो, प्राधिकरणको विद्युत चुहावट अहिले २५ प्रतिशत देखिन्छ । त्यो घटाउन प्रभावकारी कदम उसले किन चाल्न सक्दैन ?

चौथो, नेपाली जनतासितै अहिले पचासौं अरब रूपैयाँको बचत रकम जग्गा खरिद गर्नुमा र बैंकहरूको शेयर खरिद गर्नुमा प्रवाहित भइरहेको देखिन्छ । लगानी गर्ने आकर्षक र सुरक्षित ठाउँ नपाएर त्यो बचत त्यता प्रवाहित भएको हो । सुरक्षाको लागि सरकार ग्यारेन्टी बसेर र फाइदाको लागि आकर्षक योजना जनसमक्ष राखेर "जलविद्युत विकास बण्ड" को नाममा त्यो बचत सरकारले किन प्रशोचन गर्न सक्दैन ?

त्यसैले, सरकारसित अभाव विकल्पको होइन, अभाव जनमुखी र स्वनिर्भर विकासप्रति राजनीतिक प्रतिवद्धताको देखिएको छ । खडेरी पैसाको होइन, इमानको देखिएको छ ।

देशभित्रै प्रशस्त विकल्प हुँदाहुँदै यो सरकारले मोटो कमीशनको लोभमा विदेशी बैंकको निर्देशनमा देश र जनतालाई नै रसातलमा पुऱ्याउने निर्णय यसरी गर्दछ भने योभन्दा ठूलो विडम्बना अरू के हुन सक्छ ?

त्यसैले, हामी माग गर्छौं- सरकारले देश र जनताको ढाड भाँच्ने यो कदम तुरून्त फ़िर्ता लेओस् ।

देशमा यत्तिका जनमुखी र वामपन्थी पार्टीहरू छन् । उनीहरू किन यस्तो जनघाती सरकरी कदममा फगत वक्तव्य फ्याँकेर चित्त बुझाइरेछन् ? किन उनीहरू यस्तो संवेदनशील मामलामा जनतासँगै सडकमा ओर्लिरहेका छैनन् ?

हामी ती सबै संस्थालाई बधाई दिन र उनीहरूसंग ऐक्यवद्धता जाहेर गर्न चाहन्छौं, जसले यो मामलामा अदालतमा मुद्दा चलाउनेदेखि लिएर गंभीर प्रतिरोधात्मक कदमहरू चाल्ने प्रयास गरिरहेछन् ।❑

---

**घटना र प्रवृत्ति**

### सरकार हत्या कार्यमा सोझै संलग्न

# सिन्धुली अमलेमा दुई युवकहरु कसरी मारिए ?



प्रहरीद्वारा मारिएका देवकोटा बन्धुहरु
(बायाँबाट दायाँ गेहेन्द्र देवकोटा र टीका देवकोटा)

*घरघरबाट जनतालाई जबरजस्ती गर्दै पक्रेर लैजाने र जंगली तरीकाले कुटपीट गर्ने, गोली हानेर मार्ने अनि "प्रहरीसंगको मुठभेडमा माओवादी मारिए" भनी समाचार प्रसारण गर्ने !*

*यस्तो जघन्य कीर्ति काममा आज नेपालको कांग्रेस-राप्रपा-सद्‌भावना पार्टीको सरकार निर्लज्ज तरीकाले लागिपरेको छ । यसको प्रत्यक्ष उदाहरण हो- गत वैशाख २५ गते सिन्धुली जिल्लाको अमलेमा भएको दुई युवकहरुको हत्या ।*

*एक विश्वस्त सूत्रबाट हामीलाई प्राप्त समाचार अनुसार- केही दिनअघि सिन्धुलीमा पक्राउ परेका ७ जना 'माओवादी' भनी आरोप लगाइएका व्यक्तिहरुलाई प्रहरी-टोलीले गिरफ्तार मात्र गरेकोमा अर्थात् देख्न नपाई गोली हानी नमारेकोमा सिन्धुलीका डि.एस.पी.ले त्यो प्रहरी-टोलीको प्रमुख असईलाई बेस्कन गाली गरेका र कुटेका थिए । त्यो घटनाबाट भयभीत भएर केही दिनपछि गएको उक्त अर्को प्रहरी टोलीले भने यसरी सो वैशाख २५ गते विहान घरखेतमा काम गरिरहेका ती निर्दोष सर्वसाधारण युवाहरुलाई गोली हानी हाकिमको 'स्याबासी' हासिल गरेका थिए ।*

*उक्त घटनालाई संविधान र कानून नाघेर सोझै निरपराध जनता मार्ने सरकारी दुस्साहसको ज्वलन्त नमूनाको रुपमा सिन्धुलीवासीहरुले लिएका छन् । क्रुर गृहमन्त्री खुमबहादुर खड्का एवं सत्तारुढ तीन वटै पार्टीहरुले यो सरकारी आतंक र ठाडो गैरसंवैधानिक, अमानवीय रवैयाबारे कहिलेसम्म "झूठ" बोलिरहने हुन् ?*

*प्रस्तुत छ- हाम्रा विशेष संवाददाताले सिन्धुलीबाट पठाउनु भएको सो हत्या-काण्डको स्थलगत रिपोर्टः-*

*यही वैशाख २५ गते सिन्धुली जिल्लाको अमले गाविस वडा नं. ३ स्थित आफ्नै घरमा विहान घरेलु कामकाज गरिरहेका दुई युवाहरूलाई पक्राउ गरी प्रहरीले निर्ममतापूर्वक माऱ्यो । टीकाप्रसाद देवाकोटा घरको गोठमा गीबर सोहरीरहेका थिए । उनका भाइ गेहेन्द्र भनिने ज्ञानेन्द्र देवकोटा चाहिं नजिकै बारीमा मकै गोडिरहेका थिए । प्रहरीहरूले र कांग्रेसी गुण्डाहरूले उनीहरूलाई गिरफ्तार गरे । साथमा छिमेकी कमल देवकोटाकी छोरीलाई पनि गिरफ्तार गरिएको थियो ।*

*उनीहरूलाई समातेर लिएर गई नजिकैको जंगलमा खुब हिंडाइयो,*

(बाँकी ४१ पेजमा)

# नेपालका वामपन्थी पार्टीहरु

## कति समान, कति भिन्न ?

-श्याम श्रेष्ठ

नेपालमा कम्युनिष्ट आन्दोलन २००६ सालदेखि संगठित रूपमा शुरू भयो । २०१९ सालसम्म नेपालको कम्युनिष्ट पार्टी एउटै थियो र कम्युनिष्ट आन्दोलन अविभाज्य थियो । २०२० को दशकदेखि यो आन्दोलन विभाजित हुन शुरू गर्‍यो । यो दशकको अन्तसम्ममा नेपालका कम्युनिष्ट समूहहरूको संख्या पाँच वटा पुग्यो । तीसको दशकमा पार्टी विभाजन र अस्तित्वमा आउने प्रक्रिया तीव्र बन्यो र झण्डै एक दर्जनभन्दा बेसी पार्टीहरू मैदानमा देखिए । चालीसको दशक पार्टी ध्रुवीकरण र एकीकरणको दशक रह्यो । यो दशकको अन्तसम्ममा पार्टीहरूका बीच एकीकरणको फलस्वरूप वामपन्थी समूहहरूको संख्या पहिलेको तुलनामा आधा आधी हुन आइपुग्यो । अहिले ५० को दशकको प्रारंभमा नेपालमा स्पष्टतः देखिएका नौ वटा वामपन्थी समूहहरू छन् ।

नेपालमा वामपन्थी समूहहरूप्रति जनतामा अगाध आस्था देखिन्छ । नेपालमा सबैभन्दा बेसी जनाधार भएको, सबैभन्द जनव्यापी, सबैभन्दा अनुशासित र संगठित शक्तिका रूपमा वाम शक्ति नै देखिएको छ । तथापि, जनतामा प्रश्न उठिरहेको छ- किन यति धेरै वामपन्थी पार्टीहरू ? किन यिनीहरू आपसमा मिल्न सक्दैनन् ? यिनीहरूबीच वास्तवमै समानता के के कुरामा छ, भिन्नता के के कुरामा छ ?

यिनै जिज्ञासाहरू मेट्नका निम्ति हामीले विभिन्न महत्त्वपूर्ण बुँदाहरूमा यी कम्युनिष्ट पार्टीहरूका सोचहरूलाई केलाएर एकै ठाउँ जम्मा गरेका छौं ।

यी बुँदाहरूमा पार्टीहरूको धारणालाई आपसमा दाँजेर हेर्न सकियोस् भन्ने उद्देश्यले हामीले यसपल्ट नेपालको "कम्युनिष्ट पार्टीको जन्म दिवस (२२ अप्रिल)" को उपलक्ष्यमा यो विशेष सामग्री पाठकरूसमक्ष प्रस्तुत गर्न लागिरहेछौं-

"नेपालमा वामपन्थी पार्टीहरू कति समान, कति भिन्न ?"

यहाँ प्रस्तुत सामग्रीहरू संबन्धित पार्टीका सबैभन्दा पछिल्ला आधिकारिक दस्तावेजहरू र प्रकाशनहरूबाट निकालिएका र संक्षेपीकृत गरिएका छन् । विषयवस्तुलाई यथासंभव भरपर्दो बनाउने प्रयत्न गरिएको छ । तथापि कहीं कतै भूलचूक हुन गएको भए हामी त्यसमा क्षमाप्रार्थी छौं र बेलैमा सुझाव र आलोचनाको अपेक्षा राख्दछौं ।

-सम्पादक मण्डल, मूल्याङ्कन

आवरण कथा



फोटोः उषा

**सबै वाम पार्टीका दस्तावेजहरूको चिरफार**

## तपाईंको पार्टीको मार्गदर्शक सिद्धान्त के ?

◆ **नेकपा (एमाले)**
मार्क्सवाद-लेनिनवाद

◆ **नेकपा (मसाल)**
मार्क्सवाद-लेनिनवाद, माओ विचारधारा

◆ **नेकपा (एकता केन्द्र)**
मार्क्सवाद-लेनिनवाद- माओ विचारधारा

◆ **नेकपा (माओवादी)**
मार्क्सवाद-लेनिनवाद-माओवाद

◆ **नेमकिपा**
मार्क्सवाद-लेनिनवाद-माओ विचारधारा

◆ **नेकपा (संयुक्त)**
मार्क्सवाद-लेनिनवाद

◆ **नेकपा (मालेमा)**
मार्क्सवाद-लेनिनवाद, माओत्से तुङ विचारधारा

◆ **नेकपा (मार्क्सवादी)**
मार्क्सवाद-लेनिनवाद

◆ **नेपाली कम्युनिष्ट लीग**
मार्क्सवाद-लेनिनवाद

## तपाईंको पार्टीले कसको वर्ग-प्रतिनिधित्व गर्छ ?

◆ **नेकपा (एमाले)**
सर्वहारा श्रमजीवी वर्गको

◆ **नेकपा (मसाल)**
सर्वहारा वर्गको

◆ **नेकपा (एकता केन्द्र)**
सर्वहारा वर्गको

◆ **नेकपा (माओवादी)**
सर्वहारा वर्गको

◆ **नेमकिपा**
मजदूर, किसान, महिला, युवा विद्यार्थी, शिक्षक, बुद्धिजीवी, व्यापारी, पत्रकार, भू.पू. सैनिक, मध्यम र निम्न पूँजीपति वर्ग लगायत संपूर्ण श्रमजीवी जनसमुदाय ।

◆ **नेकपा (संयुक्त)**
मजदूर, किसान तथा श्रमजीवी वर्गका बै तप्काहरूको

◆ **नेकपा (मालेमा)**
नेपालका सर्वहारा वर्गको

◆ **नेकपा (मार्क्सवादी)**
मजदूर-सर्वहारा वर्गको

◆ **नेपाली कम्युनिष्ट लीग**
नेपाली मजदूर वर्गको

## पार्टीको अन्तिम लक्ष्य के हो ?

◆ **नेकपा (एमाले)**
यसको अन्तिम वा अधिकतम लक्ष्य समाजवाद-साम्यवाद हो ।

◆ **नेकपा (मसाल)**
यसको अन्तिम लक्ष्य वा अधिकतम कार्यक्रम समाजवादी र साम्यवादी समाजको स्थापना गर्नु हो ।

◆ **नेकपा (एकता केन्द्र)**
वैज्ञानिक समाजवाद सफलतापूर्वक हासिल गर्ने र विश्व साम्यवादतर्फ अघि लम्कने यसको अन्तिम लक्ष्य वा अधिकतम कार्यक्रम हो ।

◆ **नेकपा (माओवादी)**
वैज्ञानिक समाजवाद सफलतापूर्वक हासिल गर्ने र विश्व साम्यवादतर्फ अघि लम्कने यसको अन्तिम लक्ष्य वा अधिकतम कार्यक्रम हो ।

◆ **नेपाल मजदूर किसान पार्टी**
संघर्षका विभिन्न रूपद्वारा चरणवद्ध तरिकाले समाजवादको स्थापना गरी त्यसलाई साम्यवादमा पुऱ्याउनु यसको दीर्घकालीन उद्देश्य वा अन्तिम लक्ष्य हो ।

◆ **नेकपा (संयुक्त)**
यसको अन्तिम लक्ष्य साम्यवादको प्राप्ति हो ।

◆ **नेपाल कम्युनिष्ट पार्टी (मालेमा)**
पार्टीको अन्तिम लक्ष्य मुलुकमा एक सुखी, समृद्ध, वर्गहीन समाज अर्थात् कम्युनिष्ट समाजको स्थापना गर्नु हो ।

◆ **नेकपा (मार्क्सवादी)**
देशमा वैज्ञानिक समाजवाद तथा साम्यवादी समाजको सिर्जना गर्नु यसको अन्तिम लक्ष्य हो ।

◆ **नेपाली कम्युनिष्ट लीग**
सर्वहारा समाजवादी क्रान्तिको बाटो भएर अन्तमा कम्युनिष्ट समाज विकसित गर्नु यसको अन्तिम लक्ष्य हो ।

## पार्टीको अहिलेको क्रान्तिकारी लक्ष्य के ?

◆ **नेकपा (एमाले)**
यसको तात्कालीन न्यूनतम लक्ष्य जनताको बहुदलीय जनवाद हो ।

◆ **नेकपा (मसाल)**
नेपालमा नयाँ जनवादी गणतन्त्रको स्थापना यसको अहिलेको क्रान्तिकारी लक्ष्य वा न्यूनतम कार्यक्रम हो ।

◆ **नेकपा (एकता केन्द्र)**
जनताको जनवादी अधिनायकतन्त्रात्मक राज्यसत्ता भएको नयाँ जनतान्त्रिक गणतन्त्र नेपालको निर्माण गर्नु अहिलेको क्रान्तिकारी लक्ष्य वा आधारभूत न्यूनतम कार्यक्रम हो ।

*नेपालका वाम नेताहरू: आपसमा एकता र अनेकताका बुँदाहरू केलाउने कि ?*


**क. मनमोहन अधिकारी**


**क. शंभुराम श्रेष्ठ**


**क. निर्मल लामा**


**क. विष्णु ब. मानन्धर**


**क. चित्र ब. केसी.**


**क. कृष्णदास श्रेष्ठ**


**क. रोहित**


**क. प्रभुनारायण चौधरी**


**क. बाबुराम भट्टराई**

# विशेष: के हुन सक्छ साझा वाम आन्दोलनको कार्यक्रम ?

◆ **नेकपा (माओवादी)**

नेकपा (एकता केन्द्र) को जस्तै

◆ **नेमकिपा**

सामन्तवाद, साम्राज्यवाद, नव उपनिवेशवादको सिक्रीलाई चुँडालेर समाजवादको स्थापना गर्नु ।

◆ **नेकपा (संयुक्त)**

२०४६ सालको जनक्रान्तिबाट प्राप्त प्रजातन्त्रको संरक्षण गर्दै शान्तिपूर्ण जनआन्दोलन र संसदीय प्रजातान्त्रिक पद्धतिबाट यस क्रान्तिलाई संपन्न गरी समाजवादको दिशामा अघि बढ्नु ।

◆ **नेकपा (मालेमा)**

क्रान्तिकारी वर्ग संघर्षको उपायबाट जनवादी अधिनायकतन्त्रको सत्ता स्थापना गर्नु, नयाँ जनवादी व्यवस्था कायम गर्नु र समाजवादी क्रान्तितर्फ अघि बढ्नु ।

◆ **नेकपा (मार्क्सवादी)**

देशमा नयाँ जनवादी क्रान्ति संपन्न गर्नु ।

◆ **नेपाली कम्युनिष्ट लीग**

नयाँ जनवादी क्रान्तिलाई पूर्ण रूपले संपन्न गर्नु ।

# नेपाली समाजमा क्रान्ति कुन रणनीति अप्नाएर कसरी संभव छ ?

◆ **नेकपा (एमाले)**

सर्वहारा श्रमजीवी वर्गको नेतृत्व हुनु पर्छ । मजदूर-किसानबीच एकता हुनु पर्छ । किसानहरूको निर्णायक भूमिका, निम्न पूँजीपति वर्गका अन्य तहहरूको भरोसायोग्य भूमिका र मध्यम पूँजीपतिवर्गको सहयोगी भूमिका सुनिश्चित गरिनु पर्छ । जनताको चेतना र वर्ग संघर्षको अवस्था अनुसार संगठन र संघर्षका रूपहरू बदल्दै अघि बढ्नु पर्छ । अहिले आम रूपमा संसदीय संघर्षलाई संघर्षको प्रमुख रूप बनाउनु पर्छ, यसको उच्चतम विकास हो- वैधानिक प्रतिस्पर्धात्मक सरकार बनाउनु । त्यसपछि पनि बलपूर्वक फड्को हान्ने काम बाँकी रहन्छ । निर्णायक संघर्ष संसद्को घेराबाहिरको जन संघर्षलाई बनाउनु पर्छ ।

जनवादी क्रान्तिलाई निर्णायक विजयसम्म पुऱ्याउनका निम्ति जनताको संगठित लडाकू बल प्रयोगको भूमिकालाई पनि अनिवार्य बनाउँदै नेपालमा जनवादी क्रान्ति संपन्न गर्नु संभव छ ।

◆ **नेकपा (मसाल)**

सर्वहारा वर्गको नेतृत्व हुनु पर्छ । मजदूर र किसानबीच एकता हुनु पर्छ । सामन्तवाद र साम्राज्यवाद विरूद्ध सबै मित्रशक्तिहरूको संयुक्त मोर्चा बनाउँदै अघि बढ्नु पर्छ । वर्तमानमा जनसंघर्षलाई संघर्षको प्रधान रूप बनाइनु पर्छ । मुख्य र निर्णायक संघर्षको रूप सशस्त्र संघर्षलाई बनाइनु पर्छ । स्थानीय रूपमा आधार इलाका तथा जनवादी राजनीतिक सत्ताहरूको स्थापना गर्दै, दीर्घकालीन सशस्त्र युद्धबाट केन्द्रीय रूपमा जनवादी गणतन्त्रको स्थापना गर्नु संभव छ ।

◆ **नेकपा (एकता केन्द्र)**

सर्वहारा वर्गको नेतृत्व हुनु पर्छ र मजदूर-किसानबीच एकता कायम गरिनु पर्छ । सामन्तवाद र साम्राज्यवाद विरूद्ध संघर्षरत सबै शक्तिहरूको संयुक्त मोर्चा कायम गरिनु पर्छ । संघर्षको संसदीय र गैरसंसदीय संघर्षका सबै रूपहरू अपनाउँदै अघि बढ्नु पर्छ र वर्तमानमा जनसंघर्षमा जोड दिँदै गैरसंसदीय सशस्त्र संघर्षका रूपलाई संघर्षको निर्णायक र मुख्य रूप बनाउँदै, तलबाट जनकार्य गर्दै वर्ग संघर्ष र जनसंघर्षद्वारा स्थानीय जनाधार विस्तृत पार्दै अन्ततः जनवादी गणतन्त्रको स्थापना गर्नु संभव छ ।

◆ **नेकपा (माओवादी)**

सर्वहारा वर्गको नेतृत्व हुनु पर्छ । मजदूर-किसानबीच एकता हुनु पर्छ । कृषि क्रान्तिको कार्यक्रममार्फत् ग्रामीण वर्ग संघर्ष उठाउँदै, स्थानीय रूपमा सत्ता कब्जा गर्दै तथा आधार इलाका स्थापना गर्दै, गाउँले शहर घेर्ने दीर्घकालीन जनयुद्धको कला कौशल अप्नाउँदै अघि बढ्नु पर्छ । सामन्तवाद र साम्राज्यवाद विरोधी देशभक्त जनवादी एवं वामपन्थी शक्तिहरूको संयुक्त मोर्चा बनाइनु पर्छ । यसरी वर्तमान राज्यसत्ता ध्वंश गरी जनताको जनवादी अधिनायकत्व भएको नयाँ जनवादी गणतन्त्र स्थापना गर्नु संभव छ ।

◆ **नेमकिपा**

मजदूर र किसानहरूको अगुवाई हुनु पर्छ । पूँजीवादी प्रजातन्त्रले श्रमिक वर्गलाई वर्गीय रूपले सचेत र संगठित गर्नलाई दिएका सबै छूटहरूलाई उपयोग गर्नु पर्छ । अहिले देशमा पूँजीवादी प्रजातन्त्रलाई नै संस्थागत र बलियो बनाउने कार्यलाई संघर्षको रूपमा अगाडि बढाइनु पर्छ र यसरी सामन्तवादलाई कमजोर पारी सामन्ती अवशेषहरूलाई अन्त गर्नुपर्छ । यस प्रकार तात्कालीन भौतिक परिस्थिति अनुसार चरणवद्ध ढंगले संघर्ष गर्दै समाजवादी समाज स्थापना गर्न संभव छ ।

◆ **नेकपा (संयुक्त)**

२०४६ सालको जनक्रान्तिका वाहक सबै वर्ग र तप्काहरू र तिनका प्रतिनिधि पार्टीहरूको "वाम प्रजातान्त्रिक राष्ट्रिय मोर्चा" बनाइनु पर्छ । त्यसैको नेतृत्वमा २०४६ सालमा भएको जनक्रान्तिलाई सामन्तवाद र साम्राज्यवाद विरोधी कार्यभार पूरा गर्दै वाम दिशामा उन्मुख गराउनु पर्छ । संविधानले दिएको अधिकारको प्रयोग गरी शान्तिपूर्ण जनआन्दोलनको माध्यमबाट विभिन्न चरणमा विभिन्न सहशक्तिहरूको समायोजन गर्दै वर्तमान पूँजीवादी जनवादी क्रान्तिलाई समाजवाद उन्मुख दिशामा अघि बढाइनु पर्छ । यसरी नेपालमा समाजवाद स्थापना गर्नु संभव छ ।

◆ **नेकपा (मालेमा)**

सर्वहारा वर्गको नेतृत्व हुनु पर्छ । मजदूर र किसानबीच एकता कायम गरिनु पर्छ । यसको आधारमा मजदूर, किसान, शहरी निम्नपूँजीपति, राष्ट्रिय पूँजीपति र देशभक्त जनवादी शक्तिहरूको एक व्यापक मोर्चा निर्माण गरिनु पर्छ । यस आधारमा क्रान्तिकारी वर्ग संघर्षको उपाय अप्नाउँदै अनिवार्य रूपमा सशस्त्र क्रान्तिको बाटोबाट शोषक वर्गलाई सत्ताबाट हटाएर र विद्यमान राज्ययन्त्रलाई नष्ट पारेर त्यसको ठाउँमा जनताको जनतान्त्रिक शासन व्यवस्था स्थापना गर्नु संभव छ ।

◆ **नेकपा (मार्क्सवादी)**

मजदूर वर्गको अग्रणी भूमिका हुनु पर्छ । किसान मजदूरबीच दृढ एकता कायम गरिनु पर्छ । सामन्तवाद, विदेशी एकाधिकार पूँजीवाद तथा साम्राज्यवाद विरोधी राजनीतिक दलहरू सम्मिलित "वाम तथा जनतान्त्रिक मोर्चा" निर्माण गरिनु पर्छ । २०४६ सालको जन आन्दोलनबाट प्राप्त प्रजातन्त्र र प्रजातान्त्रिक अधिकारको रक्षा र विकासका गर्दै, थप जनतान्त्रिक अधिकार प्राप्त गर्नको लागि संघर्ष गर्दै नेपालमा नयाँ जनवादी गणतन्त्र स्थापना गर्नु संभव छ ।

◆ **नेपाली कम्युनिष्ट लीग**

मजदूर वर्गको नेतृत्वमा व्यापक संयुक्त जनआन्दोलनको कभरमा सशस्त्र संघर्ष चलाउँदै, क्रान्तिकारी संघर्षलाई अघि बढाउँदै केन्द्रीय राज्य सत्ता कब्जा गर्ने रणनीति अप्नाएर यहाँ क्रान्ति संपन्न गर्नु संभव छ । यसको लागि सबै किसिमका संघर्षहरू, अर्थात् कानूनी, गैरकानूनी, संसदीय, गैरसंसदीय, शान्तिपूर्ण, हिंसात्मक संघर्ष चलाउनु जरूरी हुनेछ ।

# क्रान्तिको मुख्य दुश्मन को ?

◆ **नेकपा (एमाले)**

क्रान्तिको मुख्य दुश्मन सामन्त वर्ग, दलाल नोकरशाही पूँजीपति वर्ग, विदेशी एकाधिकार पूँजीवाद र अन्तर्राष्ट्रिय साम्राज्यवाद हुन् ।

## नेपाल कम्युनिष्ट पार्टीका संस्थापकहरू:

संस्थापनाको ४६ वर्षपछि पार्टी ९ वटा भएको छ, कसरी ?



◆ नेकपा (मसाल)

देशभित्र सामन्त, नोकरशाह र दलाल पूँजीपति वर्ग मुख्य दुश्मन हुन्, जसको प्रतिनिधित्व राजा र नेपाली कांग्रेसले गर्छन् । देशबाहिर अमेरिकी साम्राज्यवाद र त्योभन्दा पनि बेसी भारतीय विस्तारवाद नेपाली क्रान्तिको प्रमुख दुश्मन हो ।

◆ नेकपा (एकता केन्द्र)

सामन्तवाद, दलाल पूँजीवाद, नोकरशाह पूँजीवाद र साम्राज्यवाद क्रान्तिका प्रमुख दुश्मन हुन् ।

◆ नेकपा (माओवादी)

उही (नेकपा (एकता केन्द्र) को

◆ नेमकिपा

आज देशको मुख्य दुश्मन सामन्तवाद, कर्मचारी पूँजीवाद र दलाल पूँजीपति वर्ग हुन्

◆ नेकपा (संयुक्त)

सामन्तवादका पृष्ठपोषक शक्तिहरू, तस्कर र कमिशनखोर, ठूला व्यापारी पूँजीपति वर्गहरू तथा नोकरशाह भ्रष्टाचारी कमिशनखोरहरू क्रान्तिका दुश्मन हुन् ।

◆ नेकपा (मालेमा)

साम्राज्यवाद, भारतीय विस्तारवाद, देशीय सामन्तशाही तथा दलाल पूँजीवाद क्रान्तिका मुख्य दुश्मन हुन् ।

◆ नेकपा (मार्क्सवादी)

सामन्ती अधिनायकवादी, पुनरुत्थानवादी र प्रजातन्त्र विरोधी शक्ति नै क्रान्तिका मुख्य दुश्मन हुन् ।

◆ नेपाली कम्युनिष्ट लीग

भारतीय विस्तारवाद र सामन्तवाद क्रान्तिका मुख्य दुश्मन हुन् ।



*विगतमा वाम पार्टीहरूले यस्ता संयुक्त कार्यक्रमहरू थुप्रै गरेका थिए*

## नेपाली क्रान्तिका मित्रशक्तिहरु को हुन् ?

◆ नेकपा (एमाले)

किसानहरू क्रान्तिका मुख्य र निर्णायक मित्रशक्ति हुन् । सर्वहारा श्रमजीवी वर्ग क्रान्तिको नेतृत्वदायी शक्ति हो । निम्न पूँजीपति वर्गका अन्य पेशा, तहहरू क्रान्तिका भरोसायोग्य मित्रशक्ति हुन् । राष्ट्रिय पूँजीपति वर्ग, धनी किसान, देशभक्त र प्रजातान्त्रिक तत्वहरू एवं तहहरू अस्थिर चरित्र भएका क्रान्तिका मित्र हुन् । विश्व कम्युनिष्ट आन्दोलन, समाजवादी आन्दोलन, राष्ट्रिय तथा सामाजिक मुक्ति आन्दोलनहरू, लोकप्रिय जनवादी आन्दोलनहरू, पर्यावरण, शान्ति र मानव अधिकार आन्दोलनहरू, चीन, भारत र अन्य मुलुकका श्रमजीवी जनताहरू र प्रजातान्त्रिक शक्तिहरू हाम्रो क्रान्तिका भरोसायोग्य मित्र हुन् ।

◆ नेकपा (मसाल)

सर्वहारा वर्ग क्रान्तिको प्रेरक शक्ति हो । गरीब र भूमिहीन किसान मूलतः क्रान्तिका आधारभूत शक्ति हुन् । मजदूर, किसान, राष्ट्रिय पूँजीपति, राष्ट्रिय व्यापारी, मध्यम वर्ग, शहरिया मध्यम वर्ग, दस्तकार, जनपक्षीय बुद्धिजीवी, विद्यार्थी र अन्य सबै देशभक्त, जनतान्त्रिक तथा वामपन्थी शक्तिहरू नेपाली क्रान्तिका मित्र शक्ति हुन् । एशिया, अफ्रिका र दक्षिण अमेरिकामा चलिरहेका जनवादी तथा राष्ट्रिय मुक्ति आन्दोलनहरू यूरोप, उत्तर अमेरिका लगायत अन्य पूँजीवादी मुलुकहरूका सर्वहारा वर्ग र समाजवादी आन्दोलनहरू नेपाली क्रान्तिका मित्रहरू हुन् ।

◆ नेकपा (एकता केन्द्र)

मजदुर वर्ग क्रान्तिको नेतृत्वदायी शक्ति हो । किसानहरू क्रान्तिका निर्णायक मित्र शक्ति हुन् । अन्य निम्न पूँजीपति वर्ग क्रान्तिको विश्वसनीय मित्रशक्ति हो । आफ्नो श्रममा जिउने, अर्काको शोषणमा संलग्न नहुने तहका दस्तकार, साना व्यापारी, निम्न वैतनिक कर्मचारी, कालिगढ, स्वतन्त्र पेशामा संलग्न व्यवसायीहरू, विद्यार्थी, युवक, प्रगतिशील बुद्धिजीवी, शहरिया अर्ध सर्वहाराहरू, निम्न पूँजीपति वर्गहरू मित्रशक्ति हुन् । राष्ट्रिय पूँजीपति वर्ग, धनी किसान, देशभक्त र जनतान्त्रिक शक्तिहरू क्रान्तिका अस्थिर मित्रहरू हुन् । साम्राज्यवाद, उपनिवेशवाद, नव उपनिवेशवाद, जातिवाद, रंगभेद विरोधी संघर्ष र राष्ट्रिय मुक्ति आन्दोलनहरू, जनवादी र समाजवादी आन्दोलनमा संलग्न विश्वभरका जनता हाम्रो क्रान्तिका मित्रशक्ति हुन् ।

◆ नेमकिपा

मित्र शक्ति यी हुन् भनेर दस्तावेजमा स्पष्ट उल्लेख देखिन्न । तथापि, अस्पष्ट रूपमा- मजदूर, किसान, युवक, विद्यार्थी, महिला, शिक्षक, वकिल, पत्रकार, प्राध्यापक र अन्य बुद्धिजिवी र प्रवासी नेपालीलाई मित्रशक्तिका रूपमा उल्लेख गरिएको छ ।

◆ नेकपा (माओवादी)

नेकपा (एकता केन्द्र) को जस्तै

◆ नेकपा (संयुक्त)

दस्तावेजहरूमा स्पष्ट भाषामा मित्र शक्तिको उल्लेख देखिन्न, अप्रत्यक्ष रूपमा मित्र शक्तिका रूपमा निम्न वर्ग र तप्कालाई औंल्याइएको छ- मजदूर, किसान, शहरी मध्यमवर्गीहरू, बुद्धिजिवीहरू, राष्ट्रिय औद्योगिक पूँजीपतिहरू क्रान्तिका मित्र शक्तिहरू हुन् ।

◆ नेकपा (मालेमा)

सर्वहारा वर्ग र किसान वर्ग क्रान्तिका आधारभूत शक्ति हुन् । शहरी निम्न पूँजीपति वर्ग र राष्ट्रिय पुँजीपति वर्ग क्रान्तिका मित्र तथा सहायक शक्ति हुन् ।

◆ नेकपा (मार्क्सवादी)

प्राप्त दस्तावेजहरूमा मित्र शक्तिको स्पष्ट उल्लेख छैन । तर अप्रत्यक्ष रूपमा निम्न वर्ग र तप्कालाई मित्र शक्ति भनिएको छ ।

क्रान्तिको मजदूर वर्ग अग्रणीको रूपमा, मध्यम वर्ग, निम्न मध्यम वर्ग, महिला समुदाय, जाति, जनजाति, अछुत समुदाय र राष्ट्रिय पूँजीपति वर्ग क्रान्तिका मित्र शक्तिहरू हुन् ।

◆ नेपाली कम्युनिष्ट लीग

कुल जनसंख्याको अत्यधिक बहुसंख्या बनेको विशाल किसान जनसमुदाय मुख्य मित्र शक्ति हो ।

## पार्टीको अहिलेको कार्यनीति के हो ?

◆ नेकपा (एमाले)

अहिले देशको परिस्थितिलाई क्रान्तिको निम्ति अनुकूल बनाउन शक्ति संचय गर्नु र क्रान्तिकारी शक्तिलाई सुदृढ बनाउनु आजको यसको मूल कार्यनीति हो । यस कार्यनीति अन्तर्गत अहिले शान्तिपूर्ण र संसदीय घेराभित्रैबाट संघर्ष गरेर वैधानिक प्रतिस्पर्धाबाट सरकार बनाउने र त्यसबाट जनता, राष्ट्र र प्रजातन्त्रको हितमा प्रगतिशील ढंगले अधिकतम सुधार गर्ने कार्य हुनेछ ।

◆ नेकपा (मसाल)

तात्कालीक ठोस कार्यक्रमका आधारमा क्रान्तिका मित्रशक्तिहरूसित मिलेर वा एक्लै जन आन्दोलनको उठान गर्नु नै पार्टीको अहिलेको कार्यनीति हो ।

◆ नेकपा (एकता केन्द्र)

वैधानिक मंचको माध्यमबाट राष्ट्रियता, जनतन्त्र र जनजीवीकाका विविध सवालहरूमा स्थानीय रूपमा तलबाट वर्गसंघर्ष र जनसंघर्ष उठाउने कुरा नै आजको कार्यनीति हो । यी सवालहरूमा संघर्ष गर्न सहमत पार्टीहरूसंग साझा न्यूनतम कार्यक्रमका आधारमा एउटा कार्यनीतिक संयुक्त मोर्चा बनाउने नीति अपनाइनु पर्दछ ।

◆ नेकपा (माओवादी)

पार्टीले मूल रूपमा ग्रामीण क्षेत्रमा वर्ग संघर्षको विकास गर्ने, गैरकानूनी, अवैधानिक एवं ग्रामीण क्षेत्रका कामलाई प्रधानता दिंदै कानूनी, वैधानिक र शहरिया क्षेत्रका कामलाई सहायक कामका रूपमा विकास गर्ने कार्यनीति अपनाउनु पर्छ । यसका लागि वर्ग संघर्षको साधन र सत्ताको बीउको रूपमा सामन्तवाद र



माओ जयन्तीले पनि वाम नेताहरूलाई एउटै मञ्चमा ल्याउने गरेको छ

साम्राज्यवाद विरोधी देशभक्त, जनवादी एवं वामपन्थी शक्तिहरूको संयुक्त मोर्चाको कामलाई तत्काल थाल्नु पर्छ। शहरिया क्षेत्रमा पनि यस्तै संयुक्त मोर्चाको निर्माण गरी आन्दोलन संगठित पार्ने काम गर्नु पर्छ।

◆ **नेमकिपा**

देशमा अहिले पूँजीवादी प्रजातन्त्रलाई नै संस्थागत र बलियो बनाउने कार्य गर्दै पुँजीवादी प्रजातन्त्रले श्रमिक वर्गलाई वर्गीय रूपले सचेत र संगठित गर्नलाई दिएका सबै छूटहरूलाई उपयोग गर्नु यसको कार्यनीति हो।

◆ **नेकपा (संयुक्त)**

शान्तिपूर्ण जनान्दोलन र संसदीय प्रजातान्त्रिक बाटोबाट २०४६ सालको पूँजीवादी जनवादी जनक्रान्तिको सामन्तवाद र साम्राज्यवाद विरोधी कार्यभार पूरा गर्दै वाम दिशामा समाजलाई उन्मुख गराउनु अहिलेको मुख्य कार्यनीति हो। यसको निम्ति वाम प्रजातान्त्रिक राष्ट्रिय मोर्चा बनाइनु पर्छ।

◆ **नेकपा (मालेमा)**

कार्यनीति भनेर दस्तावेजमा स्पष्ट उल्लेख देखिन्न। अप्रत्यक्ष रूपमा निम्न कुरालाई पार्टीले कार्यनीति घोषित गरेको देखिन्छ- जनताका दैनिक समस्याहरूलाई लिएर आर्थिक तथा राजनैतिक संघर्षहरू संगठित गर्नु, विभिन्न वर्गका तथा जनसमुदायहरूका तात्कालीक मागहरूको लागि संघर्ष चलाउनु अहिलेको कार्यनीति हो। यसका लागि अन्य समानान्तर जनवर्गीय संगठनहरूसित मिलेर संयुक्त आन्दोलनको निर्माण र विकास गर्न कोशिश गर्नु पर्छ।

◆ **नेकपा (मार्क्सवादी)**

प्राप्त जनतान्त्रिक अधिकारहरूको संरक्षण र संवर्द्धनका लागि क्रियाशील रहँदै नेपालको वर्तमान राष्ट्रिय राजनीतिलाई सामन्तवाद तथा साम्राज्यवाद विरोधी चरित्रमा रूपान्तरित गर्दै लैजाने कार्य नै यसको आजको कार्यनीति हो।

◆ **नेपाली कम्युनिष्ट लीग**

नेपालका तात्कालीक राष्ट्रिय तथा जनसमस्याका सवालहरूलाई लिएर संयुक्त जनसंघर्षहरू गर्दै जानुका साथसाथै कम्युनिष्ट एकता हासिल गर्नमा विशेष रूपले कार्यरत रहनु यसको आजको तात्कालीक कार्यनीति हो।

## अब गरिने क्रान्तिको चरित्र के ?

◆ **नेकपा (एमाले)**
पूँजीवादी जनवादी

◆ **नेकपा (मसाल)**
पूँजीवादी जनवादी

◆ **नेकपा (एकता केन्द्र)**
पूँजीवादी जनवादी

◆ **नेकपा (माओवादी)**
पूँजीवादी जनवादी

◆ **नेमकिपा**
समाजवादी

◆ **नेकपा (संयुक्त)**
समाजवादी

◆ **नेकपा (मालेमा)**
पूँजीवादी जनवादी

◆ **नेकपा (मार्क्सवादी)**
पूँजीवादी जनवादी

◆ **नेपाली कम्युनिष्ट लीग**
पूँजीवादी जनवादी

## क्रान्तिपछि पार्टीले जनतालाई कस्तो राजनीतिक अधिकार र स्वतन्त्रता दिन चाहन्छ ?

◆ **नेकपा (एमाले)**

क्रान्तिपछि हाम्रो पार्टीले स्थापना गर्ने व्यवस्थामा जनताको जनवादी अधिनायकत्व हुनेछ। जनतालाई मन परेको दल खोल्ने र बहुदलीय प्रतिस्पर्धा गर्ने स्वतन्त्रता हुनेछ। जनतालाई प्रजातान्त्रिक मौलिक अधिकार र मानव अधिकारको संविधानमा प्रत्याभूति गरिनेछ र संविधान सर्वोच्च हुनेछ। स्वतन्त्र आवधिक निर्वाचनमा जनताले चुनेको बहुमतले सरकार चलाउने व्यवस्था हुनेछ र अल्पमत विपक्षमा रहनेछ। अदालतको निर्णय बिना कसैलाई थुन्न नपाइने व्यवस्था हुनेछ। कानूनको शासन हुनेछ। संविधान अनुरूप मनपरेको बोल्न, लेख्न, छाप्न पाइने बहुलवादी खुल्ला समाज हुनेछ। जनताको जनवादी गणतन्त्र हुनेछ। जनतालाई शोषण उत्पीडन गर्ने सामन्तवाद, दलाल-नोकरशाही पूँजीवाद र साम्राज्यवादका संपूर्ण अवशेषहरूलाई कानूनसम्मत ढंगले अन्त गरिनेछ।

◆ **नेकपा (मसाल)**

क्रान्तिपछि हाम्रो पार्टीले स्थापना गर्ने व्यवस्थामा जनताको जनवादी अधिनायकत्व हुनेछ। त्यो व्यवस्था जनताको जनवादी गणतन्त्र हुनेछ। जनतामाथि शोषण गर्ने र प्रभुत्व जमाउने सामन्तवाद, साम्राज्यवाद र विस्तारवादलाई अन्त गरिनेछ। मजदूर, किसान, जनजाति, दलित जाति तथा महिलाहरूको हक हितको सुरक्षा गरिनेछ र शोषण र असमानताको अन्त गरिनेछ।

◆ **नेकपा (एकता केन्द्र)**

क्रान्तिपछि स्थापना गरिने व्यवस्थामा जनताको जनवादी अधिनायकत्व हुनेछ। क्रान्ति विरोधी र शोषण व्यवस्थाका पक्षधर बाहेक बाँकी सबै जनसमुदायलाई आस्था बमोजिम राजनीतिक दल खोल्ने स्वतन्त्रता हुनेछ र उनीहरूलाई संपूर्ण मौलिक अधिकार प्रदान गरिनेछ। क्रान्ति विरोधी र शोषण व्यवस्थाका पक्षधर, श्रमको सम्मान नगर्नेहरू र सांप्रदायिक तत्वमाथि र संपूर्ण प्रतिगामी तत्वमाथि जनवादी तानाशाही चलाउने हक जनतालाई हुनेछ। बालिग जनतालाई गोप्य मतदानका आधारमा विधान सभाको चुनाव गर्ने र नयाँ जनवादी गणतन्त्रात्मक विधान बनाउने हक हुनेछ। हालको पेशेवर सेनाको ठाउँमा जनतालाई सशस्त्र पारी जनसमुदायको संगठित बलको विकास गरिनेछ र जनमिलीशियाको गठन गरिनेछ। सबै किसिमको शोषण, उत्पीडनबाट जनतालाई मुक्त पारिनेछ र जनतालाई शोषण विरूद्धको हक प्रदान गरिनेछ। जनतालाई काम गर्ने हक दिइनेछ। जात, धर्म, संप्रदाय, लिंगको भेदभाव अन्त गरी सबैलाई समान अधिकारको ग्यारेन्टी गरिनेछ।

◆ **नेकपा (माओवादी)**

नेकपा (एकता केन्द्र) कै हूबहू

◆ **नेमकिपा**

नेमकिपाका प्राप्त दस्तावेजहरूमा क्रान्तिपछि जनतालाई कस्तो राजनीतिक हक र स्वतन्त्रता दिइनेछ, त्यसको उल्लेख भएको देखिएन।

◆ **नेकपा (संयुक्त)**

क्रान्तिपछि जनतालाई कस्तो राजनीतिक हक र स्वतन्त्रता हुनेछ भन्ने विषयमा नेकपा (संयुक्त) को प्राप्य दस्तावेजमा कुनै उल्लेख भएको पाइएन।

◆ **नेकपा (मालेमा)**

क्रान्तिपछि पार्टीले क्रान्तिकारी जनताको जनवादी अधिनायकत्व भएको व्यवस्था स्थापना गर्नेछ। यसमा सार्वभौमसत्ता जनताको हातमा हुनेछ। अर्थात् जनताले चुनेको जनप्रतिनिधिहरूबाट बनेको व्यवस्थापिका नै सर्वोच्च राज्यशक्ति हुनेछ। जनतालाई क्षेत्रीय स्वायत्त शासनका निकाय बनाउने र त्यसका लागि प्रतिनिधि चुन्ने हक हुनेछ। धर्म, लिंग, पेशा, जात, जातीयताका आधारमा हुने सारा भेदभाव विरूद्ध जनतालाई समानताको हक हुनेछ। जनतालाई बोल्ने, लेख्ने, सभा, संगठन गर्ने स्वतन्त्रता हुनेछ। जनताआई हड्ताल गर्ने हक समेत हुनेछ। स्थायी सेनाको ठाउँमा जनसशस्त्र सेना र जनमिलिशिया गठन गर्ने हक क्रान्तिपछि जनतालाई हुनेछ। कानून बमोजिम बाहेक कसैलाई थुनछेक, गिरफ्तार र दण्ड गर्न पाइने छैन। कुनै पनि तहको सरकारी अधिकारी विरूद्ध जनतालाई उजुरी गर्ने हक हुनेछ।

◆ **नेकपा (मार्क्सवादी)**

नयाँ जनवादी क्रान्तिमा भाग लिने संपूर्ण क्रान्तिकारी वर्ग र जनसमुदायको सरकारमा सहभागी हुने हक हुनेछ। उनीहरूलाई क्रान्ति विरोधी तत्वमाथि

अधिनायकत्व कायम गर्ने अधिकार हुनेछ । उनीहरूलाई नयाँ नेपालको पुनर्निर्माणमा र सर्वाङ्गीण विकासमा सहभागी हुने हक हुनेछ ।

◆ नेपाली कम्युनिष्ट लीग

क्रान्तिपछि यो पार्टी जनतालाई अकुण्ठित जनवादी अधिकार र स्वतन्त्रता दिन चाहन्छ ।

# क्रान्तिपछि पार्टीले मजदूरहरुलाई कस्तो अधिकार र स्वतन्त्रता दिन चाहन्छ ?

◆ नेकपा (एमाले)

सर्वहारा श्रमजीवी वर्ग वैधानिक प्रतिस्पर्धाद्वारा सत्तारूढ हुनेछ । मजदूरहरूलाई आठ घण्टाभन्दा बढी काममा लाउन बन्देज गरिनेछ । जीविकाको लागि पुग्दो ज्यालादर, आवास, शिक्षा र अन्तर्राष्ट्रिय मान्यताप्राप्त संपूर्ण अधिकार र सुविधाहरू मजदूरहरूले प्राप्त गर्ने ग्यारेन्टी गरिनेछ ।

◆ नेकपा (मसाल)

मजदूर वर्ग सत्ताको मालिक हुनेछ । मजदूरहरूको न्यूनतम मजदूरी निर्धारित गरिनेछ । न्यायोचित पारिश्रमिकको ग्यारेन्टी गरिनेछ । मजदूर वर्गका संपूर्ण हितहरूको ग्यारेन्टी गरिनेछ । बाल मजदूमाथि भएको शोषणको अन्त गरिनेछ । महिला मजदूरको संपूर्ण हितको ग्यारेन्टी गरिनेछ र समान ज्यालाको व्यवस्था गरिनेछ ।

◆ नेकपा (एकता केन्द्र)

मजदूर वर्गलाई सत्ताको मालिक बनाइने छ । कामको अधिकार प्रत्येक नागरिकको आधारभूत अधिकार बनाइनेछ । मजदूरहरूको जनजीविकाको सुरक्षाको निम्ति जीवनलायक ज्याला, उचित उपचार, बसोबासको व्यवस्था, बुढेशकालमा पेन्सन, परिवारका सदस्यको शिक्षा व्यवस्था, शिशु गृह, काममा कम घण्टाको व्यवस्था गरिनेछ ।

◆ नेकपा (माओवादी)

उही, नेकपा (एकता केन्द) को जस्तै ।

◆ नेमकिपा

मजदूर वर्गलाई शासक वर्गमा उठाइनेछ । मजदूरहरूको हकको जगेर्ना गरिनेछ । औद्योगिक प्रतिष्ठानहरूको व्यवस्थापनमा मजदूर वर्गको पनि प्रतिनिधित्व गराइनेछ । मजदूरहरूले पाउने उचित ज्यालाई सबै सुविधाहरू दिइनेछ । मजदूरहरूको कामको ग्यारेन्टी र अधिकारको ग्यारेन्टी गरिनेछ ।

◆ नेकपा (संयुक्त)

नेकपा (संयुक्त) ले क्रान्तिपछि मजदूर वर्गको निम्ति कस्तो अधिकार र स्वतन्त्रता दिनेछ भन्ने विषयमा प्राप्त दस्तावेजहरूमा कतै उल्लेख देखिन्न । सबै वर्णन क्रान्तिअघि दिइने न्यूनतम सुविधाको गरि एको पाइएको छ । ती निम्न छन्ः-

उपभोक्ता मूल्य-सूचीका आधारमा हरेक वर्ष मजदूरहरूको तलव वृद्धि गरि नेछ । कृषि मजदूरको पनि आठ घण्टाको कार्यदिन र न्यूनतम ज्याला तोकिनेछ । मजदूरका बालबच्चालाई स्वास्थ्य सेवा, शिक्षा र आवास सुविधा प्रदान गरिनेछ । मजदूरहरूको जीवन बीमा र अंगभंग बीमा उद्योगपतिको खर्चमा अनिवार्य गरि नेछ । विदेशी मजदूरले परिचयपत्र लिएर दुई वर्षसम्म मात्र काम गर्न पाइने गरि नेछ ।

◆ नेकपा (मालेमा)

मजदूर वर्ग सत्ताको मालिक बन्न पुग्नेछ । औद्योगिक प्रतिष्ठानमा काम गर्ने मजदूरहरूको निम्ति ४४ घण्टाको कार्य सप्ताह, जीउन लायकको ज्याला, मजदूर यूनियन तथा हड्तालको अधिकार, औषधि उपचार, केटाकेटीको शिक्षा, बसोबास, बोनस, संचयकोष, भत्ता आदिको ग्यारेन्टी गरिनेछ । बाल मजदूरीमाथि प्रतिवन्ध लगाइनेछ र महिला मजदूरहरूलाई पुरूषसरह ज्याला, सुविधा र सुत्केरी बिदा हुनेछ ।

◆ नेकपा (मार्क्सवादी)

राज्यमा मजदूर वर्गको अग्रणी भूमिका हुनेछ । मजदूरहरूको रोजीरोटीको अधिकारको ग्यारेन्टी गरिनेछ । कारखाना व्यवस्थापनमा मजदूरहरूको युनियनको प्रतिनिधित्व गराइनेछ । दैनिक आठ घण्टा मात्र काम लगाउन पाइने गरिनेछ । मजदूरहरूलाई महंगीको अनुपातमा बाँच्नलायक ज्याला दिइनेछ । कृषि मजदूरहरूलाई पनि बाँच्नलायक ज्याला र रोजगारीको ग्यारेन्टी गरिनेछ । मजदूरहरूलाई संगठित हुने र अन्याय विरूद्ध लड्ने अकुण्ठित अधिकार हुनेछ ।

◆ नेपाली कम्युनिष्ट लीग

मजदूर वर्गलाई कम्युनिष्ट पार्टी र त्यसका नेतृत्वको कामकुराहरू चित्त नबुझेमा खुल्ला आलोचना गर्ने र हड्ताल गर्ने हक हुनेछ । यस बाहेक मजदूर वर्गलाई समाजवादी क्रान्तितर्फ अग्रसर हुने पूरा अधिकार र स्वतन्त्रता हुनेछ ।

# क्रान्तिपछि पार्टीले किसानहरुको भूमि संबन्धी समस्यालाई कसरी हल गर्न चाहन्छ ?

◆ नेकपा (एमाले)

क्रान्तिकारी भूमिसुधारको कार्यक्रमद्वारा जमीनमाथि रहेको सामन्ती भूस्वामित्वको पूर्ण रूपमा उन्मूलन गरिनेछ, अर्द्ध सामन्ती शोषणका सारा रूपहरूलाई समाप्त गरिनेछ । वास्तवविक जोताहा र भूमिहीन किसानलाई भूमिको वितरण गरिनेछ । सामन्तहरूको हद्‌वन्दीभन्दा बेसी जमीन बिनामुआब्जा जफत गरेर जोताहा, भूमिहीन र गरीब किसानलाई वितरण गरिनेछ । क्रान्तिको पक्षमा लागेकाहरू, धनी र मध्यम किसानको जमीनको भने मुआव्जा दिइनेछ ।

◆ नेकपा (मसाल)

क्रान्तिकारी भूमिसुधारद्वारा राजपरिवार, ठूला भूमिपति र गुठीको स्वामित्वमा भएको जमीन तथा कृषि औजारहरू बिना मुआब्जा जफत गरेर भूमिहीन, गरीब र निम्न मध्यम किसानमा वितरण गरिनेछ । जसको जोत उसको पोत नीति लागू गरिनेछ । सामन्त वर्गले उपभोग गरिरहेका सबै विशेष सुविधा र शोषणका सबै रूपहरूको अन्त गरिनेछ । किसानहरूको आधारभूत हितमा बाधा नपुग्ने गरी धनी किसानको हितको संरक्षण गरिने छ ।

◆ नेकपा (एकता केन्द्र)

क्रान्तिकारी भूमिसुधारद्वारा भूमिमा आधारित सामन्ती शोषणको अन्त गरिनेछ । उत्पादनका आधारभूत साधनमाथि श्रमजीवी कृषकको वास्तविक स्वामित्व स्थापना गरिनेछ । राजा, राजपरिवार लगायत सबैखाले भूमिपतिहरूको विशेषाधिकार र भूस्वामित्व बिना मुआब्जा जफत गरिनेछ । भूमिमाथिको दोहोरो स्वामित्व

क. पद्मरत्न तुलाधर, क. लिलामणि पोखरेल, क. बाबुराम भट्टराई, क. मदन भण्डारी र क. पम्फा भुसाल : एउटै थलोमा बातचित :

***अब एउटा सम्झना मात्र बाँकी***



अन्त गरी जोताहा किसानलाई जमीनको मालिक बनाइनेछ। धार्मिक र गूठी स्वामित्वमा रहेका संपूर्ण जमीन राष्ट्रियकरण गरिनेछ र धार्मिक प्रतिष्ठानका लागि आवश्यक संचालन खर्च सरकारी कोषबाट व्यहोरिनेछ। अन्य किसानको हितमा बाधा नपर्ने गरी धनी किसानको हितको संरक्षण गरिनेछ।

◆ **नेकपा (माओवादी)**

उही, नेकपा (एकता केन्द्र) को हूबहू।

◆ **नेमकिपा**

एक एक पाइला गरेर सामन्ती शोषणबाट किसानहरूलाई मुक्ति दिलाइनेछ। जमीन जोत्नेको नीति लागू गरिनेछ। गुठी जग्गा रैकरमा परिणत गरिनेछ। खेतीमा भएको जनसंख्या र पूँजीको भारलाई उद्योग र सेवामा लगाइनेछ। पुरानो ढंगको खेतीपातीको ठाउँमा नयाँ ढंगको वैज्ञानिक खेती गरिनेछ।

◆ **नेकपा (संयुक्त)**

मोहीको पक्षमा जग्गामा रहेको द्वैध स्वामित्व अन्त गरिनु पर्छ। जग्गाको स्वामित्वको वर्तमान हदवन्दीलाई ५०% घटाएर बेसी भएको जमीन भूमिहीन किसानलाई बाँडिनु पर्छ। आमूल परिवर्तनकारी भूमिसुधार गरिनु पर्छ।

◆ **नेकपा (मालेमा)**

क्रान्तिकारी भूमिसुधार गरेर भूमिमा सामन्ती संबन्धलाई निर्मूल पारिनेछ। शाही परिवार, मठमन्दिर, ठूला सामन्तहरूको जमीन बिनामुआब्जा अधिग्रहण गरी जमीन जोत्नेको सिद्धान्त अनुसार गरीब किसान कमिटीमार्फत् गरीब सुकुम्बासी तथा मोही किसानहरूमा मुफ्त वितरण गरिनेछ।

◆ **नेकपा (मार्क्सवादी)**

"जमीन जोत्नेको" गरिनेछ। जमीनमा सामन्ती स्वामित्व खतम हुने गरी हदवन्दी लगाइनेछ। क्रान्तिकारी भूमिसुधार गरिनेछ।

◆ **नेपाली कम्युनिष्ट लीग**

ठूला ठूला सामन्तहरूको जग्गा जमीनलाई बिना मुआब्जा जफत गरी, स-साना जग्गावालहरूको जग्गा जमीन बजारभाउ मुताविक अधिग्रहण गरी "जमीन जोत्नेका" को सिद्धान्तका आधारमा गाउँ गाउँमा किसान कमिटी खडा गरी तिनीहरूमार्फत् गरीब तथा भूमिहीन किसानहरूमा वितरण गरिनेछ। सहयोगी तथा सामूहिक खेती व्यवस्था बसालेर भूमि तथा खेती समस्या हल गरिने छ।



महंगी विरूद्धको राँके जुलूस के अब पनि एक्लै मात्रै गर्ने ?

## पार्टीले क्रान्तिद्वारा महिलाहरुलाई कस्तो अधिकार र स्वतन्त्रता दिन चाहन्छ ?

◆ **नेकपा (एमाले)**

पैतृक संपत्तिमा छोरा र छोरीको बराबर हक स्थापना गर्न चाहन्छ। महिला पुरूषबीच समान कामको लगि समान ज्याला लागू गर्न चाहन्छ। राष्ट्रिय र सामाजिक जीवनका सबै क्षेत्रमा महिला र पुरूषबीच पूर्ण समानताको अधिकारको ग्यारेन्टी गर्न चाहन्छ। राजनैति, आर्थिक र सामाजिक जीवनका हरेक क्षेत्रमा महिलाहरूको सक्रिय सहभागिता बढाउँदै लैजान चाहन्छ।

◆ **नेकपा (मसाल)**

महिलाहरूलाई संपत्तिमाथि पूरा अधिकार दिन चाहन्छ। सबै क्षेत्रमा पुरूषसरह समान अधिकार प्रदान गर्न चाहन्छ। महिला मजदूरहरूलाई समान कामको लागि समान ज्याला दिन चाहन्छ।

◆ **नेकपा (एकता केन्द्र)**

छोरा र छोरीबीचको भेदभावलाई अन्त गर्न प्रभावकारी कदम चाल्न चाहन्छ। पितृसत्तात्मक उत्पीडन र सामाजिक अन्यायका सबै रूपहरूको अन्त गरी पैतृक संपत्तिमाथि छोराछोरी दुवैको समान हक कायम गर्ने कानून निर्माण गर्न चाहन्छ।

◆ **नेकपा (माओवादी)**

हुबहू नेकपा (एकता केन्द्र) को

◆ **नेमकिपा**

संपत्ति र अरू सबै मामलामा व्यावहारिक रूपमै समानता पाउने र व्यक्तित्व विकास गर्न समान अवसर पाउने अधिकार महिलाहरूलाई दिन चाहन्छ। व्यवहारमै छोरी बुहारी समान हुनु पर्छ।

◆ **नेकपा (संयुक्त)**

पैतृक संपत्तिमा छोरासरह समान हक दिन चाहन्छ। महिलाहरूलाई गरिने भेदभावको अन्त गरिनेछ। समान कामको लागि समान ज्याला दिन चाहन्छ।

◆ **नेकपा (मालेमा)**

पैतृक संपत्तिमा छोरासरह छोरीलाई पनि समान हक दिन चाहन्छ। सामाजिक, आर्थिक, राजनैतिक सबै क्षेत्रमा महिलाहरूले पुरूष-सरह अधिकार प्राप्त गरून् भन्ने चाहन्छ।

◆ **नेकपा (मार्क्सवादी)**

पितृसत्तत्मक संस्कृति अन्त गरिनु पर्छ। महिलालाई पुरूषसंगको पराश्रित अवस्थाबाट सर्वाङ्गीण रूपमा मुक्त गरी पूर्णतया आत्म निर्भर पारिनु पर्छ भन्ने चाहन्छ।

◆ **नेपाली कम्युनष्टि लीग**

महिलाहरूलाई पुरूषहरूले पाएसरह समान रूपले सबै अधिकार र स्वतन्त्रता दिन चाहन्छ।

## जनजाति र भाषाभाषीहरुलाई कस्तो अधिकार र स्वतन्त्रता दिन चाहन्छ ?

◆ **नेकपा (एमाले)**

कुनै एउटा जाति र भाषाको एकाधिकार र विशेषाधिकार अन्त गरिनेछ। सबै क्षेत्रमा समानता र जनवादी अधिकारको ग्यारेन्टी गरिनेछ।

◆ **नेकपा (मसाल)**

जातीय शोषण र असमानताको अन्त गरिनेछ। जनजाति र दलित जनजातिको हक हितको संरक्षण गरिनेछ। सबै जातिहरूलाई आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक क्षेत्रमा विकास गर्नका लागि समान अवसर प्रदान गरिनेछ।

◆ **नेकपा (एकता केन्द्र)**

कुनै खास भाषालाई राष्ट्रभाषा वा संपर्क भाषाको रूपमा स्थापित गर्नुको सट्टा भाषागत समानता, जातिगत समानताको अधिकार दिइनेछ। संपर्क माध्यमको रूपमा त्यस समयको सबैभन्दा बढी जनसमुदायलाई अनुकूल ठहरिएको भाषा प्रयोग गरिनेछ। तर त्यसलाई मात्र प्रोत्साहित गर्ने नीति छोडिनेछ। मावि स्तरमसम्म मातृ भाषामा शिक्षा प्राप्त गर्ने हक हुनेछ। पिछडिएका जाति, जनजाति र भाषाहरूको विकासको लागि विशेष प्रबन्ध गरिनेछ।

◆ **नेकपा (माओवादी)**

उही, नेकपा (एकता केन्द्र) को जस्तै

◆ **नेमकिपा**

नेपालभित्र बोलिने सबै मातृ भाषाहरू नेपालका राष्ट्रिय भाषा हुनेछन्। नेपाली भाषा माध्यम वा सरकारी भाषा हुनेछ। प्राथमिक शिक्षा आ-आफ्नै मातृ भाषामा पाउने हक दिइनेछ।

◆ **नेकपा (संयुक्त)**

मातृ भाषामा निम्न मा.वि सम्मम शिक्षा प्राप्त गर्ने व्यवस्था गरिनेछ। रेडियो टिभीमा जनजातीय भाषाहरू प्रसारण गरिनेछन्। जनजातिहरू बसोबास गर्ने क्षेत्र, स्कूल र क्याम्पसमा भाषा उत्थानको लागि विशेष कार्यक्रम संचालन गरिनेछ।

◆ **नेकपा (मालेमा)**

पिछडिएका वा अल्पसंख्यक जनजातिहरू सघन रूपमा रहेका क्षेत्रहरूमा क्षेत्रीय स्वायत्त शासनको हेक हुनेछ। एउटा जनजातिको भाषालाई दिइएको "राष्ट्र भाषा" को संवैधानिक मान्यता खारेज गरी बहुभाषा व्यवस्था

## पार्टीले क्रान्तिद्वारा उत्पीडित

# के हुन सक्छ- संयुक्त वाम आन्दोलनको

# न्यूनतम साझा कार्यक्रम ?

नेपालका अस्तित्वमा रहेका यी नौ वटा वामपन्थी पार्टीहरुका कार्यक्रम, नीति र कार्यदिशाको आधारमा विश्लेषण गर्दा उनीहरुबीच धुप्रै कुराहरुमा असमानता रहे पनि उनीहरुबीच त्यस्ता अनेकौं साझा सोचहरु पनि देखिएका छन्, जसमा उनीहरु सबैको समान समझदारी पाइएको छ ।

असहमति र असमानता रहेका बुँदाहरुमा प्रत्येक पार्टीले आ-आफ्नो मंचबाट संघर्ष कायम गर्न सक्छन् । त्यसो गरिनु पनि पर्छ । तर साझा सहमति र समानता रहेका सवालहरुमा उनीहरु किन संयुक्त भएर मुख्य दुश्मन विरुद्ध एकतावद्ध संघर्ष गर्न सक्दैनन् ? आधारभूत प्रश्न यो हो ।

हामीले आफ्नो अध्ययन र खोजबिनबाट सबै वामपन्थी समूहबीच निम्न सवालहरुमा साझा समझदारी र सहमति रहेको पाएका छौं । यसैबारेमा संबन्धित पार्टीहरु र जागरुक जनसमुदायबीच छलफल र विचार विमर्श चलोस् भनेर भविष्यमा हुन सक्ने संयुक्त क्रान्तिकारी जनआन्दोलनको लागि उक्त "जनआन्दोलनको साझा न्यूनतम कार्यक्रम" प्रस्तुत गरेका छौं । यो न्यूनतम कार्यक्रम कुनै पनि वामपन्थी पार्टी अहिलेकै संसदीय व्यवस्था मातहत नै सरकारमा गयो भने पनि त्यसले यसलाई लागू गर्न सक्छ र त्यो संपूर्ण वामपन्थी शक्तिको समर्थन प्राप्त साझा कार्यक्रम हुन सक्छ भन्ने हाम्रो ठम्याई छ । त्यो नहुँदाको स्थितिमा पनि यो कार्यक्रम संपूर्ण वामपन्थी शक्तिहरुले तत्काल क्रान्तिकारी आन्दोलन उठान गर्नको लागि साझा सहमतिको विषय हुन सक्छ भन्ने हामीलाई लागेको छ ।

खोजबिनको दौरानमा हामीले के भेट्टायौं भने, नेपालमा साम्राज्यवादी र सामन्तवादी उत्पीडन र शोषण कायम छ, त्यो पूर्णतः उन्मूलन हुनु पर्छ भन्ने सवालमा संपूर्ण वामपन्थी समूहहरुको साझा र एउटै समझदारी छ ।

नेपालमा पूँजीवादी-जनवादी क्रान्ति पूरा भइसकेको छैन र त्यो संपन्न गर्नुपर्छ भन्ने सवालमा पनि सबैको सोच एउटै छ । फरक खाली पूँजीवादी जनवादी क्रान्तिलाई के नामाकरण गर्ने र संघर्षको मुख्य रुप के हुने भन्ने कुरामा देखिन्छ । तथापि जनसंघर्षको उठानमा कसैको असहमति देखिन्न ।

यो स्थितिमा नेपालमा "साम्राज्यवाद र सामन्तवादको शोषण उत्पीडनको उन्मूलन" संपूर्ण वामपन्थी शक्तिहरुको संयुक्त संघर्षको आम कार्यक्रम हुन संभव छ । र, तल दिइएको ठोस कार्यक्रम उनीहरुको क्रान्तिकारी जन-आन्दोलनको साझा न्यूनतम कार्यक्रम हुन सक्छ । देशका सबै देशभक्त र प्रजातान्त्रिक तत्वहरुले यो कार्यक्रममा साथ दिन सक्छन् ।

यो परिप्रेक्ष्यमा नेपालमा साम्राज्यवाद र सामन्तवाद विरोधी, देशभक्त, प्रजातान्त्रिक र वामपन्थी शक्तिहरुको संयुक्त मोर्चा बिलकूलै संभव र अत्यावश्यक देखिएको छ । त्यो मोर्चाको नेतृत्वमा यी न्यूनतम कार्यक्रमको आधारमा जनसंघर्षबाट सशक्त जनउभार पैदा गर्न सकियो भने-नेपालमा पूँजीवादी जनवादी क्रान्तिलाई सामाजिक जगसम्म विस्तार गर्न र धेरै हदसम्म संपन्न गर्न संभव छ ।

यही उद्देश्यले हामीले आम विचार विमर्श र छलफलका लागि "जनआन्दोलनको साझा न्यूनतम कार्यक्रम" प्रस्तुत गरेका छौं । आशा छ, यसबारे गंभीर छलफल हुनेछ र हामीले तपाईंहरुबाट ती छलफलका निष्कर्षहरु पत्राचार वा अन्य भरपर्दो संपर्क माध्यममार्फत् प्राप्त गर्नेछौं ।

## साझा सहमतिको विषय र आम संघर्षको कार्यक्रम

नेपालमा साम्राज्यवाद र सामन्तवादका तमाम उत्पीडन र शोषणहरुको उन्मूलन र यसको लागि पूँजीवादी जनवादी क्रान्तिको सामाजिक जगसम्म विस्तार । यसको लागि संयुक्त जनआन्दोलनको उठान ।

## "जनआन्दोलनको साझा न्यूनतम कार्यक्रम"

१. नेपालको राष्ट्रिय हित विपरीत रहेका सबै असमान र अन्यायपूर्ण सन्धि संझौताहरुको खारेजी । समानता, आपसी हित र पंचशीलको सिद्धान्तका आधारमा सबैसित शान्तिपूर्ण मैत्री संबन्धको स्थापना ।

२. संविधानमा बाँकी अप्रजातान्त्रिक अवशेषहरु र निरकुंश प्रावधानहरुको अन्त ।

३. क्रान्तिकारी भूमिसुधारद्वारा नेपालमा सामन्ती भूस्वामित्व र द्वैध-स्वामित्वको उन्मूलन । जमीनमा वास्तविक जोताहा र भूमिहीन किसानको स्वामित्वको स्थापना ।

४. छोरीलाई छोरासरह संपत्तिको अधिकार, सामाजिक जीवनको हरेक फाँटमा महिलाहरुलाई पुरुषसरह समान अधिकार ।

५. एक जाति र एक भाषा विशेषाधिकारको अन्त । सबै जनजाति र भाषाहरुलाई समानताको अधिकार ।

६. एक धर्म विशेषाधिकारको अन्त । प्रत्येक नागरिकलाई आफ्नो विश्वास अनुसारको धर्म मान्ने स्वतन्त्रता ।

७. स्वाधीनता, स्वतन्त्रता र राष्ट्रिय हितमुखी अर्थतन्त्र र औद्योगीकरण कार्यक्रम । सार्वजनिक जीवनका लागि महत्त्वपूर्ण र आधारभूत उद्योग, व्यवसाय र सेवामा राज्यको स्वामित्व । ❑




लागू गरिनेछ । व्यवस्थापिका र अदालतमा सबैले आ-आफ्नो मातृ भाषामा बोल्न पाउनेछन् । सबैलाई आफ्नो मातृ भाषामा शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ । द्विसदनात्मक व्यवस्था गरेर माथिल्लो सदनलाई जनजाति सभा बनाइनेछ ।

◆ **नेकपा (मार्क्सवादी)**

सबै जातिको भाषा लिपी, संस्कृतिको संरक्षण र विकास गर्न ध्यान दिइनेछ । जनजातिहरू बसोबास गर्ने इलाकाहरूमा विकासका ठोस योजनाहरू संचालन गरिनेछ । जनजातिहरूलाई जंगी तथा निजामती सेवामा समान अवसर दिइनेछ । ज्यादै पछौटे र लोप हुन लागेका जनजातिका लागि विशेष योजना संचालन गरिनेछ ।

◆ **नेपाली कम्युनिष्ट लीग**

पार्टीले स्थापना गर्ने राज्यमा कुनै पनि जाति, जनजाति वा तिनीहरूको भाषालाई विशेषाधिकार दिइने छैन । यो राज्यले सबै जाति, जनजाति वा भाषाहरूलाई समान अधिकार दिन चाहन्छ ।

## तपाईंको पार्टीले स्थापना गर्ने खोजेको राज्यले धर्म संबन्धमा कस्तो नीति अप्नाउने छ ?

◆ **नेकपा (एमाले)**

कुनै पनि एउटा धर्मको एकाधिकारलाई अन्त्य गरी सबैलाई धार्मिक स्वतन्त्रता र समानता प्रदान गर्ने नीति अप्नाउने छ ।

◆ **नेकपा (मसाल)**

धर्मको नाममा हुने शोषण, उत्पीडन अन्त गर्नेछ । सबैलाई धार्मिक स्वतन्त्रता प्रदान गर्नेछ । धार्मिक गूठीहरूको जमीनमाथिको स्वामित्वलाई अन्त गरिनेछ । धार्मिक महत्त्वका मन्दिर, मूर्ति, ग्रन्थहरूको वा अन्य वस्तुको राज्यले संरक्षण गर्नेछ ।

◆ **नेकपा (एकता केन्द्र)**

कुनै खास धर्मको एकाधिकारको अन्त गरी धर्म निरपेक्ष राज्यको स्थापना गर्नेछ । सबैलाई धार्मिक स्वतन्त्रता दिइनेछ ।


◆ **नेकपा (माओवादी)**

हूबहू नेकपा (एकता केन्द्र) को जस्तै ।

◆ **नेमकिपा**

धर्मलाई राज्यले नागरिकहरूको व्यक्तिगत विश्वासको विषय बनाउने छ ।

बाँकी ३८ पेजमा




# इटालीमा बाम सरकार !

## नयाँ सरकारको स्वरुप र कार्यक्रमको चिरफार

राजेन्द्र महर्जन

- ❑ इटालीको नयाँ सरकारका नीति र कार्यक्रमहरू कस्ता छन् ?
- ❑ पीडीएस र रिफाउण्डेशन कम्युनिष्ट आन्दोलनको विगत र वर्तमानको लेखाजोखा

११ महिनामा एक पटक भ्रष्टाचारको कारणले सरकार पतन हुने देश इटालीमा माफिया गिरोहहरूद्वारा संचालित भ्रष्ट पूँजीवादी शासकहरूदेखि वाक्क-दिक्क भएका इटालीका जनताले वामपन्थीहरूलाई यस पटकको चुनावमार्फत् इटालीको पूँजीवादी सत्ता संचालन गर्ने जिम्मा दिएका छन् । चुनावमा नव फासीवादी, पृथकतावादी र भ्रष्ट पूँजीवादी शक्तिहरूलाई पराजित गरी वामपन्थीहरूले इटालीको सरकार चलाउन लागिरहेको यस अवसरमा चारैतिर वाम-विजयको हर्ष-बढाइँ चलिरहेको छ ।

इटालीको चुनावमा वामपन्थीहरूको यो विजयको अवसरमा भइरहेको हर्ष-बढाइँको चर्को आवाजले गर्दा इटालीका वामपन्थीहरूको पृष्ठभूमि, विचार र व्यवहारबारे सोधखोज गर्ने र वाम सरकारको स्वरूप र नीति एवं कार्यक्रमबारे चिन्तन-मनन गर्ने महत्त्वपूर्ण कार्य पछाडि धकेलिएको महसुस भइरहेको छ । वाम विजयको यो हर्ष-बढाइँकै बीच यस विषयमा अलिकति सोधखोज र चिन्तन गर्ने प्रयास यहाँ गरिदैछ ।

यूरोपको सभ्यताको केन्द्रको रूपमा चर्चित शहर- रोमलाई राजधानी बनाएर बसिरहेको इटालीमा गत वैशाख ९ गते भएको आम चुनावमा वामपन्थी पार्टी- **कम्युनिष्ट रिफाउण्डेशन अफ इटाली** र मध्य वाममार्गीहरूले बहुमत ल्याएका छन् । मध्य वाममार्गीहरूको संयुक्त गठबन्धन **'ओलिभ ट्री गठबन्धन'** (शान्तिको प्रतीक जैतून वृक्ष नामक चुनावी गठबन्धन) ले ६ सय ३० सदस्यीय प्रतिनिधि सभामा २ सय ८४ स्थान जितेको छ । त्यस्तै ओलिभ ट्री गठबन्धनसंग चुनावी एकता कायम गर्ने कम्युनिष्ट रिफाउण्डेशन अफ इटालीले ३२ लाख मत प्राप्त गरेर प्रतिनिधि सभामा ३५ सीट र ३ सय १५ सदस्यीय माथिल्लो सभा-सिनेटमा १० सीट जितेको छ ।

ओलिभ ट्री गठबन्धन र कम्युनिष्ट रिफाउण्डेशन अफ इटालीका संसद् सदस्यहरूको संख्या जोड्दा सदनमा बहुमतभन्दा तीन सीट बढी हुन आउँछ । ओलिभ ट्री गठबन्धनका नेता- रोमानो प्रोदीको नेतृत्वमा सरकार बनाउन यसले निकै सजिलो पारेको छ ।

दोस्रो विश्वयुद्ध पछाडिको इटालीको ५५ औं सरकारका प्रधानमन्त्री रोमानो प्रोदीको ओलिभ ट्री गठबन्धनमा मूलतः पूर्व कम्युनिष्ट पार्टी- **डेमोक्रेटिक पार्टी अफ द लेफ्ट (PDS)** को ठूलो मात्रामा सहभागिता हुने भएको छ । उक्त गठबन्धनमा पीडीएसदेखि लिएर **पपुलर पार्टी**, निवर्तमान प्रधानमन्त्री लाम्बार्टो डिनीको **इटालीयन रिन्यूअल पार्टी**, अर्थशास्त्रका पूर्व प्राध्यापक, क्याथोलिक धर्मावलम्बी एवं क्रिश्चियन डेमोक्रेट रोमानो प्रोदी नारीवादीहरू, वातावरणवादीहरू- ग्रीन्सहरू पनि सम्मिलित छन् ।

पूर्व कम्युनिष्ट पार्टी पीडीएसले यस चुनावमा सबैभन्दा बढी २१ प्रतिशत मत (७९ लाख मत) हासिल गरी संसद्मा सबैभन्दा ठूलो दलको हैसियत प्राप्त गर्न सफल भएको छ । यसले स्थानीय निकाय र मेयरहरूको चुनावमा पनि ओलिभ ट्री गठबन्धनमार्फत् निकै राम्रो परिणाम ल्याएको थियो । यो गठबन्धनले सर्वप्रथम दुई वर्ष अगाडि १५ क्षेत्रीय एसेम्बलीमध्ये ९ वटामा कब्जा गरेको थियो । त्यस्तै गत वर्षको प्रान्तीय र मेयरहरूको चुनावमा पनि ७६ प्रान्तहरूमध्ये ६४ मा एवं ३५ प्रान्तीय राजधानीहरूमध्ये २५ वटामा यसले आफ्नो विजयको झण्डा गाडेको थियो । प्रतिनिधि सभामा पीडीएस र वातावरणवादीहरूको सदस्य संख्या पहिले नै १ सय ६४ थियो । ती चुनावहरूमा पनि अग्रिम पंक्तिमा रहेर सबैभन्दा ठूलो पार्टीको रूपमा स्थापित पीडीएसले अहिले मध्य वाममार्गी सरकारमा पनि महत्त्वपूर्ण भूमिका खेल्दैछ ।



## पीडीएसको पृष्ठभूमि

वामपन्थीहरू र मध्य-वाममार्गीहरू इटालीमा दोस्रो विश्व युद्धपछि प्रथम पटक पूँजीवादी राज्यसत्ता अन्तर्गतको सरकारमा हालै आसीन भइरहेका छन् । स्मरणीय छ, यसअघि सन् १९२० मा भएको सशस्त्र मजदूर आन्दोलनको बेला पनि सोशलिष्ट पार्टीभित्रका वामपन्थीहरूले इटालीको सत्ता नै कब्जा गर्न खोजेका थिए । तर सोशलिष्ट पार्टीका नेताहरूको कायरताले गर्दा सत्तामाथि रातो झण्डा गाड्ने काम असफल भएको थियो । त्यसपछि फासीवादका प्रसिद्ध नायक मुसोलिनी साम्राज्यवादी मुलुकहरू, विशेषतः अमेरिकाको समर्थन र सहयोगमा इटालीमा सत्तासीन भएका थिए ।

मुसोलिनीको २० वर्ष लामो फासीवादी शासनमा दमित, उत्पीडित वामपन्थीहरूले दोस्रो विश्वयुद्धमा फासीवाद विरोधी सशस्त्र जनसंघर्षको नेतृत्व गरेका थिए । प्रतिरोधको क्रममा वामपन्थीहरूले फासीवादका प्रतिपादक तानाशाह मुसोलिनीलाई गिरफ्तार गरेर मृत्युदण्डको सजाय दिएका थिए । यस घटनापछि वामपन्थीहरू १९४५ देखि १९४७ सम्म दक्षिणपन्थी क्रिश्चियन डेमोक्रेटिक पार्टीको नेतृत्वमा संचालित संयुक्त सरकारमा समेत आसीन भएका थिए ।

त्यस्तै १९४८ को चुनावमा सोशलिष्ट पार्टीसंग चुनावी एकता कायम गर्दै झण्डै झण्डै सरकारमा जान लागेका वामपन्थीहरूलाई अमेरिकी साम्राज्यवादले खुला रूपमा चर्च, पैसा, प्रचार-प्रसार यन्त्र र सैनिक शक्ति प्रयोग गरी हटाइछोडेको थियो । आफ्ना सहकर्मी मुसोलिनीको हत्यापश्चात् अमेरिकाले पूँजीवादी पार्टी- **क्रिश्चियन डेमोक्रेटिक पार्टी**लाई सरकारमा राखीछाड्न साम-दान, दण्ड, भेद आदि सबै हतियार प्रयोग गरेको थियो ।

साम्राज्यवादीहरूको यो हस्तक्षेपपछि त्यसको मुकाविला गर्नका लागि सडक र सदनलाई परिचालन गर्नेतिर, मार्क्सवाद-लेनिनवादले सुसज्जित मजदूरहरूको लडाकू पार्टी, बनाउनेतिर र पेशेवर क्रान्तिकारी नेता र कार्यकर्ताको विशाल फौज निर्माण गर्नेतिर इटालीको कम्युनिष्ट पार्टी (PCI) ले ध्यान नै दिएन । बरू त्यसको ठीक उल्टो, यसले मार्क्सवाद-लेनिनवादको सिद्धान्त जप्दै बढ्दो मजदूर-किसान संघर्षलाई नेतृत्वविहीन स्थितिमा छोडीदिने, पार्टीलाई भीडहरूको पार्टीमा बदल्ने (यस क्रममा पार्टी सदस्यता संख्या १५ लाख पुऱ्याइयो ।) र संसदीय संघर्षहरू- संसदीय चालवाजी, दाउपेज र कुटनीतिमै मात्र सीमित हुने गर्न थाल्यो । इटालीको कम्युनिष्ट पार्टीको मूल ध्येय नै क्रान्ति गर्नुभन्दा जसरी भए पनि सरकारमा जाने हुंन थाल्यो ।

पूँजीवादी सत्ता अन्तर्गतको सरकारमा जाने ध्याउन्नमा पार्टीले १९७६ तिर त दक्षिणपन्थी क्रिश्चियन डेमोक्रेटिक सरकारलाई समेत सहयोग र समर्थन गऱ्यो । यस क्रममा १९७६ को आम चुनावमा क्रिश्चियन डेमोक्रेटिक पार्टीको भन्दा ४ प्रतिशत मात्र कम अर्थात् ३४ प्रतिशत मत हासिल गर्न सफल यस कम्युनिष्ट पार्टीले सशक्त प्रतिपक्षको भूमिका खेल्नुको सट्टा त्यस पूँजीवादी पार्टीसंगै "ऐतिहासिक संभौता" गरी तथाकथित 'राष्ट्रिय एकताको सरकार' मा समेत भागबण्डा गऱ्यो । पछि त्यसले आधी-आधी भाग मागेपछि र संयुक्त सरकार बनाउने माग गरेपछि भंग भएको त्यो 'ऐतिहासिक संझौता' ले इटालीको कम्युनिष्ट पार्टीलाई निकै क्षतिग्रस्त पाऱ्यो ।

ठीक त्यही बेला इटालीयन कम्युनिष्ट पार्टीले फ्रान्स र स्पेनको कम्युनिष्ट पार्टीसंग मिलेर कम्युनिष्ट आन्दोलनलाई सोभियत प्रभुत्वबाट मुक्त गर्ने नाममा 'यूरो कम्युनिज्म' को सिद्धान्त विकास गऱ्यो । स्मरणीय छ, संकटग्रस्त पूँजीवादले आफ्नो संकट मोचन गर्ने सुरक्षा कवचको रूपमा विकास गरेको सामाजिक जनवादी (Social Democracy) को विचारसंग धेरै मिल्ने 'यूरो कम्युनिज्म' को सिद्धान्तले पूँजीवादलाई क्रान्तिद्वारा अन्त गरेर समाजवाद स्थापना गर्ने होइन, पूँजीवादलाई शान्तिपूर्ण बाटोबाट क्रमिक सुधार गरेर टिकाउने कुराको वकालत गर्छ । विश्व कम्युनिष्ट आन्दोलनमा दक्षिणपन्थी संशोधनवादी सिद्धान्तको रूपमा आलोचित यस सिद्धान्तले इटालीयन कम्युनिष्ट पार्टीलाई झनै दक्षिणपन्थतिर घचेट्यो ।

यूरोपमा नराम्ररी असफल भएको 'यूरो कम्युनिज्म' को सिद्धान्तका प्रतिपादकहरूमध्ये एक एनरिको बेर्लिंग्वेरको मृत्युपछि १९८६ मा भएको यस पार्टीको प्रथम असाधारण महाधिवेशनले मार्क्सवाद-लेनिनवादलाई पूर्णतः परित्याग गऱ्यो । 'जडसूत्रवाद' को विरोध गर्ने नाममा यसले वर्ग संघर्ष र क्रान्तिको समेत विरोध गर्दै, अमेरिकी साम्राज्यवाद-विरोधी संघर्ष पनि नगर्ने घोषणा गऱ्यो । यसरी इटालीको कम्युनिष्ट पार्टी मार्क्सवाद-लेनिनवादविहीन कम्युनिष्ट पार्टी (!) बन्यो ।

यो घटनापछि इटालीको कम्युनिष्ट पार्टीले आफ्नो कम्युनिष्ट साइन बोर्डलाई पनि धेरै दिनसम्म राखीराख्नु आवश्यक ठानेन । १९९१ को जनवरीमा जब चारैतिर कम्युनिष्ट आन्दोलन विरोधी बहुदलीय पूँजीवादी प्रजातन्त्रको तूफान चलिरहेको थियो, त्यतिखेर भएको पार्टी महाधिवेशनमा आफ्नो पार्टीको पहिलेको नाम फेरेर यसले डेमोक्रेटिक पार्टी अफ लेफ्ट (PDS) को नाम राख्ने कुरो ६० प्रतिशतको बहुमतले पारित गऱ्यो । आफ्नो पार्टीको हँसिया-हथौडासहितको रातो झण्डाको सट्टा अब यसले सामान्य रूपमा बज्राँठ (सिन्दूरको रूख -Oak Tree) लाई पार्टी प्रतीकको रूपमा स्थापित गऱ्यो । र, पछि यो सामाजिक जनवादी अन्तर्राष्ट्रिय संगठनको सोशलिष्ट इन्टरनेशनलमा समेत सहभागी भयो ।

आफ्नो नाम, काम एवं लक्ष्यको परिवर्तनपछि हालै यसले सामाजिक जनवादी सिद्धान्त अँगालेर पूँजीवादी-साम्राज्यवादीहरूको स्वार्थमा कुनै हानी नोक्सानी गर्नुको सट्टा आफ्ना पुराना सहकर्मीहरू- आणविक हतियार विरोधीहरू, वातावरणवादीहरू र नारीवादी समूहहरूका साथै सोशलिष्टहरू, इटालीयन रिन्यूअल पार्टी र केही क्रिश्चियन डेमोक्रेटहरू एवं क्याथोलिक धर्मावलम्बीहरूसंगै चुनावी एकता कायम गरी सरकार बनाउन पहलकदमी गरेको हो । यो पहलकदमीमा ऊ सफल पनि भयो । यस सफलतापछि पीडीएस पार्टी रोमानो



**नव फासीवादीहरु र दक्षिणपन्थीहरुका नेताहरु सिल्भियो बर्लुस्कोनी र गियान फ्रान्को फिनी**

## इटाली : संक्षिप्त चिनारी



- **जनसंख्या** : ५ करोड ७४ लाख
- **जनसंख्या वृद्धि दरः** ०.२%
- **साक्षरता** : ९७.४%
- **शहरी जनसंख्याको अनुपातः** ७०%
- **सरदर आयु अपेक्षा** : ७८ वर्ष
- **कुल घरेलु उत्पादन** : १० खरब ६४ अरब अमेरिकी डलर
- **कुल घरेलु उत्पादन वृद्धिदर** : २.३%
- **औद्योगिक उत्पादन वृद्धिदर** : ३.८%
- **कुल विदेशी ऋण** : ८८ अरब अमेरिकी डलर
- **बेरोजगार जनसंख्या** : १२.६%
- **महँगी वृद्धिदरः** ४.५%
- **ज्याला/आय वृद्धिदरः** ४.०%
- **प्रति डाक्टर जनसंख्याः** १९५
- **प्रति टेलिफोन जनसंख्याः** १.९

स्रोतः *The Economist, London, April 20, Asiaweak, Hongkong, April 26, 1996*

प्रोदीको नेतृत्वमा संचालित 'ओलिभ ट्री गठबन्धन' मार्फत् अहिले इटालीको कुर्सीमा आसीन भएको छ।

## कम्युनिष्ट रिफाउण्डेशन अफ इटालीको इतिहास

ओलिभ ट्री गठबन्धनको सरकारलाई सहयोग र समर्थन गरिरहेको 'कम्युनिष्ट रिफाउण्डेशन अफ इटाली' अहिले इटालीको सरकार-समीकरणको सन्तुलन गर्ने 'साँचो (Key)' पार्टीको रूपमा विकसित भएको छ। आफ्नो समर्थन र सहयोग फिर्ता लिनासाथ रोमानो प्रोदीको मध्यवाममार्गी सरकारलाई कुर्सीबाट फ्याँक्नसक्ने हैसियत बोकेको यो वामपन्थी पार्टीको निर्माणको क्रम १९९१ को फेब्रुअरीबाट मात्रै शुरू भएको हो।



**१९७६ को जुनमा भएको इ.क.पा.को जुलूसमा सहभागी वृद्धहरु जोशिलो लालसलाम गर्दैछन् ।**



**इ.क.पा.को नाम र काम फेर्ने पीडीएसका पूर्व महासचिव अशिले ओचेटो**

इटालीको कम्युनिष्ट पार्टी (PCI) को नाम र काम फेर्नका लागि बोलाइएको १९९१, जनवरीको पार्टी महाधिवेशनमा बहुमतको शक्ति प्रयोग गरी पार्टीको नाम पीडीएस राख्ने र हँसिया-हथौडासहितको रातो झण्डा फ्याँक्ने काम हुँदा त्यसको विरोधमा बोल्ने वामपन्थी प्रतिनिधिहरूले नै यो पार्टीको निर्माणको क्रम शुरू गरेका थिए।

उनीहरूले १९९१ को फेब्रुअरीमा नयाँ मार्क्सवादी-लेनिनवादी कम्युनिष्ट पार्टी स्थापना गर्ने घोषणा गरेका थिए। आफ्नो समूहलाई पार्टीको रूपमा भन्दा पनि एउटा आन्दोलनको रूपमा व्याख्या गर्ने यसका नेताहरूले यसको नाम यसरी राखेका थिए- Party for the Refoundation of Communists in Italy (PRCI) अर्थात् **इटालीमा कम्युनिष्टहरुको पुनर्स्थापनार्थ खोलिएको पार्टी** !

छोटोमा, इटालीयन रिफाउण्डेशन कम्युनिष्ट पार्टीको रूपमा चर्चित यस आन्दोलनले आफ्नो संघर्षको शुरूवातको क्रममा इटालीमा कम्युनिष्ट पार्टी स्थापना गर्ने, मार्क्सवाद-लेनिनवाद एवं सर्वहारा अन्तर्राष्ट्रवादको झण्डा उठाउने र क्रान्तिद्वारा पूँजीवादी राज्यसत्तालाई फ्याँकेर साम्यवादी शासन स्थापना गर्ने आफ्नो उद्देश्य रहेको कुरो प्रचारमा ल्याएको छ।

**कम्युनिष्ट रिफाउण्डेशन आन्दोलन** अर्थात् साम्यवाद पुनर्स्थापना आन्दोलन आफैमा कुनै संगठित कम्युनिष्ट पार्टीको रूपमा विकसित भइसकेको देखिंदैन। ग्रेट ब्रिटेनको कम्युनिष्ट पार्टी (CPGB) को मुखपत्र Weekly Worker का अनुसार यो विभिन्न वामपन्थी समूहहरू र प्रवृत्तिहरूको साझा मञ्चको रूपमा रहेको आन्दोलन हो। कम्युनिष्ट पार्टी भनेको त दृष्टिकोणमा एकरूपता भएका र एउटै लक्ष्य भएका मार्क्सवाद-लेनिनवादको वैचारिक सिद्धान्त अंगाल्ने जुझारू कम्युनिष्टहरूको पार्टी हो। यो मापदण्डबाट रिफाउण्डेशन आन्दोलन त्यति उच्च र उन्नत स्तरसम्म विकसित भइसकेको पार्टीको रूपमा देखिएको छैन। यस अर्थमा यो मार्क्सवाद-लेनिनवादप्रति आस्थावान रहेको दावी गर्ने वामपन्थी नेता-कार्यकर्ताहरूको भ्रूण-पार्टी हो भन्नु बढी सटीक हुन्छ।

इटालीमा असली कम्युनिष्ट पार्टी स्थापना गर्ने उद्देश्य भएको यो वामपन्थी आन्दोलनले इटालीमा साम्यवाद विरोधी प्रचार अभियानलाई चिर्दै, मजदूर, विद्यार्थी एवं प्रवासीहरूबीच आफ्नो प्रभाव विस्तार गर्दै लाँदैछ। यसले १९९३ को अक्टोबरभित्र मात्रै १ लाख २१ हजार पार्टी सदस्य बनाइसकेको खबर छ।

**'वामपन्थी विकल्पको लागि एउटै कम्युनिष्ट शक्ति निर्माण गरौं'** भन्ने नारासहित चुनावी संघर्षमा ओर्लिएको यो आन्दोलनले नवफासीवादी, पृथकतावादी र पूँजीवादी शक्तिहरूभन्दा थोरै मात्र भए पनि भिन्न शक्तिको रूपमा देखा परेका पीडीएस जस्ता वामपन्थी र मध्यवाममार्गीहरूसंग दुई

# सामाजिक जनवाद वा प्रजातान्त्रिक समाजवाद भनेको के हो?

**यो एउटा सुधारवादी विचारधारा हो। श्रमिक वर्गमाथि पूँजीपति वर्गको शोषण, निजी संपत्ति र समाजमा पूँजीपति वर्गको हालीमुहाली जस्ता पूँजीवादी समाजको जग र त्यसका मुख्य सारहरुलाई ज्यूँका त्यूँ बाँकी राखेर यसका रुपहरुमा मात्र परिवर्तन ल्याउनु यो विचारधाराको मुख्य लक्ष्य हो।**


**समाजवादी अन्तर्राष्ट्रिय (Socialist International) को फ्रांकफर्ट महाधिवेशनले १९५१ मा जारी गरेको यसको घोषणा-पत्र 'प्रजातान्त्रिक समाजवादका लक्ष्यहरु र कार्यभारहरु'ले यो विचारधाराको प्रतिपादन गरेको हो।**

**यो विचारधाराले वर्ग संघर्ष, समाजवादी क्रान्ति र पूँजीपति वर्गमाथि श्रमिक वर्गको तानाशाहीलाई अस्वीकार गर्छ। यो विचारधाराको मान्यता छ कि समाजमा समाजवाद स्थापना गर्न न त गरीखाने श्रमिक वर्गले चुसिखाने पूँजीपति वर्गविरुद्ध वर्ग संघर्ष तेज पार्नु जरुरी छ, न चुसाहा पूँजीवादी शासन अन्त गर्न समाजवादी क्रान्ति नै गर्नु जरुरी छ। यसको ठम्याइमा समाजमा समाजवाद स्थापना गर्नु भनेको एउटा नैतिक र सांस्कृतिक समस्या मात्र हो। समाजवादी भावना अनुसार कुनै पनि वर्गका जनतालाई शिक्षा दिएर उसको सांस्कृतिक रुपान्तरण गरेर उसलाई समाजवादी बाटोमा ल्याउन सकिन्छ। समाजवाद ल्याउन क्रान्ति नै गरीराख्नु पर्दैन, यो प्रजातान्त्रिक बाटोबाटै आउन सक्छ। यो पूँजीवादी राज्यकै ढाँचाभित्रबाट पूँजीवादी सरकारले सामाजिक सुधार, शैक्षिक र सांस्कृतिक कदमहरु उठाएरै आउन सक्छ। यो संसद्मा राम्रा सुधारवादी विधेयकहरु पास गरेरै आउन सक्छ।**

**पूँजीपति वर्ग र श्रमिक वर्गबीच वर्ग संघर्षद्वारा होइन, आपसी समझदारी र संझौताद्वारा समाजमा सामाजिक न्याय र समता बढाउन सकिन्छ, वितरण प्रणालीमा काफी सुधार ल्याउन सकिन्छ। समाजवाद खाली श्रमिक वर्गको लागि होइन, पूँजीपति वर्गको लागि पनि उत्तिकै स्वीकार्य व्यवस्था हो र हुन सक्छ। समाजवाद भनेको त्यस्तो प्रजातान्त्रिक व्यवस्था हुनु पर्छ, जसमा पूँजीपति वर्ग र श्रमिक वर्ग दुवै मिलेर बस्न सक्छन्, आपसमा काटाकाट गर्ने खालको झगडा गर्दैनन्। प्रजातान्त्रिक समाजवादको मुख्य सार यही हो। पूँजीवादी व्यवस्थाका दोषहरुलाई नै सुधार गरेर, त्यसैलाई प्रजातान्त्रिक पारेर समाजवाद ल्याउन सकिन्छ भन्नै यसको मुख्य ध्येय हो।**

**अहिले जर्मनी, नर्वे, स्वीडेन, अष्ट्रिया, नेदरल्याण्ड जस्ता देशहरुमा यही विचारधारा प्रयोग हुँदैछ। व्यवहारमा लागू नगरे पनि नेपाली कांग्रेसको प्रजातान्त्रिक समाजवाद पनि यही विचारधारा हो। यूरो कम्युनिज्मको विचारधारा पनि लगभग यही हो। ❑**

# क. चे ग्वेभाराः विजयी क्यूबाली क्रान्तिदेखि जीवनको अन्तिम घडीसम्म



जनवरी १, १९५९ मा क. चे ग्वेभारा र क. सियनफ्यूगोसको नेतृत्वमा संघर्षरत छापामारहरूले क्यूबाको राजधानी हवानामाथि कब्जा जमाएपछि अन्ततः क्यूबामा जनक्रान्ति सम्पन्न भयो ।

क. फिडेल क्यास्त्रो र क. चेको नेतृत्वमा संचालित करीब तीन वर्ष लामो छापामार आन्दोलनले तानाशाह बतिस्ताका सैनिकहरूमाथि विजय हासिल गऱ्यो ।

क्रान्तिपछि एक्कै चोटि देशमा आर्थिक, राजनीतिक, सांस्कृतिक क्रान्ति गर्ने जिम्मा पनि छापामार आन्दोलनको नेतृत्वमाथि आइपऱ्यो । बतिस्ताको तानाशाही शासनलाई फ्याँक्नुभन्दा पनि गाह्रो देखिने यी जिम्मेवारीहरू पूरा गर्न छापामार नेताहरू कम्मर कस्न थाल्नु भयो । अर्जेन्टिनामा जन्मिएता पनि क्यूबाली जनक्रान्तिको नेतृत्व गर्नु भएका कारणले क्यूबाली नागरिकको रूपमा घोषित डा. चे ग्वेभाराले सशस्त्र क्रान्तिपछिको लामो अवधिमा "रातो दिमाग" को भूमिका खेल्नु भयो ।


क्यूबामा शुरू गरिएको भूमिसुधार कार्यक्रमका एक योजनाविद्को रूपमा क्रियाशील क. चेले सैनिक कमाण्डर र भूमिसुधार विभागका निर्देशकको पदभार ग्रहण गरिरहनु भयो । पछि क्यूबाको नेशनल बैंकका गभर्नर नियुक्त हुनु भएका क. चे १९६० मा गरिएको सबै विदेशी-स्वदेशी उद्योग र बैंकहरूको राष्ट्रियकरणमा क्रियाशील हुनु भयो ।

प्रतिगामी पूँजीवादी शक्तिहरूले क्यूबाली क्रान्तिकारी सरकारका सुधारहरूको विरोध गर्ने क्रमलाई अगाडि बढाउँदै सैनिक विद्रोह गराउन खोज्दा उहाँले विद्रोहीहरूलाई दमन गर्ने अभियानको समेत सफल नेतृत्व गर्नु भयो । १९६१ को अप्रिल १७ देखि १९ सम्म अमेरिकाद्वारा प्रशिक्षित र निर्देशित १५ सय जना प्रतिक्रान्तिकारीहरूले 'बे अफ पिग्स' नामक दक्षिणी क्यूबाली खाडीमा आक्रमण गर्दा उहाँले पिनार डेल रियो प्रान्तबाट आफ्ना छापामार सहकर्मीहरूका साथ वीरतापूर्वक प्रतिरोध गर्नु भएको थियो । त्यस्तै, क्यूबाले सोभियत संघको सहयोगबाट मिसाइल बनाउन खोज्दा अमेरिकी राष्ट्रपति केनेडीले करीब-करीब सैनिक हस्तक्षेप गर्न खोजेका थिए । अमेरिकासंग प्रत्यक्ष मुठभेड हुने संभावना प्रबल रूपमा देखिएपछि क. चेले पिनार डेल रियो प्रान्तबाटै प्रतिरोध-संघर्षको नेतृत्व गर्ने जिम्मेवारी बोक्नु भएको थियो । क्रान्तिपछि उहाँले छापामार शक्तिलाई नियमित सेनामा परिवर्तन गर्ने काममा मूल भूमिका निर्वाह गर्नु भएको थियो ।

अमेरिकी साम्राज्यवादको आर्थिक-राजनैतिक स्वार्थमाथि क्यूबाली क्रान्तिको निरन्तर प्रहारले गर्दा रन्थनिएको अमेरिकाले क्यूबामाथि अमानवीय ढंगले नाकाबन्दी लगायो । विशाल साम्राज्यवादी शक्ति-अमेरिकासंग एक्लै टक्कर लिन गाह्रो पर्ने भएकोले क्यूबाली नेताहरूले शुरूमा असंलग्न राष्ट्रहरूसंग सम्बन्ध गाँस्ने प्रयत्न गर्न थाले ।

यसका लागि खटिनु भएका क. चेले इजिप्ट, सुडान, मोरक्को, भारत, पाकिस्तान, बर्मा, इण्डोनेशिया, युगोस्लाभिया लगायत स्पेन र जापानको भ्रमण गर्नु भयो । उहाँले आफ्नो भ्रमणको क्रममा ती राष्ट्रहरूसंग दौत्य सम्बन्ध कायम गर्ने, व्यापार बृद्धि गर्ने, मूलतः आफ्नो उत्पादन चिनी र सुर्तीको बिक्री वितरणको बृद्धि गर्ने कार्य सफलतापूर्वक पूरा गर्नु भयो ।

१९६१ देखि उद्योगमन्त्री बनाइनु



मायालु पिताको रूपमा क. चे (आफ्नो छोरासंग १९६० मा)



क्यूबाली क्रान्तिपछि क. चे आफ्ना आमा-बाबुका साथ



क. फिडेल क्यास्त्रो र क. राउल क्यास्त्रो जस्ता क. चे ग्वेभाराका सहकर्मीहरू अहिले पनि क्यूबाली क्रान्तिलाई निरन्तरता दिइरहेछन् ।

भएका क. चेले आर्थिक र राजनीतिक उद्देश्यपूर्तिका लागि सोभियत संघ, चीन, कोरिया, चेकोस्लोभाकिया र पूर्वी जर्मनीको यात्रा गर्नु भएको थियो । २ महिना लामो यो यात्राले पूँजीवाद-साम्राज्यवादविरोधी एशियाली र यूरोपेली राष्ट्हरूसंगको आर्थिक, राजनीतिक सम्बन्धलाई गहिरो र सुमधुर पार्ने काम गरेको थियो ।

अमेरिकी साम्राज्यवादसितको टक्करको क्रममा क्यूबाली नेताहरूले विस्तारै सोभियत संघको नैतिक र भौतिक सहयोग लिन थाले । शुरूमा सोभियत संघसित गहिरो सम्बन्धको आवश्यताको वकालत गर्नु हुने क. चे सोभियत नेताहरूको अन्य देशलाई परजीवी पार्ने सोच र व्यवहारको भने कट्टर आलोचक हुनु भयो ।

सोभियत लाल सेनाले हिटलरको नाजी सेनाविरूद्ध चलाएको आक्रमणको क्रममा मुक्त भएका पूर्वी यूरोपेली समाजवादी राष्ट्र र सोभियत संघमा पूँजीवादी उपायहरूद्वारा समाजवाद निर्माण गर्न थालेको देखेर क. चेले १९६० को दशकको शुरूमै यसको विरोध गर्नु भएको थियो । आफ्ना नागरिकहरूलाई समाजवादी विचार-संस्कृतिले लैश पारेर देश र जनताको लागि उच्च नैतिकता र बलिदानी भावनासहित काम गर्न प्रेरित गर्नुको सट्टा पूँजीवादीहरूले जस्तै भौतिक सुख-सुविधा, तलब आदिको लोभ देखाए र प्रतिस्पर्धा गर्न लगाई काम गराएर कसरी समाजवादी व्यवस्था निर्माण हुन सक्छ ?- यो सवाल उहाँले क्यूबाभरि उठाउनु भयो । उहाँ पूर्व यूरोपेली समाजवादी राष्ट्रहरूको अन्ध अनुकरण गरी क्यूबामा समाजवाद कदापी निर्माण हुन सक्दैन भन्ने विचार राख्नु हुन्थ्यो ।

सोभियत संघ लगायत पूर्वी यूरोपेली समाजवादी राष्ट्रहरूद्वारा लागू गरिएका नीति र कार्यक्रमहरूका कमी-कमजोरीहरू र पूँजीवादी शैलीका काम-कारवाहीहरूको आलोचना गर्दै उहाँले 'क्यूबाको लागि नयाँ समाजवादी मानिस' को निर्माणमा विशेष जोड दिनु भयो । यसै सिलसिलामा "Man and Socialism in Cuba" नामक अति नै महत्वपूर्ण पुस्तक लेखेर उहाँले क्यूबाली समाजवादको खाका खिच्नु भयो । तर ती राष्ट्रहरूको अत्यधिक प्रभावको कारणले क्यूबाली नेतृत्वले आर्थिक योजना र व्यवस्थापन सम्बन्धी अनुभवहरूलाई जस्ताको तस्तै लागू गर्ने गल्ती गर्‍यो । पछि क्यूबाली नेता क. चेले यससम्बन्धी आत्मालोचना पनि गर्नुभयो ।

सम्पत्तिको लोभ गर्ने व्यक्ति, संस्था वा राष्ट्रप्रति सार्है नै घृणा गर्नु हुने क. चेले सोभियत संघसितको सम्बन्ध विस्तारको क्रममा सोभियत समाजमा विकसित भइरहेको पूँजीवादको प्रनिनिधित्व गर्ने सोभियत नेताहरूले क्यूबालाई ब्याज असुल्ने गरी दिएको ऋणको कडा विरोध गर्नु भएको थियो ।

क. चे. मन्त्री हुँदा समेत सामान्य मजदूरको भन्दा एक पैसा पनि बढी तलव लिनु हुन्नथ्यो । उहाँ श्रमलाई किन-बेच गर्ने बस्तु होइन, मानवको सर्वोच्च गौरव, सामाजिक दायित्व, मानवीय सिर्जना र सुख संझनु हुन्थ्यो । क. चेको विचारमा मानव हुनुको अर्थ हो- श्रमशील हुनु, संवेदनशील हुनु, विवेकशील हुनु र क्रान्तिकारी हुनु ।

यही क्रान्तिकारी चेतलाई क्यूबाभरि फैलाउने र यही क्रान्तिकारी ज्ञान अनुसार क्यूबाको समाजवादीकरणलाई अग्रिम पंक्तिमा बसेर नेतृत्व दिने काममा क. चे ग्वेभाराले क्यूबाको क्रान्तिपछाडि क. फिडेल क्यास्त्रोसंग पाँच वर्षसम्म काँधमा काँध मिलाई काम गर्नु भयो ।

क्यूबाको समाजवादीकरणको सिलसिलामा उहाँले ल्याटिन अमेरिकादेखि लिएर एशिया र अफ्रिका जस्ता साम्राज्यवादद्वारा धेरै नै पीडित महादेशहरूमा भइरहेका राष्ट्रिय मुक्ति आन्दोलन र जनक्रान्तिका हलचलहरूमाथि निगरानी पनि गर्दै आइरहनु भएको थियो ।

क. चेले डिसेम्बर १९६४ मा क्यूबाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै न्यूयोर्क जानु भई १९ औं संयुक्त राष्ट्र संघीय साधारण सभालाई सम्बोधन गर्नु भयो ।

उहाँले त्यहाँ क्यूबा लगायत विश्वका सबै उत्पीडित राष्ट्रहरूमाथि अमेरिकी साम्राज्यवादले गरिरहेको अन्याय-अत्याचारको भण्डाफोर गर्नु भयो । उहाँले अमेरिकी साम्राज्यवाद

**आफ्नो क्रान्तिकारी साहस, त्याग र निरन्तरको संघर्षमय जीवनशैलीका कारण विश्व-प्रसिद्ध हुनु भएका क्रान्ति-नायक क. चे ग्वेभाराको धारावाहिक जीवनी प्रकाशन गर्ने सिलसिला अब अन्त गर्दैछौं ।**

**अर्जेन्टिनामा जन्मिएर क्यूबाको क्रान्तिमा निर्णायक योगदान गर्नुभएका क. चेले वरपरका अन्य देशहरुका क्रान्तिकारी गतिविधिहरुमा पनि आफ्नो जीवनका महत्त्वपूर्ण क्षणहरु लगाउनु भएको थियो ।**

**क. चेको जीवनीको यो अन्तिम अंशमा पढ्नुहोस्- क्यूबामा समाजवादको निर्माणमा विशेष भूमिका खेल्नु भएका क. चे मन्त्री पद छोडी कसरी अफ्रिका र ल्याटिन अमेरिकामा क्रान्तिका लागि जुट्नु भयो ? कसरी बोलिभियाको जंगलमा लड्दा-लड्दै शहादत प्राप्त गर्नुभयो ?**

## शारीरिक श्रम गर्नमा उहाँ कहिल्यै पछाडि पर्नु भएन

कामदारको रूपमा क्यूबाली मन्त्री क. चे



विरोधी ल्याटिन अमेरिकी जनताको मुक्ति संघर्षमा कसैसंग केही पनि नमागीकन व्यक्तिगत प्रतिफलको आशा नगरी 'आफ्नो ज्यान अर्पण गर्न तयार छु' भन्ने कुरा सगर्व घोषणा गर्नु भयो । उहाँले त्यसपछि अमेरिकाबाटै क्यानाडा-आयरल्याण्ड हुँदै अल्जेरिया, माली, जायरे (कंगो), गिनिया, घाना, डाहोमी जस्ता अफ्रिकी राष्ट्रहरूमा औपचारिक यात्रा गर्नु भएको थियो । क्यूबाली क्रान्तिले अन्य उत्पीडित देशका जनताको साम्राज्यवादविरोधी संघर्षलाई सहयोग गर्नुपर्छ भन्ने विचार राख्नु हुने क. चेको यो यात्रा अर्को क्रान्ति-भूमिको खोजीसंग सम्बन्धित थियो । उहाँले दक्षिण अफ्रिकामा साम्राज्यवादका विरूद्ध संघर्षरत क्रान्तिकारीहरूलाई एकीकृत गर्दै १९६६ मा हवानामा हुने त्रि-महादेशीय कंग्रेसको पृष्ठभूमि तयार गर्नु भयो । विश्वभरिका संघर्षकारी जनशक्तिहरूसंग ऐक्यवद्धता कायम गर्नका लागि यो कंग्रेसले ठूलो योगदान दिएको थियो ।

अमेरिका र अफ्रिकाको तीन महिने भ्रमणपछि क्यूबा फर्कनासाथ क. चे अचानक बाहिर देखिन नै छोड्नु भयो । प्रतिक्रियावादी अखबार र शक्तिहरूले क. चे बिरामी भएको, गिरफ्तार भएको, मारिएको र क्यूबा छाडेर भागेको भन्ने सन्सनीपूर्ण र झूठा खबरहरू प्रचारित गरे ।


त्यसबेला अफ्रिका भ्रमणको क्रममा सम्पर्कमा आएका अफ्रिकी क्रान्तिकारीहरूलाई सहयोग गर्ने उद्देश्यले जायरे (कंगो) पुग्नु भएका क. चेले साँच्चै नै क्यूबा छोड्नु भएको थियो । क. फिडेल क्यास्त्रो र क्यूबाली क्रान्तिको नाममा अन्तिम चिठ्ठी लेख्नुहुँदै उहाँले पार्टी, सरकार, सेना र क्यूबाली नागरिकता जम्मैबाट राजिनामा दिनु भएको थियो । विश्व क्रान्तिको क्रममा आफ्नो बल, वुद्धि र क्षमताको माग अर्को देशमा भएको जानकारी दिँदै उहाँले नयाँ क्रान्ति-भूमितिर आफू लागेको जानकारी दिनु भयो ।

आफ्नो परिवारलाई विदावारीको चिठ्ठी लेखेर छोडी उहाँ जायरेका वामपन्थी छापामारहरूलाई सहयोग गर्न लाग्नुभयो । उहाँले अमेरिकी साम्राज्यवादद्वारा मारिएका कंगोका नेता प्याट्रिश लुमुम्वाका समर्थकहरूको छापामार आन्दोलनलाई क. तुतुको नामबाट प्रशिक्षण दिने काम थाल्नु भयो ।

पछि अफ्रिकाबाट सशस्त्र संघर्ष शुरू गर्न अप्ठ्यारो पर्ने स्थिति देखिएकाले उहाँले ल्याटिन अमेरिकालाई आफ्नो नयाँ युद्ध-भूमिको रूपमा छान्नु भयो ।

उहाँ डिसेम्बर, १९६५ तिर पुनः क्यूबामै भूमिगत रूपमा फर्कनु भयो र क. क्यास्त्रोसंग लामो कुराकानीपछि ल्याटिन अमेरिकाको बोलिभियाबाट नयाँ क्रान्तिको थालनी गर्ने निधो गर्नु भयो । क. क्यास्त्रोको सहयोगमा बोलिभियामा चलाइने सशस्त्र आन्दोलनको तयारीमा क.चे जुट्नु भयो । यसैबीच एशिया, अफ्रिका र ल्याटिन अमेरिकाका संघर्षशील जनताको ऐक्यवद्धता सम्मेलनको रूपमा चर्चित त्रि-महादेशीय सम्मेलनमा क. चेले लामो पत्र लेखी अमेरिकी साम्राज्यवादको चिहानको रूपमा प्रख्यात- "भियतनामहरू" ठाउँ-ठाउँमा निर्माण गर्न जोडदार अपील गर्नु भयो ।

क. चे बोलिभियाली क्रान्ति-भूमिमा, जहाँ उहाँले अर्को भियतनाम सिर्जना गर्ने अठोट गर्नु भएको थियो ।





क. चे. मन्त्री पद छोडी क्रान्तिका लागि बोलिभिया जानुभयो ।

बोलिभियाको सशस्त्र संघर्षको तयारीको सिलसिलामा धेरै नै क्यूबाली क्रान्तिकारी नेताहरू र बोलिभियाली क्रान्तिकारीहरू सरीक भए । क्यूबाको भूमि पिनार डेल रियो प्रान्तबाट शुरू भएको बोलिभियाली क्रान्तिको तयारी क. चेले नोभेम्बर ४, १९६६ मा आफ्ना सहकर्मीहरूका साथ बोलिभियाली भूमिमा प्रवेश गरेपछि अन्तिम चरणमा पुग्यो । त्यसको तीन दिनपछि आफ्नो भावी आधार इलाका- नानकाउजु नदीको किनारमा रहेको जंगलमा पुगेपछि क. चेको प्रसिद्ध 'बोलिभियाली डायरी' लेखनको कार्य शुरू हुन्छ र बोलिभियाली क्रान्तिको शुरूवात पनि यहीबाट शुरू हुन्छ ।

दुई महिनासम्म छापामारहरूको प्रशिक्षण कार्य र आधार इलाकाहरू निर्माण गर्ने कार्य गरेपछि क. चेले बोलिभियाली कम्युनिष्ट पार्टीका महासचिव मारियो मोञ्जेसंग कुराकानी गर्नु भयो । मारियोले नियोजित छापामार आन्दोलनको संभावना तत्काल नभएकोले सहयोग गर्न असमर्थता जनाए ।

केही बोलिभियाली मजदूर, मजदूर नेता र ग्रामीण किसानहरूको सहयोग र समर्थनमा क. चेका छापामारहरूले मार्च १९६७ मा त्यहाँ प्रथम छापामार कारवाही चलाए । बोलिभियाली सैनिकहरूमाथि पहिलो पटक सफलतापूर्वक आक्रमण गरेपछि शुरू भएको क. चेको नयाँ छापामार आन्दोलनले केही थप सफलता प्राप्त गर्‍यो । क. चेले बोलिभियाली छापामार आन्दोलनको भूमिबाटै दोस्रो त्रि-महादेशीय ऐक्यवद्धता सम्मेलनलाई पत्रद्वारा सम्बोधन गर्दै अरू दुई-तीन वटा "भियतनामहरू" सिर्जना गर्दै साम्राज्यवादलाई परास्त गर्न आह्वान गर्नु भयो ।

बोलिभियाली छापामार आन्दोलनले केही सफलता पाउन थालेकै बेला ज्याक्विनद्वारा नेतृत्व गरिएको छापामार शाखा क. चेको छापामार आन्दोलनबाट अलग भयो । यसै घटनाको केही समयपछि छापामारहरूसंग केही दिन बस्न गएका फ्रान्सिसी आन्दोलनकारी एवं विद्वान् रेजिस डिब्रेलाई गिरफ्तार गरी बोलिभियाली सेनाले ३० वर्षको कैद सजाय दिएको थियो ।

मई महिनातिर क. चेको छापामार आन्दोलनलाई दमन गर्न अमेरिकी विशेष सैनिक शक्तिले बोलिभियामा गएर प्रतिक्रान्तिकारी सेनालाई प्रशिक्षण दिन थाले । छापामारहरूले सामियापाता



अमेरिकी र बोलिभियाली सेनाद्वारा मारिनु भएका क. चेको लाश


# नव वर्ष २०५३ को उपलक्ष्यमा समस्त देशबासीहरुमा हार्दिक शुभकामना !



**प्रमोदकुमार श्रेष्ठ**
तथा
**नगर विकास समिति**
इटहरी गाविस, सुनसरी,
नेपाल ।


**भोलिपल्टै क. चे र अन्य दुई जना कब्जा गरिएका छापामारहरुलाई अमेरिकी सरकार र बोलिभियाली सेनाको निर्देशनमा सैनिकहरुद्वारा निर्ममतापूर्वक हत्या गरियो ।**

शहर कब्जा गरेपछि अमेरिका र त्यसको मतियार बोलिभियाली सरकारमा भय संचार गऱ्यो । उता ल्याटिन अमेरिकी जनतामा उत्साह र उमंग छायो । अर्गनाइजेशन अफ ल्याटिन अमेरिकन सोलिडारिटीको हवानामा भएको सम्मेलनले छापामार आन्दोलनलाई समर्थन गर्दै आफ्नो मानार्थ अध्यक्षमा क. चेलाई नै चुन्यो ।

छापामार आन्दोलनबाट भागेका डरछेरूवा भगुवाहरूको सूचना स्रोतबाट बोलिभियाली सेनाले अगस्तको शुरूतिर छापामारहरूको मूल सप्लाईको स्रोत पत्ता लगाए, केही दस्तावेजहरू कब्जा गरे र अन्ततः शहरमा बसेर सहयोग गरिरहेका केही छापामार समर्थकहरूलाई पनि गिरफ्तार गरे ।

यसैबीच, अगस्तको अन्ततिर ज्याक्विनको नेतृत्वमा अगाडि बढिरहेका छापामारहरूलाई नदी तरिरहेको अप्ठ्यारो स्थितिमा सेनाले घातक आक्रमण गरेर सबलाई संस्वाप पाऱ्यो । ग्रामीण वर्ग संघर्ष र शहरीया जनसंघर्षको सहयोग र समर्थनको अभावमा क. चेको नेतृत्वमा संचालित छापामार आन्दोलन पनि सान्है नै एक्लियो । सेप्टेम्बरको अन्ततिर सरकारी सेनाको आक्रमण, घेराबन्दी र नाकाबन्दी यति कडा हुन थाल्यो कि- छापामारहरूले खाद्यान्न, हातहतियार र खर-खजानाको अभावमा पनि अत्याधुनिक हतियार र ठूलो फौजसंग लडिरहनु पऱ्यो ।

अमेरिकी सेनाद्वारा प्रशिक्षित, निर्देशित बोलिभियाली सेना र अमेरिकी सैनिकहरूको घेराबन्दीमा परी छापामारहरू धंमाधम मर्न थाले । अन्ततः अक्टोवर ८, १९६७ मा बाँकी बचेका १७ जना छापामारहरूसहित क. चे पनि ठूलो घेराबन्दीमा पर्नु भयो । आफ्नो तागत छउञ्जेलसम्म हतियार समर्पण नगरेका छापामारहरूले सेनासंग युद्ध जारी राखे, तर उनीहरू साम्राज्यवादी सेना र त्यसका मतियारहरूबाट परास्त भए, क. चे ग्वेभारा सान्है नै गंभीर रूपले घाइते हुनु भयो र सेनाद्वारा गिरफ्तार गरिनु भयो ।

भोलिपल्टै क. चे र अन्य दुई जना कब्जा गरिएका छापामारहरूलाई अमेरिकी सरकार र बोलिभियाली सेनाको निर्देशनमा सैनिकहरूद्वारा निर्ममतापूर्वक हत्या गरियो ।

क. चेको निर्मम हत्याले गर्दा बोलिभियाली छापामार आन्दोलनको पनि अन्त भयो । तर क. चेले ल्याटिन अमेरिका लगायत अफ्रिका र एशियामा थुप्रै "भियतनामहरू" निर्माण गरेर अमेरिकी साम्राज्यवादलाई परास्त गर्नका लागि गर्नु भएको आह्वान अहिले पनि प्रत्येक महादेशमा गुञ्जिरहेको छ । त्यसैले, विश्व क्रान्तिका अथक योद्धा क. चे ग्वेभाराले क्यूबामा जन्मेर क्यूबामा क्रान्ति सम्पन्न गरेपछि थालनी गरेको बोलिभियाली क्रान्तिमा आफ्नो प्राण आहुति गर्नु भएको संझनास्वरूप विश्वभरि उहाँलाई सर्वहारा अन्तर्राष्ट्रवादका एक उज्वल नक्षत्रको रूपमा लिइन्छ । त्यसैले क्यूबाली जनताले जस्तै विश्वकै न्यायप्रेमी जनताले ३० औं वर्षदेखि घोषणा गरिरहेका छन्- "हामी पनि क. चे जस्तै बन्ने छौं"- ("We will be like Che") (क्यूबाको राष्ट्रिय गीतबाट)

◉ **राजेन्द्र महर्जन**

# के जापान पनि ओरालो लाग्दैछ ?

## आजको जापानको आर्थिक हैसियतको उतार-चढावको चित्र

दीपक बैद्य

**दोस्रो विश्वयुद्धले सबैभन्दा तहस नहस पारेका मुलुकहरुमध्ये एउटा प्रमुख मुलुक हो- जापान ।**

**तर युद्धले थुपारेको खरानीबाट उठेर जापानले यति छिटो, यति वायु बेगमा आफ्नो अर्थतन्त्रको पुनर्निर्माण गऱ्यो कि- १९६८ मा आइपुग्दा ऊ जर्मनीलाई उछिनेर अमेरिकापछिको दोस्रो विश्व आर्थिक महाशक्ति भइसकेको थियो । १९८० को दशकमा आइपुग्दा त यो विश्वको सबैभन्दा ठूलो, सस्तो र राम्रो गाडी निर्माताको रुपमा निस्किसकेको थियो । इलेक्ट्रोनिक सामान र सेमी कण्डक्टरको विश्व बजारमा जापानले प्रभुत्व कायम गरिसकेको थियो ।**

१९६० देखि लगातार ३० वर्षसम्म जापानले वार्षिक औसत ६.५ प्रतिशतका दरले हासिल गरिरहेको आर्थिक प्रगति विश्वलाई नै चकित पार्ने खालको थियो । अझ ५० को पछिल्लो आधा दशकदेखि १९७० सम्म त उसले झण्डै झण्डै योभन्दा दोब्बर दरमा आर्थिक विकास गरिरहेको थियो । पछिल्लो समयमा त जापानी उद्योगपतिहरूले अमेरिकामा पाए जति कम्पनीहरू भटाभट किन्दै गइराखेका थिए । यो हदसम्म उनीहरू अघि बढिसकेका थिए ।

के हो जापानको यस्तो निरन्तर प्रगतिको रहस्य ? के जापान कहिल्यै ओरालो लाग्दैन ?

यस्तो प्रश्न स्वयं अमेरिकी र यूरोपेली उद्योगपतिहरू समेतले उठाइरहेका थिए । अर्थशास्त्री लेस्टर थरो घोषणा गर्दै थिए- **एक्काईसौं शताब्दी जापानको हो ।**

सबै पूँजीवादी मुलुकहरूमध्ये २ प्रतिशत वरपरको सबैभन्दा कम बेरोजगारी दर जापानमै थियो । २ प्रतिशतकै वरपरको सबैभन्दा कम मुद्रास्फिति दर पनि जापानमै देखिन्थ्यो ।

तर के तपाईलाई थाहा छ ? यो स्थिति केही समययता बदलिएको छ । अन्य पूँजीवादी मुलुकहरूझैं १९९१ यता जापानी अर्थतन्त्र पनि संकटग्रस्त भएको छ । जापान पनि ओरालो लाग्न थालेको छ ।

१९९२ देखि १९९५ सम्मको जापानको वार्षिक औसत आर्थिक प्रगतिदर यति तल ओर्लियो कि- यो सालाखाला ०.६ प्रतिशत सिवाय रहेन । १९९३ मा त जापानको आर्थिक वृद्धिदर शून्य प्रतिशतभन्दा पनि तल रह्यो ।

जापानको आर्थिक योजना एजेन्सीका अनुसार १९९४ मा जापानको कूल घरेलु उत्पादन बृद्धिदर ०.४ प्रतिशत मात्र थियो र १९९५ मा ०.९ प्रतिशत ।

कारखानाहरूमा उत्पादन घट्नाले मजदूरहरूको व्यापक रूपमा कटौती भएको छ । यसले गर्दा बेरोजगारहरूको संख्या ह्वात्तै बढ्न पुगेको छ । अहिले जापानमा ३.४ प्रतिशत (करीब ४१ लाख) मानिसहरू पूरै बेरोजगार भएका छन् । अरू पूँजीवादी मुलुक्को तुलनामा यो थोरै छ । तथापि, जापानको लागि १९५३ यताको यो सबैभन्दा ठूलो बेरोजगारी रेकर्ड हो । मित्सुबिसी कम्पनीका अर्थशास्त्री ताकाहाशी भन्छन्- जापानमा बेरोजगारी दर अझ अहिलेभन्दा पनि डबल हुने सम्भावना छ ।

प्रसिद्ध अमेरिकी साप्ताहिक Time का अनुसार धेरैजसो कम्पनीहरूले मजदूरहरूलाई दिने गरेको बोनस घटाउन थालिसकेका छन् । ओभर टाइमको निकै प्रचलन भएको जापानमा ओभरटाइमको ज्यालामा भटाभट कटौती हुन थालेको छ । कैयन कम्पनीहरूमा त मजदूरको ज्याला नै चुक्ता गर्न छोडिएको छ । मजदूरहरूले खाइपाई आएका सुविधाहरू पनि धमाधम कटाउँदै लगिएको छ ।

नर्सको काम गर्ने मिदोरी सुजुकी नामकी एक महिलाको भनाइ छ- 'जीवन झन् पछि झन् कठीन हुँदै गएको छ । बाँच्नको लागि मैले बढीभन्दा बढी कडा परिश्रम गर्नुपर्ने भएको छ ।'

सबैभन्दा कन्तविजोग महिलाहरूको भएको छ । कामबाट निष्काशित गरिनेहरूमा सबैभन्दा बेसी महिलाहरू भएका छन् ।

जापानका १० हजार युवाहरूबीच हालै गरिएको एक जनमत सर्वेक्षणका अनुसार, ५४ प्रतिशत जापानी युवाहरू के ठान्दछन् भने- जापान पहिलेभन्दा झन् झन् खराब स्थितितिर जाँदैछ ।

जापानमा ५ वर्षयता जुन मन्दी छाएको छ, त्यो दोस्रो विश्वयुद्धयताको सबैभन्दा ठूलो मन्दी मानिएको छ । यो मन्दीको दौरानमा जापानको कार उत्पादनमा २२ प्रतिशत ह्रास आएको छ । निस्सान जस्ता प्रसिद्ध गाडी निर्माताहरूले आफ्नो कारखाना बन्द गरेको घोषणा गरेका छन् । विश्वविख्यात सोनी कर्पोरेशनले विदेश निर्यात गर्नका लागि अब जापानमा टिभी उत्पादन नगर्ने फैसला गरेको छ ।


जापानमा ९० को दशक शुरू भएयता जमीनको मूल्यमा ५० प्रतिशत ह्रास आएको छ । जग्गाको खरीद-बिक्री गर्ने रियल स्टेट कम्पनीहरू ठूलो नोक्सानीको शिकार भएका छन् । भनिन्छ- उनीहरूमाथि अहिले १० खरब डलरको तिर्नै नसक्ने ऋणभार परेको छ । घरको खरीद-बिक्री गर्नेहरूले १९८८ देखि ९० सम्म निकै ठूलो पैमानामा घरहरू किन्न लगानी गरेका थिए । उनीहरू पनि अहिले बिलखबन्दमा परेका छन् । किनकि उनीहरूले किनेको घरको अहिले थोरै मूल्य पनि नआउने भएको छ ।

जापानको अर्थतन्त्रमा यति ठूलो मन्दी किन आयो त ? किन जापान आर्थिक रूपले अहिले ओरालो लागिरहेछ त ?

यसका मूल कारण दुई वटा देखिएका छन् ।

जापानको तीब्र आर्थिक विकासको गति र विशाल व्यापार बचतबाट भयभीत भएर अमेरिका र पश्चिम यूरोपले चालेको जवाफी कारवाही र संरक्षणकारी कदमहरू पहिलो मुख्य कारणको रूपमा देखिएको छ । अर्को कारण हो- जापानी मुद्रा येन महंगो वा बलियो हुँदै जानु ।

जापानको विश्व व्यापार सन्तुलन १९६४ देखि नै नाफा र बचतमा जान थालेको हो । १९८४ मा पुग्दा जापानको व्यापार बचत ४४ अरब डलर पुग्यो । १९८८ मा यो ९५ अरब डलर पुग्यो, जसमध्ये लगभग आधा बचत त अमेरिकासंगको व्यापारमा मात्र भएको थियो र साढे १८ अरब डलरको व्यापार



बचत यूरोपसितको व्यापारमा मात्र भएको थियो । जापानको यति ठूलो व्यापार बचतले अमेरिका र यूरोपेली समुदायसित व्यापारको मामलामा तीव्र द्वन्द्व जन्मायो । उनीहरूले एकातिर जापानी सामान विरूद्ध आफ्ना देशहरूमा थुप्रै संरक्षणकारी कदम उठाए । अर्कोतिर, जापानी बजार आफ्नो लागि खुला गर्न सशक्त दवाब दिन जापान विरूद्ध व्यापार युद्ध छेडे । पोहोर मात्र पनि अमेरिकी गाडी र गाडीका पार्टपूर्जाका लागि जापानी बजार खुला गर्न अमेरिकाले जापानविरूद्ध व्यापार युद्धको घोषणा गरेको थियो र यो युद्ध सफलतामा टुंगिएको थियो ।

उता जापानी अर्थतन्त्र झन् झन् बलियो हुँदै जानुको कारणले जापानी मुद्रा येनको माग बढ्यो । माग बढेको कारणले येनको भाउ झन् झन् महंगो हुँदै गयो । येनको भाउ बढ्नाले जापानी बजारमा अमेरिकी र यूरोपेली सामान सस्तो पर्न थाल्यो । अर्कोतिर, अमेरिकी र यूरोपेली बजारमा जापानी सामान महँगो पर्न थाल्यो ।

यी दुवै कारणको गठजोडले गर्दा १९९१ को गर्मी महिना संगसंगै जापानी अर्थतन्त्रमा मन्दी आउन थालेको हो ।

तथ्यांकले यो कुरालाई अरू छर्लंग पारेको छ ।

चार वर्षयता जापानी बजारमा अमेरिकी बस्तुको निर्यात ३४ प्रतिशतले बढेको छ । अमेरिकी गाडी र गाडीका पार्टपूर्जाको व्यापार मात्रै अमेरिकाले छेडेको व्यापार युद्धपछि ८५ प्रतिशतले बढेको दावी राष्ट्रपति बील क्लिण्टनले गरेका छन् । जापानसंगको व्यापारमा अमेरिकी घाटा १९९५ मा मात्र १० प्रतिशतले घटेको छ । ठीक यस्तै प्रवृत्ति यूरोपेली समुदायको व्यापारमा पनि देखा पर्न थालेको छ ।

जापानी अर्थतन्त्रमा अहिले देखिएको डाँवाडोल यिनै कारणहरूको परिणाम हो । साम्राज्यवादी मुलुकहरू बजारको लागि आपसमा कसरी झगडा गर्छन् र कसरी त्यहाँ एकथरिको जित र अर्कोथरिको हार हुन्छ भन्ने कुराको ज्वलन्त नमूना अहिलेको जापानको मन्दी हो ।

**जापानले अब आफ्नो निर्यात व्यापारको लक्ष्य पनि अमेरिका र यूरोपको सट्टा एशियालाई बनाउन थालेको छ।**


त्यसो त विश्व बजारमा जापानको बढ्दो प्रभुत्वमा ब्रेक लगाउन अमेरिकाले मध्यपूर्वमा लडाइँ मच्चाइ दिएर १९७३ र १९९७ मा जापानको लागि ठूलो तेल संकट सिर्जना नगरेको पनि होइन । लामो समयसम्म १२ प्रतिशतका दरले जापानले गरिरहेको आर्थिक वृद्धि त्यति बेलादेखि नै ४ प्रतिशतको दरमा झरेको हो । तर जापानले तेल संकटलाई सफलतापूर्वक झेल्यो । उसले यसका निम्ति आफ्नो आर्थिक रणनीति नै पूरै बदल्यो । तेल बढी खपत गर्ने भारी उद्योगहरूमा प्राथमिकता दिने नीति छाडेर जापानले त्यतिखेरदेखि नै कम तेल खपत गर्ने, उच्च प्रविधि र अत्याधुनिक मेशिनरीमा आधारित इलेक्ट्रोनिक सामान, कम्प्युटर, सेमी कंडक्टर र गाडी उत्पादन गर्ने कुरामा बेसी जोड दिन थालेको हो ।

जापानको यो रणनीति-परिवर्तनले जापानको तेलको माग ३७ प्रतिशतले घटायो । जापान विश्व बजारमा फेरि महाशक्ति भएर निक्लियो ।

अहिलेको चरम आर्थिक संकट झेल्नको लागि पनि जापानले आफ्नो आर्थिक रणनीतिमा व्यापाक परिवर्तन गर्न लागेको देखिन्छ ।

यसअघि उसले निर्यात बृद्धिमा भर पर्ने रणनीति अपनाएको थियो । अब जापानले बाहिरी मुलुकहरूमै कारखाना र सेवा व्यवसायमा प्रत्यक्ष लगानी गर्ने रणनीति अपनाउन थालिरहेछ । धेरै नाफाजनक बाँकी नरहेका कैयन कारखानाहरूलाई उसले अब अरू मुलुकहरूमा, खासगरी श्रम सस्तो भएका विकासशील मुलुकहरूमा सार्न लागेको छ । जापान आफू चाहिं आफ्नो सर्वश्रेष्ठता भएको र थोरै लगानीमा अत्याधिक नाफा हुने नयाँ उच्च प्रविधिमा केन्द्रित हुने सुरसार कस्दैछ । अब निर्माण गर्ने उद्योगहरूमा भन्दा बेसी सेवा-व्यवसायमा प्राथमिकता दिन यो लाग्दैछ ।

## जापानको कुल घरेलु उत्पादन यसरी घट्दैछ




Time बाट साभार

### मुलुक बाहिर जापानको प्रत्यक्ष लगानी कसरी बढ्दैछ ?

(सबै अरब अमेरिकी डलरमा)

| १९८२ | '८३ | '८४ | '८५ | '८६ | '८७ | '८८ | '८९ | '९० |
|---|---|---|---|---|---|---|---|---|
| ७.७ | ८.१ | १०.२ | १२.२ | २२.३ | ३३.४ | ४७.० | ६७.५ | ५६.९ |

स्रोत: The Japan of Today, Japan, 1994

यही क्रममा, टोयोटा र सोनी जस्ता विशाल औद्योगिक प्रतिष्ठानहरू अब जापानमा भन्दा चीनमा, दक्षिणपूर्व एशियामा र यूरोपमा बढी लगानी गर्दैछन् । जापानले आफूले निर्यात गर्नेभन्दा साढे दुई गुणा बेसी टेलिभिजन बाहिरबाट आयात गर्न थालेको छ । तिनीहरू जापानीले नै लगानी गरेर खोलेको मलेशिया, ताइवान, सिंगापुर र थाइलैण्डका कारखानाहरूमा बन्छन् । टोयोटाले घोषणाले गरेको छ- १९९८ सम्ममा यसले संसारभरि बेच्ने ६५ प्रतिशत कारहरू जापानभन्दा बाहिरै बनेका हुनेछन् ।

१९८४ मा जापानको देश बाहिरको प्रत्यक्ष लगानी १०.२ अरब डलर मात्र थियो । त्यो १९९० मा करिव ५७ अरब डलर पुगेको छ । यो क्रम झन् झन् बढ्दैछ ।

जापानको कुल घरेलु उत्पादनमा सेवा व्यवसायको योगदान १९९२ मा ५६ प्रतिशत पुगेको छ, जबकि उद्योगको ४२ प्रतिशतमा झरेको छ ।

जापानले अब आफ्नो निर्यात व्यापारको लक्ष्य पनि अमेरिका र यूरोपको सट्टा एशियालाई बनाउन थालेको छ । गएको आर्थिक वर्षमा जापानले अमेरिका र यूरोप दुवै मिलाएर गरेको निर्यात १८८.८ अरब डलर थियो । त्यही वर्षमा जापानले एशियामा गरेको निर्यात चाहिं १९२.७८ अरब डलर बराबरीको थियो । यसको मतलव, जापानको व्यापार दिशा अब बदलिएको छ ।

उँधो दिशातिर झर्न लागेको जापानी अर्थतन्त्रलाई जापानले यी सबै नीतिगत परिवर्तनले कति उँभो लगाउला, त्यो हेर्न बाँकी छ । तर जापानी अर्थशास्त्रीहरूको भविष्यबाणी छ- यो वर्षको जापानको आर्थिक वृद्धि दर गत वर्षको ०.९ प्रतिशतको तुलनामा २.५ प्रतिशत हुनेछ । यो अब उकालो लाग्नेछ । ❑

स्रोत:- ◉ The Japan of Today, जापान, १९९४ ◉ Japan: Profile of a National जापान, १९९४ ◉ Japan's Economic Development, Japan ◉ Time, अप्रिल २२, १९९६


**A whole world of opportunities.**



Your financial partner in Nepal since 1986.

नेपाल इण्डोस्वेज बैंक लि.
NEPAL INDOSUEZ BANK LTD.

**Member of the Banque Indosuez Group.**

Durbar Marg, P. O. Box-3412, Kathmandu, Nepal.
Tel : 228229-31, Telex : 2435, 2328 INDOSU NP. Fax : (977-1) 226349,228927.
**Birgunj Branch :** Adarsha Nagar, P.O.Box - 101.
Tel : 21209 Telex : 4018 INDOSU BG NP Fax : 22932.
**Thimi Branch :** 612003, 612098 Fax : 612003.

संसारमा यस्तो कुन ठाउँ होला, जहाँ स्वास्नी मान्छेहरू इज्जत र समानताका साथ बाँच्न पाउँछन् ?

यो प्रश्न किशोरावस्थादेखि नै मेरो मनमा आई रहन्थ्यो । किनकि म यो समाजमा छोरी भएर जन्में ।



लेखिका / साथमा एक चिनियाँ महिला

# कसरी बाँचिरहेका छन् वर्तमान चीनमा महिलाहरू ?

सुलोचना मानन्धर

काम र विचारको आदान-प्रदानको क्रममा एक जना जापानी महिला कार्यकर्तासँग काठमाडौंमा भेट भएको थियो । उनी जवान र सक्रिय अनि नौलो विचार लिएर हिंडेकी महिला थिइन् । थुप्रै देशहरूमा घुमिसकेकी महिला भएको कारण मैले भेटमा सोधेकी थिएँ- 'तपाईंले थुप्रै देशहरू हेर्ने मौका पाउनु भएको छ; तपाईंलाई कुन देशका महिलाहरूको अवस्था सबभन्दा राम्रो लाग्यो ?' उनले एकै चोटि 'चीनका महिलाहरू' भनिन् । उनी समाजवादी विचारधाराकी थिइनन् । तथापि, उनले भनिन्- 'महिलाहरूको इज्जत र समानताको कुरामा चीनका महिलाहरूको अवस्था राम्रो छ, त्यसपछि मलाई अमेरिकामा पनि ठीकै लाग्यो......।'

सुन्न त पहिलेदेखि मैले पनि सुनेकी थिएँ- 'चीनका महिलाहरू पुरूषसरह काम गर्छन् र इज्जतका साथ बाँच्छन्' भन्ने कुरा । तर मैले नकारात्मक कुराहरू पनि सुनेकी थिएँ । चीनका जनता कोही पनि स्वतन्त्र छैनन्, त्यसैले महिलाहरू मात्र कसरी स्वतन्त्र हुन्छन् र ?' त्यसैले मलाई एकपल्ट आफ्नै आँखाले चीन अथवा चीनका महिलाहरूको अवस्था हेर्ने इच्छा लागेको थियो । सोचे जस्तै एकदिन म चीन पुगें । चीनलाई एकपल्ट सर्सर्ती हेर्ने मात्र नभएर सांघाईको एउटा विश्वविद्यालयमा ४ वर्षसम्म अध्ययन गर्ने मौका समेत मैले पाएँ । म १९८६ मा चीन पुगेकी थिएँ, १९८७ देखि १९९१ सम्म म त्यहाँ विद्यार्थी भएर बसें ।

सांघाई शहर भौतिक विकासको हिसावले ज्यादै छिटो अगाडि बढिरहेको औद्योगिक शहर हो । त्यहाँका मानिसहरू चीनका अन्य शहरको दाँजोमा धेरै आधुनिक र उद्योगी मानिन्छन् । आफू एक जना विदेशी विद्यार्थीको रूपमा हुँदा मैले त्यहाँको समाजसँग त्यति धेरै उठबस गर्नु पर्दैनथ्यो । कारण सबै विद्यार्थीहरू विद्यालय हाताभित्रकै छात्राबासहरूमा बस्ने हुँदा समाजसँगको दैनिक अन्तर्क्रिया कम मात्रै हुन्थ्यो । तर पनि केही कुराहरू प्रत्यक्ष रूपमा देख्न सकिन्थ्यो- समाजको विकासगति, महिला पुरूषहरूको स्थिति अनि उनीहरूको जीवनस्तर आदि आदि ।

**चीनमा बस्दाको सम्झना**

त्यहाँको वास्तविक स्थिति जस्ताको तस्तै खिच्न सकियोस् भन्ने उद्देश्यले म कसैको कुरालाई मात्र आधार नमानी आफूलाई इच्छा लागेका कुराहरू अलिकति कोट्याएर पनि हेर्ने गर्थें । त्यतिखेर सतही रूपमा शहरमा हेर्दा महिलाहरूको स्थितिमा हाम्रो देशको तुलनामा निक्कै नै सुधार आइसकेको प्रष्टै देखिन्थ्यो । मैले त्यहाँ के देखे भनें- घरमा र समाजमा अनि रीतिरिवाजमा समेत महिला हुनुको कारण हीनताबोध लिएर बाँच्नु पर्दैन । सबै क्षेत्रमा महिलाहरू पुरूषसरह इज्जत र समानतापूर्वक बाँचेका छन् । अझ सांघाईकै मात्र कुरा गर्ने हो भने, केही महिलाहरू त समानताको घेरालाई पनि नाघेर पुरूषहरूलाई समेत दबाउने देखिएका छन् । लोग्नेलाई देउतासरह मान्नु पर्ने संस्कारग्रस्त समाजमा हुर्केकी मलाई ती कुराहरूमध्ये कति त अनौठो र अपच समेत हुन्थ्यो ।

पढाइ र व्यस्तताले गर्दा गाउँहरू पसेर हेर्ने मौका त्यति पाइनँ । नजिकका गाउँहरूमा त्यति समस्याहरू देखिएनन् । तर गाउँको स्थिति र शहरको स्थितिमा धेरै अन्तर छ भन्ने कुरा चाहिं त्यहाँकै मानिसहरूबाट बरोबर सुन्थें । केही गाउँका फिल्महरू, टेलिफिल्महरू हेर्दा अझै पनि महिलाका समस्याहरूमा सुधार आउन नसकेका हृदयविदारक दृश्यहरू देखिन्थ्यो । भित्रभित्रै गाउँका महिलाहरू छट्पटिरहेका दृश्यहरू पनि पाइन्थ्यो । छोरा र छोरीमा भेद भएको कुरा पनि देखाइन्थ्यो । विज्ञानको विकाससँगै केही महिला अधिकारहरू प्रत्यक्ष रूपमा हनन् भएको कुरामा- पेट्भित्रैबाट बच्चा हो कि बच्ची हो, थाहा पाएर- बच्ची भएमा गर्भ पतन गर्ने जस्ता कुराहरू पनि भित्रभित्रै सुनिन्थ्यो । तर शहरमा भने त्यस्तो देखिन्नथ्यो । त्यसैले, मेरो मानसपटलमा रहेका धेरै जसो तस्वीरहरू पनि शहरका नै हुन् ।

**म चढेको पहिलो ट्याक्सी ड्राइभर नै महिला थिइन्।**

मलाई शुरूदेखि नै प्रभाव पारेका कुराहरूमध्ये ट्रेन स्टेशनबाट झरेपछि त्यहाँ ट्याक्सीको खोजी गर्दा- म चढेको पहिलो ट्याक्सी ड्राइभर नै महिला थिइन् । समय बेलुकीको थियो । निकै लामो दूरी पार गरेर होस्टल पुग्नु पर्ने थियो । आफ्नो देशभित्र बेलुकीपख एक्ली केटी ट्याक्सीमा बस्न समेत डर हुने देशबाट गएकी म पहिलो पल्ट बेलुकी महिला ट्याक्सी ड्राइभरलाई देख्दा मेरो मनमा उसको बारे खुल्दुली पैदा भयो । एक जना महिलाको कामको रूप, अवस्था अनि सुरक्षा आदिबारे सोच्नको निम्ति एउटा ज्वलन्त उदाहरण थियो त्यो ।

भोलिपल्टदेखि त चीनका खुला सडकहरूमा अफिसको समयमा महिला र पुरूषहरू बराबर जस्तै साइकल चढेर अफिस जानेहरूको हूल देख्न थालें । 'हाउस वाइफ' भएर घरैमा बस्ने महिलाहरू त्यहाँ बिलकुलै कम रहेछन्, मैले त एक जनालाई पनि देखिनँ । बाहिरी संसारमा, उत्पादनको काममा एउटा निश्चित उमेर पुगेका महिलाहरू सबैले नै समान रूपमा भाग लिएका हुन्छन् । कामको रूपमा सडक बढार्नेदेखि ठूला होटलहरूको कूकसम्म, ट्रक ड्राइभरदेखि हस्पिटलको सर्जनसम्म तमाम कामहरूमा महिलाहरू पुरूषसरह नै लागेका छन् । ठूला ठूला बसका महिला ड्राइभरहरू, कन्डक्टरहरू, महिला हुलाकीहरू पनि प्रशस्तै छन् । अफिस र शिक्षण संस्थानहरूमा प्रोफेसर,

डाइरेक्टरदेखि साधारण पोष्टहरूमा पियनसम्म पनि स्वास्नीमान्छेहरू बराबर नै छन् । त्यहाँ जातीय भेदभाव देखिन्न, कामको रूपमा जुनसुकै काम भए पनि हेलाँ गर्ने जस्ता कुराहरू छैनन् ।

रिटायर्ड भइसकेका बूढापाका महिलाहरू पनि घरमा त्यतिकै समय बिताउन ठीक हुँदैन भनी सडक बढार्ने ठाउँमा नाइकिनी भएर, पत्रपत्रिका बेच्ने काममा लागेर पेन्सन बाहेक थप आम्दानी गर्नेहरू पनि छन् । कोही भने भोलिन्टियर हुनुमा आनन्द मान्ने पनि छन् । एक दुई जनासँग त कुरा पनि गरेकी थिएँ- घरमा बस्न पाएको बेलामा आरामले बसे हुँदैन र ? यस प्रश्नको जवाफमा उनीहरू भन्थे- 'जीवनलाई बाँचुन्जेल केही काममा अल्झाइरहनु पर्छ ।'

महिलाहरू सबैले घर छाडेर काममा लागेपछि घर कसले हेर्ने त भन्ने प्रश्नमा त्यहाँ स्पष्ट जवाफ छ- गर्न सक्नेहरू सबै मिलेर गर्ने ।

त्यहाँ नोकरचाकर राख्ने चलन छैन । बुहारीले मात्र काम गर्नु पर्छ भन्ने चलन ज्यादै पुरानो नै भइसकेको छ । पुराना अवकाश-प्राप्त बुढाबुढी भएमा र उनीहरूको इच्छा घरमा बस्ने भएमा घर कुरिदिने, ससाना नाति नातिनी भए हेरिदिने जस्ता कुराहरू गरिएका थुप्रै घरमा देखिन्छन् । सबैको एउटा मात्र सन्तान हुने र बच्चा २ वर्ष भएपछि राख्न सकिने ठाउँ नर्सरी, किन्डर गार्टनहरू सबै अफिस र टोलहरूमा हुन्छन् । त्यसैले, सुविधा हेरेर अफिसमा या टोलका नर्सरीहरूमा बच्चा राखेर बाबुआमा काममा हिंड्छन् । फर्कदा बाबु या आमा जसलाई सजिलो हुन्छ बच्चालाई उसैले लिएर फर्कन्छ ।

घरमा पुगेपछि चीनमा एक जनाले बच्चा हेर्ने र अर्कोले घरको काम गर्नु पर्छ । बच्चाहरू धेरैजसो आमासँग नजिक हुने हुँदा बाबुले घरका अन्य कामहरू- खाना पकाउने, घर सफा गर्ने र तरकारीहरू किन्ने काम गर्नु पर्ने स्थिति रहेछ । यसमा नाइनास्ती गर्ने कुरै आउँदैन ।

महिला सगठनहरू शहर, गाउँ, टोल र घरघरमा समेत पुग्नेहुँदा महिलालाई सहयोग गर्ने र महिलाको अधिकार हनन् नहोस् भन्ने कुरामा ध्यान दिइएको कुरा थाहा पाएँ ।

हाम्रा चिनियाँ साथीभाइ, इष्टमित्रहरूले बेला बेलामा घरमा खान बोलाउँथे हामीलाई । हाम्रा साथीहरूमा कोही डाक्टर, कोही प्रोफेसर, कोही स्थानीय नेता वा नेतृ, कोही कलाकार र वैज्ञानिकसम्म पनि थिए । ती घरहरूमा पुग्दाखेरि धेरैजसो घरमा पकाउने काम पुरूषहरूबाट नै भएको पाइयो ।

एकदिन एक जना शिक्षिकाको घरमा पाउना भएर पुगें । त्यहाँको एउटा दृश्यले मलाई गहिरो छाप पार्‍यो । उनका श्रीमान चीनमा मात्र नभएर बाहिर विश्वमा समेत एउटा निश्चित स्थान प्राप्त गरिसकेका एक प्रशिद्ध वैज्ञानिक थिए । तर उनको घरमा पुग्दा श्रीमती चाहिं मसँग कुराकानी गर्नमा व्यस्त भइन् । श्रीमानले भान्छामा कैयौं प्रकारका मीठा खानेकुराहरू पकाएर हामीलाई ख्वाए । बरू म आफैलाई भित्रभित्र लाज लागिरह्यो, त्यत्रो सम्माननीय व्यक्तिले आफ्नै हातले पकाएर हामीलाई ख्वाएको कुरामा । यो कुरा त्यहाँ व्यक्त गर्दा कसैले अनौठो मानेनन् । लोग्ने मान्छेले काम गर्नुलाई सबैले स्वाभाविक कुरो हो भनी लिए । यो एउटा उदाहरण हो । चीनमा कामले ज्यादै बेफुर्सती भएमा, कामका प्रकार नै फरक भएमा मात्र घरमा हेर्न नपर्ने रीति छ ।

त्यहाँ महिला हक अधिकारका साथै महिला स्वास्थ्यलाई पनि ज्यादै नै ध्यान दिइएको पाइन्छ । गर्भवती हुँदा र सुत्केरी हुँदा महिलाको निम्ति विशेष खालको उपचारको व्यवस्था सरकारी तहबाट नै हुन्छ । आमा हुने महिलालाई हप्ता-हप्तामा शिक्षा दिने, स्वस्थ बच्चा जन्मोस् भनेर नियमित जाँचबुझ गर्ने र सुत्केरी भएपछि सुत्केरी विदासहित तलब भत्ता समेत दिने बन्दोबस्त छ । कम्तीमा ५६ दिन सुत्केरी विदा हुन्छ । धेरै जसो अफिसहरूमा ३ महिना सुत्केरी विदा हुन्छ । सुत्केरी हुन गाह्रो भएमा, अपरेशन गरेको भएमा ७ महिनासम्म छुट्टी मिल्छ । त्यसपछि पनि बच्चा हेर्ने मान्छे नभएमा, विशेष स्थिति भएमा ७० प्रतिशत तलब लिएर घरमा बच्चा हेर्ने काममा लाग्न सकिन्छ, दुई वर्षसम्मको निम्ति ।

छोरा होस् या छोरी, एउटै मात्र सन्तान हुने भएकोले भेदभावको त कुरै भएन । उस्तैखालको पालन पोषण र शिक्षा दिक्षा आमाबाबुबाट हुन्छ ।

विवाहको सवालमा आफ्नै रोजाईलाई प्राथमिकता दिने हुँदा बाबु आमाले त सहयोग मात्र गर्ने हुन्छन् । हस्तक्षेप गर्ने हुँदैनन् । तर हाल सुनिन्छ, केही आधुनिक महिलाहरूमा अविवाहित रहन चाहनेहरूको संख्या बढेको छ ।

अंश र सम्पत्तिको कुरामा आफूसँग जे छ बराबरी छोरा या छोरीलाई दिने चलन छ । कानूनमा छोरा या छोरी बराबर नै हुन्छन् । १९६६ को 'सांस्कृतिक क्रान्ति' ताका निजी सम्पत्तिबारे धेरै गोलमाल भएकोले अझै पनि अधिकांश मानिसहरू सरकारी वा काम गरेको अफिसले दिएको घरमा बस्ने गर्छन् । अहिले त्यहाँ निजी घरको प्रचलन पनि विस्तारै हुँदैछ ।

महिलाहरूलाई लिङ्ग भेदको कारण हुने उत्पीडन र असुरक्षाका विरूद्ध त्यहाँ कडा कानून छ । बलात्कार वा अनावश्यक दुःख दिने पुरूषहरूलाई ७ वर्षको जेल सजाय दिइन्छ । नाबालिकामाथि बलात्कार गर्नेलाई त मृत्युदण्ड नै दिइन्छ । त्यसैले हत्पत्ति पुरूषहरू आफ्नो संयमलाई नाघेर त्यस्तो निच काममा लाग्दैनन् । यसैकारण दिउँसो या बेलुका पनि महिलाहरू बाटोमा निर्भिक भएर हिंड्न सक्छन् । म आफै पनि निक्कै ढीलोसम्म एक्लै सडकमा हिंडेकी थिएँ ।

अब त्यहाँबाट फर्केको पनि चार बर्ष भइसक्यो । यसमा यी कुराहरू लेख्दालेख्दै पाठकहरूको निम्ति नयाँ कुराहरू पनि केही दिन सकुँ भनेर हाल नेपालमा कार्यरत एक जना चिनियाँ शिक्षक- मिष्टर वाङ पाओ ह्वाकहाँ म पुगें । संयोगवश त्यहाँ एक जना महिला चौ चाओ चुइन् (कुशुम) पनि बस्नु भएको रहेछ । उहाँ रेडियो प्रसारणमा नेपाली भाषासम्बन्धी अनुसन्धान गर्दै हुनु हुन्छ । उहाँहरू दुई जनासँग एकछिनको समय मिलाएर कुरा गर्दा थाहा पाएँ- १९९४ मा थपेको नयाँ ऐन अनुसार चीनमा महिलालाई थप सुविधाहरू प्रदान भएको छ । गाउँ या शहरमा अनिवार्य रूपमा महिला हक लागू गर्नुका साथै सुरक्षाको सम्बन्धमा पनि झन् पूर्ण कडाईका साथ नियमहरू थपिएका रहेछन् ।

हाल सबै प्रान्तहरूमा कम्तिमा एउटा प्रान्तभित्रका शहरमा एक जना मेयर र एक जना उप मेयर महिला हुनु अनिवार्य रहेछ ।

उहाँहरूकै भनाइ अनुसार चीनमा हाल राजनैतिक क्षेत्र र अन्य सबै महत्त्वपूर्ण क्षेत्रहरूमा महिलाहरूको स्थान महत्त्वपूर्ण छ ।

यति हुँदाहुँदै पनि कुनै प्राइभेट या व्यावसायिक संस्थाहरूले महिलाहरूलाई सजिलोसित काम दिन मान्दैनन् । कारण सोद्धा- 'शायद धेरै सुविधाहरू दिनु पर्ने भएकोले होला' भन्नु भयो ।

मिष्टर वाङ र लेडी चौ दुवै जना आ-आफ्नो परिवार चीनमा नै छोडेर यहाँ कामको निम्ति मात्र बसिरहनु भएको छ । दुवैले आफ्ना सन्तानहरू 'छोरी' भएकोमा खुशी लागेको कुरा व्यक्त गर्नु भयो । हालका आमा बाबुहरू धेरैले छोराभन्दा छोरी भएकोमा खुशी मान्छन् । छोरीले बूढेसकालमा माया दिन्छन् भन्ने भनाइले त्यहाँ जितेको रहेछ ।

यसरी हेर्दा हाम्रो तुलनामा चीनका महिलाहरूको स्थिति धेरै राम्रो भन्नु पर्छ । उनीहरू महिला मुक्तिको पथमा एउटा निश्चित उचाईसम्म पुगिसकेका छन् । तर महिला मुक्ति वा कुनै पनि मुक्ति आन्दोलनको कुनै सीमा हुँदैन । त्यसैले, चीनमा महिलाहरू त्यहींको काल परिस्थिति अनुसार महिला आन्दोलनको अझ उचाईमा पुग्न कार्यरत छन् भन्ने कुरामा अचम्म मान्नु पर्ने केही नहोला ।

पहिलेको समाजवादी व्यवस्थामा राज्यप्रदत्त अधिकार र सुरक्षाको युगबाट अहिलेको खुल्ला बजार नीतिले श्रृजना गरेको प्रतिस्पर्धामा बाँच्नु पर्ने बाध्यताबीचको संक्रमणकालमा चिनियाँ महिलाहरूको सामु नयाँ चुनौतीहरू उभिएका होलान् । यी नयाँ चुनौतीहरूलाई चिनियाँ महिलाहरूले कसरी सामना गर्ने हुन् र कुन दिशा लिने हुन् ? त्यो त हेर्न बाँकी नै छ । ❑



**बाहिरी संसारमा, उत्पादनको काममा एउटा निश्चित उमेर पुगेका महिलाहरू सबैले नै समान रूपमा भाग लिएका हुन्छन् ।**

# तिर्खा लाग्यो भन्दै पानीको सट्टा सातु खानेहरुबारे

-चन्द्रदेव नेपाली

**"जुन घरमा तिर्खा लागेको बेलामा खानको निम्ति एक घुट्को पानी पनि छैन, त्यो घरमा बसिन्न, हिंडिन्छ !"**

**यति भनेर आक्रोश पोख्दै व्यक्ति हाम्रो घर छोडेर हिंड्यो । पल्लो घरमा गयो । त्यहीं बस्यो । त्यहाँ पनि पानी त थिएन । त्यहाँ सातु थियो । त्यो व्यक्तिले त्यही सातु खान थाल्यो ।**

**उसलाई प्रश्न सोधियो- "तिर्खा लागेर पानी खोजेर हिंडेको मान्छे, तिमी त झन् ज्यादा तिर्खा बढाउने सुख्खा सातु पो खान थालेछौ त ?"**

**उसले जवाफ दियो- "यस्तै हो, हिंहिंहिं ! अब पल्लो घर छोडेर वल्लो घरतिर लागियो । यहाँ जे पाइन्छ, त्यही खाइन्छ !"**

**मा**थिको लघु-कथाको "व्यक्ति" हाम्रो समाजमा विभिन्न रूपमा, विभिन्न ठाउँमा छरिएर रहेको छ । ऊ अनौठो स्वभावको छ । उसलाई कुनै अरू नै कारणले घर छोड्नु परेको हुन्छ तर ऊ बहाना बनाउँछ अर्कै । पल्लो घरको सातुले आफूलाई तानेको छ, तर दोष दिन्छ वल्लो घरको गाग्रीमा पानी सकिनुलाई । बवण्डर मच्चाउँछ । हल्ला-खल्ला, दोषारोपण, आरोप-प्रत्यारोप यावत कुराहरू गर्छ र लुसुक्क पल्लो घरमा पसेर सातु खान थाल्छ । तिर्खा लाग्यो भन्ने उसको अघिसम्मको भनाइ त भाग्ने बहाना मात्रै पो रहेछ ।

वल्लो घरमै "मलाई सातु खान मन लाग्यो" भनेर ऊ सत्य कुरा बोल्दैन, न त ऊ पल्लो घरमा गएर पानीको खोजी नै गर्छ ।

◉ लेखक-कलाकारहरू कुनै सानो प्राविधिक कामका निम्ति भेला भएका ठाउँमा पनि जहिले पनि एक जना मित्र असन्तुष्टि पोख्ने गर्थे- "खोई यहाँ 'महान सर्वहारा सांस्कृतिक क्रान्ति' को पक्षमा कोही पनि देखिन्नन्, यो बडो नमज्जाको कुरा भयो । खै यो 'सांस्कृतिक क्रान्ति' को कुरै कसैले झिकेन । यो त ठूलो भड्काव हो, यस्तो तालले त हाम्रो सांस्कृतिक आन्दोलन भड्खालोमा पर्ने डर छ ।"

वैचारिक-सांस्कृतिक आन्दोलनविना समाजवाद आउन पनि सक्दैन, आएमा पनि टिक्दैन भन्ने कुरा त सोभियत संघ र पूर्वी यूरोपका घटनाहरूले सावित गरिसकेका छन्, त्यसैले सांस्कृतिक क्रान्तिको महत्व निकै ठूलो छ र यो सांस्कृतिक क्रान्तिको पक्षमा उभिनु अत्यन्त राम्रो कुरा हो । तर मित्रले यो नारा पटक पटक उरालिरहेको त यी सबै कुराहरू बुझेर चिन्तित भएर हैन रहेछ, सानातिना काम पनि नगर्नलाई पो रहेछ । पछि यो कुरा तब थाहा भयो, जब उनी पूरै आन्दोलन नै छोडेर एउटा विदेशी प्रोजेक्टमा जागीर खान गए । छोड्दा सांस्कृतिक आन्दोलनले आज सही दिशा समात्न नसकेको कारण देखाएको वक्तव्य पनि उनले प्रकाशित गरे । आज जागिरे भएर पनि गर्न सकिने सानातिना सहयोग पनि उनीबाट हुने गर्दैन ।

भेटमा लाजै नमानी उनी भन्ने गर्छन्- "खै अब त घर-परिवारको झमेलातिर लागियो !" यसो भनेर उनी यस्तो अर्थ दिन खोज्छन्- मानौं, जनताको आन्दोलन भनेको त घरपरिवार नभएकाहरूले मात्र लाग्ने कुरा हो । मानौं, अहिले आन्दोलनमा लागिरहेका हज्जारौं व्यक्तिहरू त "हरिद्वारतिरका जोगी" जस्ता व्यक्तिहरू मात्र हुन् । मानौं, आन्दोलन त घरपरिवार, समाज, देश र संसारैसंग साथसाथै अघि बढ्नु पर्ने, बढ्न सकिने कुरै हैन ।

"सांस्कृतिक क्रान्ति" रूपी पानी खोजेको बहानामा यसरी संपूर्णतः आन्दोलन छोडेर विदेशी प्रोजेक्टको मोटो तलवरूपी 'सातु' मा रमाउने यी मित्रमा भएजस्ता प्रवृत्ति बोक्नेहरू हामीकहाँ कति होलान् ? लुके-छिपेर रहेकाहरू र भाग्ने दाऊ खोजिरहेकाहरू !

◉ नेकपा (एमाले) मा क्रान्तिकारिता नरहेकोमा असन्तुष्टि पोख्ने मोहनचन्द्र अधिकारी पार्टी छोडेर 'अध्यात्मिक बाबा' बन्न पुग्छन् । के "क्रान्तिकारिता" रूपी पानीको तिर्खा "बाबाजी" बन्नुको सातुले मेट्छ ?

◉ 'दीर्घकालीन जनयुद्ध" को लाइन लिने तात्कालीन नेकपा (मशाल) संग तुरून्तै आफ्नो पार्टीको एकता भएन भनेर आफना नेताहरूसंग रिसाएका, फन्किएका, असन्तुष्ट भएका केही कामरेडहरू त यसको केही दिनपछि नै नेकपा (एमाले)मा पो पसेछन् । "दीर्घकालीन जनयुद्ध" को लाइनलाई ठाडै नकार्ने एमालेले के उनको "पानी" को इच्छा पूरा गरिदेला ? के यसले बहुदलीय जनवादको "सातु" उनलाई नखुवाउला ?

यो कुरा जान्दा जान्दै पनि उनीहरू एमालेमा गए । त्यहाँ गएर उनीहरूले कुनै नीतिगत परिवर्तन पनि चाहेनन् । उनीहरूको कुनै वैचारिक माग वा अड़ान नै पनि रहेन ।

◉ एक जना मित्र पहिले पहिले एमालेले सानातिना राम्रा कामहरू गर्दा पनि त्यसको आँखा चिम्लेर विरोध गर्थे । 'राम्रो" कामलाई राम्रो मान्नु पर्छ भनेर भन्नेहरूलाई उनी "हुँदा हुँदा अब तपाईं पनि एमालेको पिट्ठू हुनु भएछ नि !" भनेर उपहासको हाँसो हाँस्थे ।

मानौं, अहिले आन्दोलनमा लागिरहेका हज्जारौं व्यक्तिहरू त "हरिद्वारतिरका जोगी" जस्ता व्यक्तिहरू मात्र हुन् ।

एमाले क्रान्तिकारी बाटो छोडी दक्षिणपन्थी बाटो समातेकोमा उनको ठूलो आपत्ति थियो ।

तर जब एमालेले सरकार बनायो, ती मित्र त पहिलो झमटमै एमालेमा गएर सुविधाको पद हत्याउन पो पुगेछन् त !

के 'क्रान्तिकारी बाटो' को तिर्खा सुविधाको पदको सातुले मेट्न सक्छ ?-उनीसंग यसको जवाफ छैन ।

◉ "पार्टीभित्र सर्वहारा नैतिकतामा ह्रास आएको छ" भनी असन्तुष्टि व्यक्त गर्ने मित्र कम्युनिष्ट पार्टी छोडेर नेपाली कांग्रेसमा पसे । अहिले उनी "नयाँ मुसलमानले प्याज बढी खान्छन्" भने झैं "कम्युनिष्टले साठी वर्षेहरूलाई मार्छ" भन्ने जस्ता स्तरहीन, सतही र 'दुई पैसे" तर्कहरू पत्रिकामा लेखी छपाएर कम्युनिष्टहरूको घोर विरोध गर्दैछन् ।


के उनले खाजेको 'सर्वहारा नैतिकता' को पानी कांग्रेस पार्टीमा चाहिं पाइन्छ ? के कांग्रेसमा लागेपछि उनले "अखबार चलाउन" भन्ने नाममा पाएको केही हजार रूपियाँको 'सातु' ले उनको त्यो सर्वहारा नैतिकताको प्यास मेट्छ ?

◉ मोहनविक्रमहरूमा नव संशोधनवाद हावी भएको ठहर गर्दै असन्तुष्टि पोख्दै एक जना स्वघोषित "खाटी कम्युनिष्ट" राप्रपामा पसे ।

◉ नेपाली कम्युनिष्ट आन्दोलनले वैचारिक-सांस्कृतिक कामलाई गंभीर महत्व दिएन भनी चित्त दुखाएर विचार व्यक्त गर्ने एक जना मित्रको समय अहिले पूरै व्यापार धन्दामा बितिरहेछ ।

◉ एमालेले पुष्पलालको "नयाँ जनवाद" त्याग्यो भनी असन्तुष्टि व्यक्त गर्ने काठमाडौंका एक जना 'कामरेड' त अहिले कांग्रेसको एक नंबरको हनुमान पो बन्न पुगेका रहेछन् ।

**प्रिय पाठकहरु** ! यस्तो प्रवृत्ति हाम्रो वाम-आन्दोलनमा विद्यमान रहेको छ । यो प्रवृत्ति नै हाम्रो आन्दोलनको मूल




प्रवृत्ति चाहिं जरूर हैन, तर 'उल्लेख्वनीय प्रवृत्ति' चाहिं पक्कै हो । सोझै भन्ने हो भने, यो प्रवृत्ति भगुवा प्रवृत्ति वा अवसरवादी प्रवृत्ति नै हो । सिद्धान्तका नाममा आफ्नो अवसरवादलाई छोपछाप पार्ने यो प्रवृत्तिधारी व्यक्तिहरू केही समयपछि नै नांगिन पुग्छन् र पनि उनीहरू ढोंगी नाटक खेल्न भने पछि पर्दैनन् ।

कोही पनि व्यक्तिले आफूलाई चित्त नबुझेको ठाउँ छोड्न सक्छ । सकेसम्म त्यही ठाउँमा आफूले सोचेजस्तो जरूरी कुराहरू ल्याउन, लागू गर्न उसले संघर्ष गर्छ । केही सीप लागेन भने चाहिं त्यो ठाउँ उसले छोड्न सक्छ ।

यो कुरा एकदमै बुझ्न सकिने कुरा हो र यो आम नियम नै पनि हो ।

तर त्यतिखेर चाहिं यो कुरा "बुझ्नै नसकिने कुरा" बन्न पुग्छ जतिखेर व्यक्ति आफूले जुन कुरा खोजेको हो, त्यो कुराको गन्धसम्म पनि नपाइने ठाउँमा गएर ऊ बास बस्न पुग्छ ।

◉ सांस्कृतिक क्रान्तिको पक्षमा लागेर सानातिना कामलाई त काम नै नगन्ने मित्र किन त्यो क्रान्तिको पक्षमा डट्ने संगठनहरूतिर रहेर सक्रिय भएनन् ? जागिरे भएपछि पनि उनी "आंशिक सक्रिय" हुन सक्थे वा "सामान्य सहयोगी" त जरूर रहन सक्थे । किन उनी पूरै "घरेलु प्राणी" मात्र बाँकी रहे ?



◉ मोहनचन्द्रले एमाले त्याग्नु बुझ्न सकिने कुरा हो । यदि उहाँ नेकपा मसाल वा माओवादी वा एकताकेन्द्रमा जानु भएको भए त्यो पनि बुझ्न सकिने कुरा हुन्थ्यो । स्वतन्त्र रहेर पनि उहाँले एमालेमा जे कुरा छैन भनी उहाँलाई लागेको हो, त्यही कुराका निम्ति काम गर्नु भएको भए त्यो पनि बुझ्न सकिन्थ्यो । तर जब उहाँ "आध्यात्मिक बाबा" बन्न पुग्नु हुन्छ, तब कुरा जटील बन्छ, बुझ्न नसकिने हुन्छ ।

◉ "मशाल" संग तुरून्तै एकता नभएकोमा असन्तुष्टहरूलाई एमालेप्रति सन्तुष्टि कसरी पैदा भयो होला, के यो हुन सक्ने कुरा हो ?

◉ अघिपछिका घोर एमाले विरोधी मित्रले जवाफ दिनु जरूरी छ- के आफूले पद र सुविधा पाउने हुन नपाई एमाले तुरून्तै सुध्रियो त ?

◉ कांग्रेस पस्ने र राप्रपामा पस्ने "क्रान्तिकारिताका पक्षधरहरू" र विजेनेशमा टुप्पीदेखि पैतालासम्म डुब्ने "वैचारिक-सांस्कृतिक आन्दोलनका संवाहकहरू" बारे तर प्रश्न नै केही गर्नु जरूरी छैन ।

हामीले यी "पानीको माग" देखाएर "सातुको निम्ति मरिमेट्नेहरू" का बारेमा, सामान्य रूपले यी "पलायनवादीहरू हुन्" भन्ने टिप्पणी गरेर मात्र यो विषयलाई त्यत्तिकै पन्छाउनु मिल्दैन ।

मलाई लाग्छ- हामीले यी प्रवृत्तिधारीहरू पैदा हुनुका कारणहरूतिर घोत्लिए त्यसको समाधानको बाटो खोज्नै पर्छ ।

वास्तवमा, आफू बसेको वामपन्थी पार्टी "क्रान्तिकारी" भएन भन्ने आरोप लगाउँदै कांग्रेस वा राप्रपामा पस्न पुग्नेहरूको समस्या भनेको ठाडै नैतिकताको समस्या हो । आफू बसेको वामपन्थी पार्टी क्रान्तिकारी रहेन भन्नुको अर्थ के कांग्रेस र राप्रपा चाहिं क्रान्तिकारी पार्टी हुन् भन्ने हुन्छ ? यो त सरासर बेइमानी हो, अन्य साथीहरूलाई छक्काउन र अलमल्याउन रचिएको कुटिल चालबाजी मात्र हो ।

मान्छे आफूले जे बोल्ने हो, त्यसप्रति ऊ आफू इमान्दार हुनु पर्छ कि पर्दैन ? नयाँ जनवादको पक्ष लिने र कांग्रेसमा पस्ने, "जनयुद्ध" को लाइनको वकालत गर्ने र राप्रपा पस्ने


# Kathmandu Maida Mills Pvt. Ltd.

## AN AUTOMATIC FLOUR MILL



KMM

You have a deal. A fair deal. Best quality flour and atta.
From our modern and automatic plant.
For you and for all your needs.
Quality flour for bakeries and confectioneries.
Hygenic Atta for breads.
All suited to your needs
Give your flair a name.
The name of

**KATHMANDU MAIDA MILLS PVT. LTD.**

Balaju Industrial District, Balaju
P.O. Box 351 Kathmandu Nepal
Phone No. 272221, 272285

# नव वर्ष २०५३ को उपलक्ष्यमा समस्त देश-वासीहरूमा शुभकामना !



**बालाजु यन्त्रशाला (प्रा.) लि.**

बा.औ.क्षे.
बालाजु, काठमाडौं,
पोष्ट बक्स : २०९
फोन : २७२१४७, २७०८९४
फ्याक्स : ९७७-१-२७२३७९
टेलेक्स : २४२९ BYS NP


जस्ता यी बेइमानहरू एवं पद पाएपछि मात्र एमालेलाई राम्रो मान्ने जस्ता यी अवसरवादीहरूलाई आन्दोलनले बेलैमा चिन्नु जरूरी छ ।

नैतिकतापूर्ण बाटो हिंड्ने हो भने, हरेकले आफूलाई सहज रूपमा उभ्याउन सक्नु पर्थ्यो । "सर्वहारा सांस्कृतिक क्रान्ति" को राग अलापेर सानातिना काम पनि नगर्ने ती मित्रले सोझै "म,निस्कृय हुन चाहन्छु" भन्ने आँट गर्नु पर्थ्यो, हैन भने आफूले न्यूनतम योगदान कसरी गर्न सकिएला भन्ने बाटो खोज्नु पर्थ्यो, "होल टायमर" हुने ढोंग त्याग्नु पर्थ्यो । एमालेमा जान चाहनेले आफ्नो पार्टीमा एमालेको लाइनको पक्षमै वकालत गर्नु पर्थ्यो, "मशाल" संग एकताको माग गर्ने हैन । मोहनचन्द्रहरूले कि "म अध्यात्मवादमा लाग्न चाहन्छु" भनेर शुरूमै भन्न सक्नु पर्थ्यो, कि पछि क्रान्तिकारी लाइनमा सक्रिय हुनु पर्थ्यो ।

माथि दिइएका उदाहरणहरूमा र यहाँ उदाहरणको रूपमा संगेट्न नसकिएका असंख्य व्यावहारिक सन्दर्भहरू सबैमा यही कुरा लागू हुन्छ । कि शुरूमै 'सातु' को माग गर्नु पर्‍यो र सातुतिरै लाग्नु पर्‍यो । तर पानीको माग गर्ने हो भने पानी खोज्नतिरै लाग्नु पर्‍यो, सातुमा हाम फाल्नु भएन । यो नै नैतिकताको बाटो हो ।

हाम्रो आन्दोलनमा पार्टीभित्र प्रवेश गर्दैदेखि व्यक्तिसंग नैतिकताको माग गर्ने, नैतिक-सांस्कृतिक दायित्वको सवालमा लगातार अन्तरसंघर्ष गर्ने परिपाटी बलियो छैन । यसलाई बलियो गर्नु नै यसको समाधानको बाटो हो ।

यहाँनेर समस्याको एउटा अर्को पाटोतिर पनि विचार पुर्‍याउनु पर्ने देखिन्छ, त्यो हो- सहमतिको स्तरको पाटो ।

माथि दिइएका उदाहरणहरूमा उल्लिखित अवसरवाद र अनैतिकताका अनुयायीहरूमध्ये कतिपय चाहिं जानी जानी 'बेइमान' हुन्छु भन्ने नसोचीकनै पनि बेइमान भएका हुन सक्छन् । त्यसको कारण उनीहरूको धारणा बनाउने पद्धतिसंग जोडिएको छ ।

हामी कुनै कुरा मान्छौं भने त्यसका दुई स्तर हुन्छन् । एक तार्किक वा बौद्धिक स्तर, र दुई, अनुभूति वा बोधको स्तर । जुन कुरामा हामी सहमत हुन्छौं, त्यस कुराप्रति यदि हामी भित्र मनदेखि नै अनुभूत गरेर सहमत भएका छौं भने त्यसप्रति हामी साँच्चै प्रतिवद्ध रहन्छौं । तर जुन कुरामा हामी सतही रूपमा सुनेका भरमा, सतही रूपमा पढेका भरमा वा कसैको उल्क्याईको भरमा मात्र सहमत हुन्छौं, तर्कको मात्र तहमा वा वुद्धिको मात्र तहमा सहमत हुन्छौं भने त्यस्ता कुरामा हाम्रो प्रतिवद्धता निकै पातलो रहन्छ । हिजो एउटा कुरा गर्ने मान्छे, आज अर्कै काम गर्न पुग्नुको एउटा कारण यो पनि हो । वास्तवमा, हिजो उसले जुन कुरा गर्थ्यो, त्यो कुरामा ऊ भित्री दिल-दिमागदेखि नै सहमत भइसकेको थिएन । त्यसैले आज उसले अर्कै काम गर्न थालेको हो । सतही सहमतिको स्तरमा रहेका नयाँ-पुराना जो कोही नेता वा कार्यकर्ता पनि कुनै विशेष स्थिति आउन नपाई पलायन हुने वा उनीहरूले अवसरवादी नौटंकी गर्न


मोहनचन्द्रहरूले कि "म अध्यात्मवादमा लाग्न चाहन्छु" भनेर शुरूमै भन्न सक्नु पर्थ्यो, कि पछि क्रान्तिकारी लाइनमा सक्रिय हुनु पर्थ्यो ।


पुग्ने संभावना रही नै रहन्छ । मोहनचन्द्र यदि अनुभूतिको स्तरमा क्रान्तिकारिताको पक्षधर हुनु हुन्थ्यो भने उहाँ 'बाबाजी' बन्न पुग्ने संभावना नै हुने थिएन वा त्यस्तो संभावना निकै कम हुन्थ्यो ।

यी घटनाहरूले हाम्रो आन्दोलनको सांस्कृतिक स्तरको न्यूनतालाई छर्लंग देखाएका छन् ।

संस्कृतिको उच्चता के हो भने, कुनै पनि सवालमा तार्किक तहमा सहमत हुनुमा मात्र सीमित नहुनु, सहमतिलाई अनुभूतिको तहसम्म, बोधको तहसम्म माथि उठाउनु । यो निश्चित हो कि, पहिले कुनै पनि मान्छे राम्रो र सही कुराप्रति तार्किक तहमा नै सहमत हुन्छ । त्यसपछि नै ऊ अनुभूतिको तहमा प्रवेश गर्छ । तर कुनै पनि सही र राम्रो कुराप्रति हामी तर्कको तहमा मात्र सहमत हुनमा नै आफू सीमित हुने हो भने, हामीले त्यसलाई भित्र दिलदेखि बोध नगर्ने हो भने, कुनै पनि सही र राम्रो कुरा व्यवहारमा अनुवाद नै हुन पाउँदैन । हाम्रो सहमति ढोंगमा बदलिन्छ । हामी तर्कमा एउटा कुरा गरिरहेका हुन्छौं, व्यवहार त्यसको ठीक उल्टो गरिरहेका हुन्छौं । हामी तर्कमा तिर्खा लागेको कुरा गरिरहेका हुनेछौं । व्यवहारमा सातु खाइरहेका हुनेछौं । हाम्रो यस्तो दोहोरो व्यवहार जतातातै उदांगो हुनेछ ।

उन्नत संस्कृति भनेको यस्तो ढोंग वा दोहोरो व्यवहारको अन्त हो । कुनै पनि कुरामा सहमत हुनुअघि हामीले त्यो कुरामा आफ्नो वुद्धि, विवेक प्रयोग गरेर चौतर्फी कोणबाट त्यो ठीक छ, छैन जाँच परख गर्नु पर्दछ । मनमा रहेका र व्यवहारमा उठेका खास प्रश्नहरूको उत्तर नभेटिएसम्म त्यो कुराविरूद्ध संघर्ष गरिनु पर्दछ । व्यवहारमा उतार्दा त्यो राम्रो भनिएको कुराको प्रतिफल के कस्तो हुनेछ, जाँच परख गरी आफैले हेर्नु पर्दछ । जब हामीलाई अनुभूति हुन्छ कि त्यो सही छ, अनि मात्र त्यो स्वीकार्नु पर्दछ । यस्तो वैज्ञानिक पद्धति अपनाइयो भने, पहिले सतही तवरले कुनै कुरा स्वीकार्ने, पछि त्यसको उल्टो व्यवहार गर्ने ढोंगी.प्रवृत्तिबाट धेरै हदसम्म बच्न सकिन्छ । जे जति राम्रो कुरामा सहमत हुने हो, त्यो व्यवहारमा लागू गर्ने प्रक्रिया शुरू गर्न सकिनेछ । तर स्वविवेकको प्रयोग नै नगरी, राम्रो जाँच परख नै नगरी फगत तार्किक तहमा र सतह सतहमा, कुनै पनि कुराप्रति सहमत वा असहमत हुने हो भने, ढोंगको कुनै अन्त हुने छैन । दोहोरो व्यवहारको कुनै अन्त हुने छैन ।

कोही कुनै कुरामा वास्तवमै सहमत भएको हो कि होइन, त्यो हेर्ने हाम्रो मापदण्ड पनि हाम्रो आन्दोलनमा निकै सतही देखिन्छ । कुनै मान्छेले हामीले राखेको तर्क स्वीकारिदिने वित्तिकै हामी भन्दछौं- उसले हाम्रो कुरामा सहमति जनाइसक्यो । ऊ पक्कापक्की हामीले थालेको राम्रो कुराको दरो समर्थक भइसक्यो । वास्तविकता भने यस्तो हुँदैन ।

हो, तार्किक तहमा कुनै मान्छे हामीले सही र राम्रो ठानेको कुरामा सहमत भयो भएन, त्यो अवश्यै हेरिनु पर्छ । तर ऊ सहमत भयो भन्नका लागि त्यति नै काफी छैन । मुख्य हेरिनु पर्ने कुरा त सहमत भएको कुराको अनुकूल त्यो मान्छेमा अनुभूति वा भावना पक्ष छ कि छैन भन्ने हो । भावना पक्ष अनुकूल छ भने आशा गर्न सकिन्छ, उसका लाख कमजोरी भए पनि आफ्नो कमजोरी हटाउँदै सहमत भएको कुरा अवश्य व्यवहारमा अनुवाद गर्न उसले संघर्ष र प्रयत्न गर्नेछ । भावना पक्ष शून्य छ भने चाहिं, पूरै भविष्यवाणी गर्न सकिन्छ,- उसले जे स्वीकारेतापनि व्यवहार त्यसको ठीक उल्टो गर्न थाल्नेछ ।

त्यसैले, फगत बोक्रा हेरेर होइन, गुदी समेत हेरेर कुनै पनि कुराको धारणा बनाउनु पर्छ । यही नै उन्नत र वैज्ञानिक संस्कृति हो । ◉

# भूइँचालो र महाभूइँचालो किन र कसरी आउँछ ?


◉ *तुल्सीदास महर्जन*

**"विचरा ! अर्काको घरमा पसेर बेकारमा आफ्नो ज्यान गुमाउनु पऱ्यो । आफ्नै घरमा बसिरहेको भए हुन्थ्यो नि ।" घटनालाई प्रत्यक्ष देख्ने मानिसहरु भन्दै थिए ।**

**यो घटना धरानको थियो । अचानक आफ्नो घर बेस्करी हल्लिंदा मस्त निद्राबाट ब्यूँझी एक जना मानिस नजिकैको अर्को पक्की घरमा पसेको थियो । दुर्भाग्यवश त्यही घर भत्केर त्यो मानिस मऱ्यो । तर उसको आफ्नो घर भने भत्केन ।**

**गत २०४५ साल भाद्र ५ गते विहान ४:५५ बजे अचानक गएको भूकम्पको कारणले धरानमा यस्ता दृश्य एक होइन, सयौं देखिए । विहानपखको मस्त निद्रामा रहेका धरानवासीहरु एक्कासी गएको भूकम्पको ठूलो धक्काले ब्यूँझे र अत्तालिएर यताउति भाग्न थाले । तर कैयौंले भाग्दा भाग्दै पनि भत्किएका घरबाट पुरिएर ज्यान गुमाउनु पऱ्यो ।**

**२०४५ सालको यो भूकम्पबाट धरान मात्र होइन, पूर्वी नेपाल र मध्य नेपाल पूरै प्रभावित भएको थियो । काठमाडौं उपत्यकामा पनि भूकम्पको ठूलो धक्का महसुस गरिएको थियो । भक्तपुरमा दर्जनौं घरहरु भत्किए र आधा दर्जन जति मानिसहरु मरेका थिए ।**




**पृथ्वीको सतह विभिन्न भूखण्डहरुमा विभाजित छ**

नेपालमा यस्ता ठूला भूकम्पहरू १९९० साल, २०१८ साल र २०३८ सालमा पनि आएका थिए । १९९० सालको भूकम्पले त काठमाडौं शहरलाई पूरै ध्वस्त पारेको थियो । त्यतिबेला अधिराज्यभरका हज्जारौं घरहरू पूरै भत्किए भने करिब ८ हजार मानिसहरूले ज्यान गुमाए । त्यसैले भूकम्पको नाम लिनासाथ बुढापाकाहरू १९९० सालको महाभूकम्पको चर्चा गर्छन् ।

थाहा पाएका भूकम्पहरूमध्ये १९९० सालको भूकम्प नै नेपालमा गएका भूकम्पहरूमध्ये सबैभन्दा भयानक र विनाशकारी मानिन्छ । त्यसैले यसलाई महाभूकम्प मानिन्छ ।

यस्ता महाभूकम्पहरू नेपालमा मात्र होइन, चीन, जापान, इरान, आर्मेनिया, इटाली, पोर्चुगल, ग्वाटेमाला आदि देशहरूमा पनि बेला बेलामा आएको र ठूलो जनधनको विनाश भएको खबर हामी पाउँछौं । आखिर यी महाभूकम्पहरू किन र कसरी जान्छन् ? र, यसको रहस्य के हो ?

**हुनत:** पृथ्वीको सतहमा वर्षभरिमा करिब ८ लाख भूकम्पहरू गएका हुन्छन् । तर तीमध्ये धेरै कम संख्याको मात्र हामी महसुस गर्न सक्छौं । त्यसमा पनि एक दुई वटा भूकम्पहरूले मात्र विनाशकारी भूमिका खेलेका हुन्छन् । अपार जनधनको क्षति गर्ने ठूला भूकम्पलाई नै हामी महाभूकम्प भन्दछौं ।

## आखिर भूकम्प जानुको कारण के हो त ?

तपाईंले नदीले खेतबारी कटान गरेको त देख्नु भएको होला । त्यस्तै

**भारतीय प्रायद्वीप हिमालय पर्वत श्रृंखलातिर जमीनमुनि विस्तारै दबिएर गइरहेको छ भन्ने कुरा सुन्दा शायद तपाईंलाई आश्चर्य लाग्ला ।**

त्यसले पहाडका कुना-काप्चाहरू पार गर्दै आउँदा विभिन्न ठूला साना चट्टानका टुक्राहरू बगाएर ल्याएको पनि देख्नु भएकै होला । तर तिनीहरू पनि कहिलेकाहीं भूकम्पको कारण बन्न सक्दछन् भन्ने कुरा तपाईंले सोच्नु भएको छ ? भूकम्पको कारण तिनीहरू पनि हुन सक्छन् ।

हिमनदी, नदी वा वर्षाको पानीले बगाएर ल्याएको माटो तथा चट्टानका टुक्राहरू कुनै ठाउँमा अत्यधिक मात्रामा थुप्रिन जाँदा त्यसको भारलाई जमीनको सतहले थाम्न सक्दैन र जमीन तल धस्सिन जान्छ । यसबाट जमीनमुनिको चट्टानको संरचनामा केही फेरबदल हुन जान्छ । यही फेरबदलको कारणले जमीनमुनि कम्पन पैदा हुन्छ र त्यो सतहमा आई चारैतर्फ तरङ्गको रूपमा फैलन्छ । यसैलाई हामी भूकम्प वा भूइँचालो भन्छौं । भूकम्पको तरङ्गको फैलावट पोखरीमा ढुङ्गा हान्दा पानीको सतहमा देखिने तरङ्गको फैलावट जस्तै हुन्छ ।

कहिलेकाहीं जमीनमुनि रहेका ग्यास र तरल बस्तुको गतिको कारणले पनि जमीन हल्लिन सक्छ । त्यस्तै तापक्रम एक्कासी धेरै मात्रामा घट्ने वा बढ्ने हुँदा पनि जमीनमुनिको चट्टान खुम्चने वा फुक्ने भई जमीन हल्लिन पुग्दछ ।

ज्वालामुखीको क्षेत्रमा ज्वालामुखी विस्फोटन हुँदा र त्योसँग सम्बन्धमा रहेको भूभागलाई धक्का दिंदा पनि भूकम्प पैदा हुन्छ । त्यस्तै ज्वालामुखी नफुट्दै जमीनमुनिको म्यागमा सतहमा आउन खोज्दा पनि भूकम्प जान सक्दछ ।

भूकम्प जाँदा जमीनमुनिको जुन केन्द्रबाट कम्पन उत्पन्न हुन्छ, त्यसलाई हाइपोसेन्टर (Hypocentre) भनिन्छ । यसबाट सिधै कम्प आइपुग्ने जमीनको सतहको केन्द्रलाई इपिसेन्टर (Epicentre) भनिन्छ ।

तर, यस्ता सबै भूकम्पहरू त्यति विनाशकारी हुँदैनन् । अर्थात्, यिनीहरू साना भूकम्पहरू हुन् ।

भूगर्भविद्हरूका अनुसार महाभूकम्पको कारण भने अर्कै छ ।

## महाभूकम्पको कारण

भारतीय प्रायद्वीप हिमालय पर्वत श्रृंखलातिर जमीनमुनि विस्तारै दबिएर गइरहेको छ भन्ने कुरा सुन्दा शायद तपाईंलाई आश्चर्य लाग्ला । तर भूगर्भविद्हरूले यो कुरालाई पर्याप्त तथ्यहरू जुटाई पुष्टि गरेका छन् ।

अझ तपाईंलाई करीब १४ करोड वर्ष अघिसम्म यो प्रायद्वीप अफ्रिका, अष्ट्रेलिया र अन्टार्कटिका महादेशहरूको बीचमा च्यापिएर रहेको थियो भन्ने कुरा सुन्दा झनै आश्चर्य लाग्ला । अझ भूगर्भविद्हरूले त्यस समयमा भारतीय प्रायद्वीपको उत्तरतिर तेथिस सागर नामक विशाल समुद्र थियो पनि भनेका छन् ।


उनीहरूका अनुसार तेथिस सागरको दक्षिणतिर रहेको यो प्रायद्वीप विस्तारै उत्तरतिर सर्दै आई आजभन्दा करीब २ करोड वर्षअघि आएर मात्र उत्तरतिरको तिब्बतीय भूभागमा जोडिन पुग्यो । यही बेला नै अहिलेको हिमालय श्रृंखलाको उत्पत्ति भएको मानिन्छ । भूगर्भविद्हरूले हिमालयको चट्टानको आयु र त्यहाँ भेटिएका समुद्री जीवहरूको अवशेषको अध्ययन गरी यो कुरालाई अगाडि सारेका हुन् ।

तर, यी सबै कसरी संभव भए त ? भूगर्भविद्हरूका अनुसार पृथ्वीको बाहिरी सतह (Earth Crust) विभिन्न भूखण्डहरू (Lithospheric Plates) मिलेर बनेको छ । यस्ता भूखण्डहरू उनीहरूले अहिलेसम्म बाह्र वटा पत्ता लगाइसकेका छन् । यी भूखण्डहरूभित्र महादेशीय भूभाग वा समुद्री पिँध वा दुवै पर्दछन् । यिनीहरू कुनै पनि स्थिर छैनन्, सबै गतिमा रहेका छन् ।

गतिमा रहेका यी भूखण्डहरूमध्ये कुनै एक भूखण्ड कुनै अर्को भूखण्डमुनि

दबिएर गइरहेछ भने, कुनै कुनै भूखण्डहरू बेग्ला बेग्लै दिशातर्फ अगाडि बढ्दैछन् । त्यस्तै कुनै भूखण्डहरू एक आपसबाट झन् झन् टाढिँदै गइरहेछन् भने कुनै एक आपसमा टकराइरहेछन् । यो प्रक्रिया करोडौं वर्ष पहिलेदेखि निरन्तर चलिरहेको छ । यसले गर्दा करोडौं वर्षको अन्तरालमा नयाँ समुद्र तथा महादेश बन्ने वा पुरानो लोप हुने प्रक्रिया जारी छ ।

भनिन्छ, आजभन्दा करीब ३० करोड ६० लाख वर्ष पहिलेसम्म पृथ्वीको सम्पूर्ण धरातल पान्जिया (Pangea) भन्ने विशाल तर एउटै महादेशको रूपमा रहेको थियो । यो भूमध्येरेखीय क्षेत्रमा रहेको थियो भने यसलाई चारैतर्फबाट



## विश्वका प्रमुख भूकम्प स्थलहरू

विशाल महासागरले घेरेको थियो ।

भूखण्डहरूको निरन्तर गतिको कारणले नै यो करीब १३ करोड वर्षअघिसम्म आइपुग्दा लाउरेशिया (Laurasia) र गोन्डावाना (Gondawana) भन्ने दुई ठूला महादेशहरूमा विभाजित भयो । पछि यिनीहरू पनि छुट्टिँदै गई करीब ७ करोड वर्षअघिसम्म आईपुग्दा अहिलेका सात वटा महादेशहरू एक आपसमा छुट्टिसकेका थिए । तर ती त्यतिबेलासम्म पनि नजिक नजिक नै रहेका थिए ।

भारतीय प्रायद्वीप भने हिन्द महासागरको बीचमा तेथिस सागरको दक्षिणतिर एक टापूको रूपमा रहन गयो । पछि यो उत्तरतर्फ सर्दै आज भन्दा करीब दुई करोड वर्षअघि यूरेशियायी भूखण्ड (Eurasian Plate) को दक्षिणतिरको सीमानामा जोडिन आयो । यसले गर्दा हिमालय पर्वतको उत्पत्ति भयो भने तेथिस सागरको लोप हुन गयो ।

भारतीय प्रायद्वीप, अष्ट्रेलिया र हिन्द महासागरको करीब दुई तिहाई भाग एउटै भूखण्ड हिन्द अष्ट्रेलियाई भूखण्ड (Indo–Australian Plate) मा परेका छन् । यो भूखण्ड उत्तरतर्फको यूरेशियायी भूखण्ड (Eurasian Plate) को दक्षिणतिर तिब्बतीय भूभागको मुनिबाट दबिएर गइरहेका छ ।

भूगर्भविद्हरूका अनुसार बाह्रभन्दा बढी भूखण्डहरूमा विभाजित पृथ्वीको बाहिरी तह (Earth Crust) को मोटाई ५ देखि ५० किलोमिटरसम्मको छ । Earth Crust भन्दा मुनिको तहलाई म्यान्टल (Mantle) भनिन्छ । म्यान्टलको माथिल्लो तह लेदो जस्तो अर्ध तरल पदार्थले बनेको हुन्छ । यो तहलाई लेथोस्फेर (Lethosphere) भनिन्छ । यही तहमा Earth Crust का सबै भूखण्डहरू तैरिरहेका हुन्छन् । ती भूखण्डहरू लेथोस्फेरमा तैरेर नै लगातार गतिमा रहन्छन् ।

भूकम्प र पृथ्वीका भूखण्डहरू (Lithospheric Plates) का गतिबीच गहिरो सम्बन्ध रहेको छ । पृथ्वी सतहका भूकम्प उद्‌गम केन्द्रहरू (Epicentres) को अध्ययन र अनुसन्धान धेरै वर्षसम्म लगातार गरेर भूगर्भविद्हरूले यो निष्कर्ष निकालेका हुन् । उनीहरूका अनुसार पृथ्वीको सतहमा जहाँनिर एउटा भूखण्ड अर्को भूखण्डमुनि दबिएर गइरहेका छन्, त्यस क्षेत्रका वरपरका भूभागहरू भूकम्प जाने क्षेत्र (Zone) मा पर्दछन् । हिमालय पर्वत श्रृंखलानिरबाट भारतीय प्रायद्वीप तिब्बतीय भूभागमुनि दबिएर गइरहेको छ । त्यसैले यस पर्वत श्रृंखला वरपरका भूभागहरू अत्यधिक भूकम्प जाने क्षेत्रमा पर्दछन् । नेपाल अधिराज्य पनि त्यही क्षेत्रमा पर्दछ ।

भूखण्डहरू एक आपसमा टाढिँदै गइरहेकाले प्रशान्त महासागरको किनारै किनारका समुद्री पिँधमा गहिरो खाल्डो (Trench) का श्रृंखलाहरू रहेका छन् । त्यसैले प्रशान्त महासागरको किनारमा पर्ने भूभागहरू जस्तो कि दक्षिण अमेरिकाको पश्चिमी किनारादेखि उत्तरमा अलास्कासम्मको पश्चिमी किनारी भूभाग र एशियाका पूर्वी प्रशान्त महासागरीय किनारमा पर्ने साना ठूला सबै टापूहरू भूकम्पको क्षेत्रमा पर्दछन् ।

सारांशमा पृथ्वीका भूखण्डहरू (Lithospheric Plates) को गतिबाट नै अत्यधिक भूकम्प जाने गर्दछ ।

वैज्ञानिकहरू भन्छन्- भूखण्डहरूको टकरावको कारणले भूखण्डीय सिमानाहरू (Plate boundaries) तिर जमीनमुनि लगातार हलचल पैदा भइरहेको हुन्छ । जमीनमुनि जुन विन्दुबाट हलचल पैदा भएको हुन्छ, त्यहाँबाट कम्पको तरङ्ग शुरूमा सिधै जमीनको सतहसम्म आइपुग्दछ र सतहमा पुनः एक केन्द्र बनाई त्यो तरङ्ग पोखरीमा ढुङ्गा हान्दा फैलिने पानीको छाल जस्तै चारैतर्फ फैलिन्छ । यसले गर्दा जमीन क्षैतिजीय (Horizontal) दिशामा हल्लिन्छ र भूकम्प जान्छ ।

भूखण्डहरूको टकरावले जमीनमुनि उत्पन्न हुने भूकम्पको उद्‌गम विन्दु (Hypocentre) जति बढी गहिराइमा हुन्छ त्यति नै बढी भयानक शक्तिशाली तरङ्ग सतहमा आइपुग्दछ । जमीनमुनि धेरै तल पैदा भएको शक्तिशाली हलचलबाट पैदा भएको शक्तिशाली तरङ्ग सतहसम्म आइपुग्दा नै महाभूकम्प जाने गर्दछ ।

भूगर्भविद्हरूले पत्ता लगाए अनुसार पृथ्वीको सतहमा जुन जुन क्षेत्रमा भूखण्डहरूका सीमानाहरू पर्दछन्, त्यही त्यही क्षेत्रका भूभागहरू महाभूकम्प तथा भूकम्प जाने ठाउँहरूको रूपमा रहेका छन् । ❑



## बादल के हो ?
### यो कसरी बन्छ ?

गर्मीको याममा आकाशमा सधैं जसो नै बादल देख्न सकिन्छ । तरह-तरहका बादलहरु विभिन्न आकृति बनाइ आकाशमा यताउता डुलिरहेका हुन्छन् । बादलहरुको आकृतिमै कविहरु कविता देख्छन् । त्यस्तै बादल गर्जिंदा किसानहरु राम्रो सपना देख्छन् ।

आखिर यो बादल के हो त ? र, यो कसरी बन्दछ ?

घामको कारणले गर्दा पृथ्वीको सतहमा रहेको पानी (जस्तो कि समुद्र, ताल, नदी, पोखरी आदि ठाउँमा रहेको पानी) बाफिन्छ र त्यो आकाशमाथि उड्दछ । त्यसरी बाफिएर आकाशमाथि उडेको पानी हावासंग मिसिन जान्छ ।

निश्चित तापक्रमको हावाले निश्चित पानीको बाफ मात्र बोक्न सक्दछ । हावामा त्यसले बोक्न सक्ने मात्राभन्दा बढी पानीको बाफ मिसिन आएमा उब्रेको पानीको बाफको भाग द्रविभूत हुन्छ । अर्थात् त्यो तरल पानीमा परिणत हुन्छ ।

हावा जति बढी तातो हुन्छ, त्यति नै बढी पानीको बाफ त्यसमा मिसिन सक्छ । र, हावा जति चिसो हुन्छ त्यही अनुपातमा हावाले पानीको बाफ आफूमा मिसाउने क्षमता गुमाउँछ ।

तातेको हावा हलुका हुने भएकोले जमिनको सतहभन्दा माथिमाथि उड्दछ । तर, जति सतहभन्दा माथिमाथि पुग्दै जान्छ हावाले त्यति त्यति नै तापक्रम गुमाउँदै जान्छ । फलस्वरुप पानीको बाफलाई मिसाउने क्षमता पनि त्यही अनुपातमा त्यसले गुमाउँदै जान्छ ।

माथि बहँदै गरेको हावा कुनै उचाईमा पुग्दा त्यसले बोक्दै गरेको पानीको बाफको मात्रा त्यसले बहन गर्न सक्ने मात्राभन्दा बेसी हुन पुग्छ । त्यसरी बेसी हुन पुगेको मात्राको पानीको बाफ द्रविभूत हुन पुग्दछ । र, त्यही द्रविभूत भएको तरल पानीको अत्यन्तै मसिना कणहरुको विशाल समूह नै बादल हो ।

-सुशिल

गत फागुनको पहिलो हप्ता साहित्यकार खगेन्द्र संग्रौलालाई सरकारले बाटैबाट अपहरण गरी गायब पारी करीब दुई हप्ता थुनामा राखेको थियो । 'सडकमा प्रहरीको गाडीमा ढुङ्गामुढा गरेको' भन्ने कायरतापूर्ण र हास्यास्पद आरोपमा उहाँमाथि गरिएको यस अमानवीय व्यवहारले वर्तमान सरकारको अभिव्यक्ति स्वतन्त्रतामाथिको हस्तक्षेपकारी रबैयालाई प्रष्ट पारेको छ । यस पटक प्रस्तुत छ- श्री संग्रौलाले थुनामा रहँदाको सो समयमा लेख्नुभएको यो कविता- **मूल्याङ्कन**

# जीवनको रङ्ग र मृत्युको अर्थ


खगेन्द्र संग्रौला

मानव मुक्तिको दुर्दान्त सन्देश भएर  
वीर शहीदका सपना पोस्विएका  
उदात्त सडकलाई  
जङ्गबहादुरका घोडा कुद्ने  
सुशोभन-पथ मान्न इन्कार गरें मैले  
र घोषणा गर्‍यो  
जङ्गलको कानूनले मलाई  
- तँ अपराधी !

क्रूर र बर्बर  
वीभत्स र अन्धकार अन्तहीन सुरङ्गमाझ  
म छु, यो घडी  
जीवनको रङ्ग सोचिरहेको ।  
आदिम पशु  
खडा छ मेरा सामू  
राइफलको भेषमा  
क्रूर बर्बर  
वीभत्स र अन्धकार  
अन्तहीन सुरूङ्गमाझ  
जहाँ म छु, यो घडी ।

मेरो कथा सरल छ-  
कालोलाई सेतो भन्न इन्कार गरें मैले  
इन्कार गरें मैले  
जङ्गबहादुरहरूलाई जननायक मान्न,  
हातभरि ठेला र आङभरि डाम भएकी  
सुत्केरी आमाको भोकको आर्तनादलाई,  
जङ्गबहादुरका घोडाका टापमुनि किचिएका  
असहाय, अबोध बालकको  
हृदयविदारक चित्कारलाई, र  
बलात्कृत नारीको अकथनीय क्रन्दनलाई  
इन्कार गरें मैले  
स्वर्गिक संगीतको परमानन्द मान्न  
र घोषणा गर्‍यो जङ्गलको कानूनले मलाई  
- तँ अपराधी !

समाजको स्पन्दन,  
दूर छ मदेखि, यो घडी  
प्रियजनहरू बादलपारि  
आवाज मेरो दमित छ  
र सन्देशहरू सबै बन्धित  
हत्कडी लगाइएका मेरा हात झैं  
समय कैद छ मेरा सामू  
अहिले, अड्केर  
संगीनको विषाक्त टुप्पोमा  
क्रूर र बर्बर  
वीभत्स र अन्धकार  
अन्तहीन सुरूङ्गमाझ म छु, यो घडी  
उल्लसित र उदास एकसाथ  
जीवनको मर्म सोचिरहेको !


मलाई माफ गर  
मेरा प्रियजनहरू-  
आमा र पत्नी  
छोरा र छोरी  
बन्धु र बान्धव,  
क्रूर भएर आफैंप्रति  
तिम्रा स-साना सपनाका  
सीमाभित्र कैदी बन्न  
इन्कार गरे मैले, जानाजान  
अनन्त अभागीका विराट् सपनाको  
इन्द्रेनी बोक्न, शिरमाथि  
आवाज दिन तिनका अथाह पीडालाई  
सके जति निचोरेर  
आफैलाई  
निकास दिन तिनका दमित आकांक्षालाई  
र, आदिम पशुको स्वर्गलाई  
प्रचण्ड हाँक दिन !

भोको र चिसो  
क्रूर र बर्बर  
वीभत्स र अन्धकार  
अन्तहीन सुरूङ्गमाझ म छु, यो घडी  
उल्लसित र उदास एकसाथ  
आफ्नो विवेकको रोजाइलाई  
सगर्व सकार्दै  
मृत्युको अर्थ सोचिरहेको !

मेरा प्रियजन !  
मेरा कामरेड !  
बिलाएँ भने म कतै  
आदिम पशुको नारकीय यस सुरूङ्गभित्र  
चिहाउनू र भेट्नू मलाई  
हर आमाका ममतामय आँस्वामा  
हर बाल-मुस्कानको निश्चलतामा  
हर किसानका जीवनदायी सपनामा  
हर ज्यामीका सृजनशील औंलाको अविरल संगीतमा  
हर युवा जोडीका सुन्दर प्रेमालिङ्गनमा  
र विस्फोटनमा !  
अत्याचारी दानवको स्वर्ग  
भष्म-खरानी पार्ने  
प्रलयङ्कारी र पवित्र  
जन-विस्फोटनमा !!

९ फागुन २०५२  
वङ्गा सुरुङ्ग  
महाराजगञ्ज, काठमाडौं ।

## कथाकार इश्मालीलाई पारिजात-पुरस्कार



२०५३ सालको "पारिजात सृजन पुरस्कार" कथाकार इश्मालीलाई प्रदान गरिएको छ। गत वैशाख २९ गते "पारिजात स्मृति समारोह" मा उहाँलाई सो पुरस्कार हस्तान्तरण गरिएको हो । गत वर्ष सो पुरस्कार कवयित्री कुन्ता शर्माले प्राप्त गर्नु भएको थियो ।

प्रगतिशील कथाकार इश्माली गत दुई दशकभन्दा अघिदेखि नै साहित्य- सृजनामा सक्रिय हुनु हुन्छ ।

यसैबीच, यस वर्षको "गोकुल जोशी साहित्य-पुरस्कार" जनकवि केवलपुरे किसानलाई प्रदान गरिएको कुरा गण्डकी साहित्य संगमले जनाएको छ । ❑

नव वर्ष २०५३ को  
उपलक्ष्यमा  
संपूर्ण देशवासीहरुमा  
हार्दिक  
शुभकामना !

नेपाल बैंक लिमिटेड  
(स्थापित १९९४)

# यसरी गरिन्छ– फिल्ममार्फत् उपभोक्तावादको प्रचार

"सूरज बड्जात्यालाई नचिन्ने को होला ? उनी हिन्दी फिल्महरुको इतिहासमा दुई सर्वाधिक लोकप्रिय फिल्महरुका निर्देशक हुन् । तीन–चार वर्ष अगाडि उनले "मैंने प्यार किया" नामक फिल्म बनाएका थिए, जसले "शोले" द्वारा स्थापित कमाइको रेकर्डलाई तोडेको थियो । यस पटक उनले "हम आपको है कौन" फिल्म बनाए र सफलताको आफ्नै रेकर्डलाई ध्वस्त गरिदिए । यी दुवै फिल्महरु प्रेम कहानी हुन् । दुवै फिल्ममा यौन र हिंसा जस्ता आपत्तिजनक मसलाहरु मिसाउनुबाट निर्देशक बचेका छन् । दुवै फिल्म सुकिलो मुकिलो घरेलु–मनोरंजनको श्रेणीमा आउँछन् । तर दुवैबीचको समानता यहीं खत्तम हुन्छ । विचारधाराको स्तरमा यी फिल्महरु काफी भिन्न निस्केका छन् । "मैंने प्यार किया"ले प्रेम, परिवार, व्यक्ति र समाजका अन्तर्सम्बन्धहरुलाई पुरानै शैलीमा प्रदर्शन गर्छ अर्थात् यसले (भारतमा) उदारीकरणभन्दा पहिलेको समाजको प्रतिनिधित्व गर्छ भने, "हम आपके हैन कौन" ले चाहिं उदारीकरण र त्यसको कारण पैदा भइरहेको समाजको प्रतिनिधित्व गर्छ ।"

यो विवरण भारतका प्रगतिशील लेखक/समीक्षक रवि बासुदेवन र अभयकुमार दुवेले लेख्नु भएको विवरण हो । (समय चेतना, जनवरी १९९६)

❑ आउनुहोस्- एकछिन अर्को भारतीय प्रगतिशील त्रैमासिक "उद्भावना" का समीक्षक अजेय कुमारको विश्लेषण पढौं-

"सबभन्दा पहिला त पूरै फिल्म (हम आपके हैन कौन) भरि नै "खुशी" र "खुशीपूर्ण परिवार" को जुन तस्वीर पेश गरिएको छ, यस्तो प्रकारको जिन्दगीको तस्वीर पेश गरिएको छ, जसमा कुनै संघर्ष छैन, परिवारमा कुनै कुरामा पनि कुनै मतभेद छैन, सबै नातेदारहरु, दिदी–बहिनी, दाजु–भाइ, आमा–बाबु, साली–भिना सब एक–अर्कोलाई प्रेम गर्छन् । प्रेम (सलमान खान) ले त आफ्नो जीपमा लेखेको पनि छ– "आई लभ माई फ्यामिली" अर्थात् म आफ्नो परिवारलाई प्रेम गर्छु । परिवारमा पैसा कहाँबाट आइरहेको छ, यसको चर्चा कहीं पनि गरिएको छैन । पूजा (रेणुका शाहाने) जब आमा बन्ने हुन्छे, तब जुन खेलौनाहरुको करीब करीब वर्षात् जस्तै पर्दामा देखाइन्छ, यसले एक अत्यन्त धनाढ्य घरपरिवारको छवि पेश गर्छ । साथै, परिवारको केटो विदेशी सहायताबाट एउटा कार उद्योग स्थापना गर्ने संझौता तय गरेर आउँछ । हिंजडाहरुलाई जुन पैसा दिइन्छ, विहेमा उपहार र पटाकाहरुको भरमार देखाइन्छ र घरमा विलियर्डस् जस्तो खेल मौजुद देखाइन्छ आदि, यी सबै कुराबाट फिल्ममा एउटा यस्तो धनी सुखी परिवारको झलक मिल्छ, जुन परिवार आफ्नो खुशीलाई झण्डै जबरजस्ती नै दर्शकहरुमाथि लाद्न चाहन्छ । खाने पिउने चीजहरुको अधिकता (मिठाइ, कुल्फी, स्याउ, हलुवा, चिया, पान सबथोक यति धेरै मात्रामा उपलब्ध शायद नै अन्य कुनै फिल्ममा पाइएला !) यो फिल्मको मुख्य आकर्षण हो । कैयौं हँस्सी मजाकहरु पनि खाने–पिउने कुराहरुमा केन्द्रित छन् । सिरकमुनि पापडहरुको प्रयोग, हलुवामा चिनीको ठाउँमा नून र यहाँसम्म कि "टफी" (एउटा सेतो भुवा भएको कुकुर, जुन परिवारको एक महत्त्वपूर्ण सदस्यको रुपमा फिल्ममा रहेको छ) ले पनि पूरै एक बोतल थम्स अप पिइदिन्छ । प्रेम र निशाको रोमांशमा चकलेटको आफ्नैखाले योगदान छ । सजाइएका खानाहरुलाई यसरी देखाइएको छ, मानौं यो दुनियाँमा यी खाने कुराहरुको कुनै कमी छैन । सबकुछ भरपूर मात्रामा उपलब्ध छ ।

साथै, एक खास कुरा ध्यान दिन योग्य छ– त्यो हो– बाड्जात्याजीले यो फिल्ममा कहीं पनि पश्चिमी सभ्यताका चिन्हहरु देखाएका छैनन्, रक्सी, कुखुरा, मासु र चुरोटसम्म पनि कसैले खाँदैन । एउटा शुद्ध उच्च वर्गीय हिन्दू परिवार, जहाँ शान्ति छ, जहाँ समाजका सबै सुखहरु मौजूद छन्, जहाँ सबै कामहरु रीतिरीवाज अन्तर्गत हुने गर्छन्, जहाँ कोही विद्रोही पैदा हुँदैन, जसले यो सोधोस् कि– यत्ति धेरै संपत्ति कहाँबाट आयो ? यस्तो परिवारको परिकल्पना फिल्ममा गरिएको छ– जसमा संस्कृति, धर्म र तमाम धार्मिक चिन्हहरुको यसमा गरिएको उपयोगले पनि यस कुरालाई पुष्टि गर्छ । राजेश (मोहनीश बहल) आफ्नी हुनेवाली पत्नी पूजासंग राम–टेंगरी मन्दिरमा भेट गर्छ । पूजा उसलाई आफू एक सुशील, सुसंस्कृत नारी हुनुको परिचय दिन्छे– राम मन्दिरको एक चित्रकला उपहार दिएर । पूजालाई चाहिं उपहार के प्राप्त हुन्छ नि ?– रामायणको किताब, जसमाथि हात राखेर प्रेम आफ्नी भाउजूलाई रक्षा गर्ने बाचा गर्छ । पृष्ठभूमिमा पानीमा तैरिरहेका माटोका प्यालाहरुमा बलेका बत्तिहरुले 'स्वस्तिक' चिन्ह बनाएको देखिन्छ । बड्जात्याजीले यस्तो केटीको नाम निकै सोचेर नै राखेका छन्- पूजा ।"

## "हम आपके है कौन ?"



● सबै भन्दा बढी पैसा कमाएको हिन्दी फिल्म !

❑ पाठकवृन्द ! हिन्दी फिल्म "हम आपके है कौन" ले अत्यधिक नाफा कमायो, यसलाई अत्यधिक दर्शकहरूले मन पराए भन्नुको अर्थ के ?

निश्चितै रूपमा यसको अर्थ- फिल्मले वर्तमानमा दर्शकहरूमा रहेको रूचिलाई चिनेर त्यस अनुकूल केही दिएको छ भन्ने लाग्दछ । काठमाडौंका दुई सिनेमा हलहरूमा समेत हालै प्रदर्शित भएको यो




शमशुल इस्लाम

# दिल्लीमा सडक-नाटकमाथि पुलिस हस्तक्षेप

निशान्त नाट्य मंच दिल्लीमा सडक-नाटक प्रस्तुत गर्दै

आफूलाई "विशाल प्रजातन्त्र" भनी मान्न र भन्न नथाक्ने भारतीय शाषक वर्गले आफ्नो यो "प्रजातान्त्रिकता" को सक्कली अनुहार गत चैत्र ९ गते देखाएको घटना आज पनि भारतमा चर्चाको विषय बनी नै रहेको छ।

सो दिन प्रसिद्ध सडक-नाटक संस्था "निशान्त नाट्य मंच" ले एक सडक-नाटक प्रदर्शन गर्ने तयारी गरिरहेको थियो । उक्त सडक-नाटक आयोजना स्थलमा अचानक पुलिसले प्रवेश गरी दर्शकहरूमाथि समेत लाठी प्रहार गर्‍यो र उनीहरूलाई लखेट्यो । महिला र पुरूष दुवैथरी कलाकारलाई पुरूष प्रहरीहरूले धकेल्दै, हुत्याउँदै नजिकैको स्थानीय बोटक्लव पुलिस चौकीमा लगे ।

उक्त सडक-नाटक हालै भारतमा चर्चित रहेको हवाला काण्डको पर्दाफास गर्न बनाइएको थियो। यसको शीर्षक थियो- **"अब हवाला के हवाले वतन साथियो"** ।

उक्त सडक-नाटक भारतका शहीदहरू भगतसिंह, राजगुरू र सुखदेवको ६५ औं शहादत दिवसको उपलक्ष्यमा दिल्लीस्थित कृषि भवनको पछाडि रहेको मैदानमा प्रदर्शित हुँदैथियो ।

स्मरणीय छ, भारतमा चर्चित एक सक्रिय प्रगतिशील सांस्कृतिक संस्था "निशान्त नाट्य मंच" ले शहीदहरूको शहादत दिवसको उपलक्ष्यमा एउटा सांस्कृतिक अभियान नै संचालन गरेको थियो, जस अन्तर्गत प्रभात- फेरी, पोस्टर प्रदर्शनी, व्यंग्यचित्र प्रदर्शनी र सडक-नाटक (नुक्कड-नाटक) को आयोजना गरिएका थिए। दिल्ली र आसपासका क्षेत्रका विभिन्न स्थानहरूमा यी आयोजनाहरू संपन्न गरिएका थिए ।

प्रहरीले सो हस्तक्षेपको समयमा कलाकारहरू र शहीदहरूप्रति अपशब्दहरू बोलेका थिए। त्यहाँ कलाकारहरू गिरफ्तार मात्र भएनन्, शहीदका चित्र-पोस्टरहरू च्यात्ने काम समेत गरिए ।

यो दमन र सांस्कृतिक कर्मीहरूमाथिको जंगली व्यवहारलाई लिएर "निशान्त नाट्य मंच" का प्रमुख लेखक तथा कलाकार शमशुल इश्लामले सरकारको घोर विरोध गर्नु भएको छ । साथै उहाँले रंग कर्ममाथिको यस नांगो हमलाप्रति संवेदनशील नरहेका भारतका सरकारपक्षीय कथित "हस्ती" नाट्यकर्मीहरूको रवैयाप्रति दुःख व्यक्त गर्नु भएको छ। ❑

युवाहरूको मासिक खुराक नव युवा

तपाईंको निम्ति पनि उपयोगी !
तपाईंका छोराछोरीहरू,
भाइबहिनीहरूको निम्ति पनि उपयोगी !!
समस्त युवाहरूको निम्ति उपयोगी !!!

मूल्याङ्कन मासिकको सहकर्मी

नव युवा




स्वस्थ, सार्थक, प्रगतिमुखी, रोचक र
ज्ञानवर्द्धक सामाग्रीहरुको संगालो !

❑ के तपाईंले किनेर पढ्नुभयो ? ❑ के तपाईंले किनेर घर लगिदिनु भयो ?
❑ तपाईंले नै लामो समय अघिदेखि खोजिरहनु भएको, प्रतीक्षा गरिरहनु भएको प्रकाशन ❑ नयाँ अंक हरेक महिना बजारमा आइरहेछ !!

हाम्रो हरेक अंक तपाईं निम्न सामाग्रीहरूले भरपूर पाउनु हुनेछ

सामाग्रीहरु
- विज्ञानका आश्चर्यजनक आविष्कारहरु
- प्रकृतिका अनेकौं रहस्यहरुको रहस्योद्‌घाटन
- नेपाल र विश्वका विभिन्न मुलुकका रोचक र ज्ञानवर्द्धक जानकारीहरु
- संसारका र नेपालका महत्त्वपूर्ण मानिसका जीवनीहरु
- वैज्ञानिक सोच र असल चरित्र निर्माण गर्न मद्दत गर्ने रचनाहरु
- आई. क्यू बढाउन मद्दत गर्ने
- अनेकौं थरिका सामान्य ज्ञानहरु
- इतिहासका रोचक र प्रेरक प्रसंगहरु
- खेलकूद, फिल्म, रंगमंचका ताजा गतिविधिहरु र तिनीहरुको ज्ञानवर्द्धक समीक्षा
- विभिन्न विषयमा पाठकहरुको प्रश्नको विशेषज्ञहरुको जवाफ
- मुक्तक, कविता र कथाहरु आदि ।

अन्तर्क्रिया प्रकाशन प्रा.लि.
फोन: ४२२७६९, काठमाडौं

यस वर्षको मे दिवसलाई नेपालका मजदूर संगठनहरूले आ-आफ्नै प्रकारले मनाए । थुप्रै साझा सवालहरू विद्यमान रहेको नेपाली मजदूर आन्दोलनले किन "मे दिवस" जस्ता अवसरहरूलाई मात्रै पनि संयुक्त रूपमा मनाउन सकेन ?- भन्ने प्रश्न नेपालको प्रगतिशील आन्दोलनका समर्थक जो-कोहीको मनमा पनि उठ्नु स्वाभाविकै हो । यसै सन्दर्भमा, हामीले यसपल्ट यो साझा-मजदूर आन्दोलन किन नभइरहेको हो भन्ने बारेमा नेपालका तीन वटा प्रगतिशील मजदूर संगठनहरूका नेताहरूसमक्ष जिज्ञासा राखेका थियौं । हालको मजदूर आन्दोलनको मूल समस्या के हो भन्ने बारेमा समेत उहाँहरूका ठम्याइहरू प्राप्त गरी उहाँहरूका विचारहरूलाई यहाँ प्रस्तुत गरेका छौं ।

**सहभागी मजदूर नेताहरु:-**

□ ***आनन्द शर्मा,***
सचिव, अखिल नेपाल ट्रेड युनियन, केन्द्रीय समिति

□ ***जय कार्की,***
महासचिव, अखिल नेपाल ट्रेड युनियन महासंघ

□ ***विष्णु रिमाल,***
महासचिव, नेपाल ट्रेड युनियन महासंघ

-मूल्याङ्कन




- **हाल मजदूरहरुले झेलिरहेका मुख्य मुख्य समस्याहरु के के हुन् ?**
- **नेपाली मजदूरहरुका समस्याहरु सबैका निम्ति साझा समस्या भएरपनि यहाँ साझा–मजदूर आन्दोलनहरु हुन सकिरहेका छैनन्, किन ?**

# मे दिवस: संयुक्त मजदूर आन्दोलन किन भइरहेको छैन ?

## समस्या साझा छन् तर दृष्टिकोण अलग-अलग छन्

**— आनन्द शर्मा —**



□ नेपाल अर्धसामन्ती र अर्धऔपनिवेशिक मुलुक भएकोले उद्योगधन्दाको संख्या यहाँ कम छ, जसको प्रत्यक्ष असर मजदूरहरू र मजदूर आन्दोलनमा पर्दछ । सामन्तवाद र साम्राज्यवादी शोषणमा पिल्सिएको मुलुक र त्यही प्रकारको राज्य-व्यवस्था भएकोले मजदूरहरूले प्राप्त गर्नुपर्ने सामान्य पूँजीवादी सीमाभित्रका हक अधिकार र सुविधाहरू समेतबाट नेपाली मजदूरहरू बंचित हुनु परिरहेको छ । महंगी आकासिंदै गएको छ । तर वेतन जहाँको तहीं छ । श्री ५ को सरकारद्वारा निर्धारण गरिएको न्यूनतम वेतन मासिक रू. ११००/- तथा दैनिक रू. ४०/- ले एक जना मजदूरलाई बस्ने कोठाको भाडासमेत तिर्न पुग्दैन । यसबाट मजदूरहरूको जीबनस्तरको सजिलै अन्दाज गर्न सकिन्छ । श्रमिकहरूलाई उपलब्ध गराउने भनिएको महंगी-भत्ता जस्तो सुविधा पनि एकाध सीमित क्षेत्र छाडेर अन्यत्र लागू गरिएको छैन । न त सरकारद्वारा नै त्यसप्रकारका प्रयत्नहरू भएका छन् ।

वर्क परमिट लागू नगरिएका कारणले नेपाली मजदूरहरू क्रमशः विस्थापित हुने अवस्था छ र सीमित रोजगारको अवसरबाट पनि नेपालीहरूले हात धुनुपर्ने अवस्था छ । १०७ वर्ष अगाडि अमेरिकाको पूँजीवादी सरकारले पूरा गरेको आठ घण्टा कामको व्यवस्था नेपालको सीमित क्षेत्रमा छाडेर अन्यत्र अझै पनि लागू भएको छैन । गार्मेन्ट, निर्माण, गलैंचा आदि क्षेत्रमा आज पनि १६/१८ घण्टासम्म काममा जोतिनु परिरहेको छ । अधिकांश क्षेत्रमा नियुक्ति-पत्र तथा स्थायी गर्ने जस्ता कुनै पनि प्रकारका सुविधाहरू उपलब्ध छैनन् । ठेकेदारी प्रथाले वास्तविक मजदूरहरू दोहोरो शोषणमा परिरहेका छन् । श्रम ऐन र ट्रेड युनियन ऐन बनेका छन् । तर प्रथमतः

# हाल मजदूरहरूको मूल समस्या के हो ?

तिनीहरूको मूल चरित्र मजदूर विरोधी प्रकारको छ । द्वितीय, ऐनमा उल्लेखित सीमित हक अधिकार र सुविधाहरू पनि लागू गरिएका छैनन् र स्वयं सरकार त्यो दिशामा पहल गर्न तयार छैन । यसरी देशमा व्यवस्था फेरिए, सरकारहरू बदलिए तर मजदूरका समस्याहरू उस्तै छन् ।


जहाँसम्म, नेपाली मजदूहरूको दीर्घकालीन समस्याको सवाल छ, निश्चय नै त्यो सामन्तवादी, साम्राज्यवादी शोषण नै हो ।

❑ सबै मजदूरहरूका समस्याहरू साझा छन् । तर ती समस्याहरूलाई बुझ्ने र समाधानको विन्दु पहिल्याउने विषयमा विभिन्न संगठनहरूका अलग अलग दृष्टिकोणहरू रहेका छन् । जस्तै ने.का. सत्तामा आएको बेला ट्रेड युनियन कांग्रेसले मजदूरहरूको समस्या समाधान भएको ठान्दछ वा त्यही रूपमा बुझ्दछ । त्यस्तै एमाले सत्तामा रहेको बेला ने.स्व.म.यु. ले मजदूर हक, अधिकारका लागि संघर्ष गर्नुपर्ने आवश्यकता नै ठान्दैन ।

हाम्रो संगठनले वर्तमान संसदीय व्यवस्था र यसैको सीमाभित्र रहेर मजदूरहरूको समस्या पूर्णरूपले समाधान हुन सक्छ भन्नेमा विश्वास गर्दैन र हालसम्मका इतिहासबाट पनि यी कुरा प्रष्ट हुन्छ । तैपनि तात्कालीन समस्याहरूलाई लिएर मिल्न सकिने सवालहरूमा मिल्न सकिने र अन्य संगठनहरूसंग संयुक्त रूपमा साझा आन्दोलन उठाउनु आवश्यक छ भन्ने हाम्रो संगठन ठान्दछ । ◎

## जस लिने र अपजस भिडाउने कुरामा यहाँ होडबाजी छ

-जय कार्की



जय कार्की

❑ संसारको सुन्दर सृष्टी गर्न श्रमको सबैभन्दा ठूलो महत्त्व हुन्छ । तर त्यसको सृष्टीकर्ता नेपाली मजदूर वर्गको भने साह्रै गएगुज्रेको हालत छ । उनीहरूले वर्तमान अवस्थामा खास गरी, कानूनी तथा राजनैतिक समस्या र आर्थिक समस्याहरू नै प्रमुख रूपमा भोगिरहेका छन् ।

मलाई लाग्छ- यी दुई समस्याहरू अन्तरसंबन्धित छन् । कानूनी तथा राजनैतिक समस्यमा संगठित हुने स्वतन्त्रता, सामाजिक सुरक्षा र रोजगारीको सुरक्षा जस्ता कुराहरू पर्दछन् । २०४६ सालको जन आन्दोलनले मजदूर वर्गलाई श्रम ऐन, ट्रेड युनियन ऐन र त्यसैगरी श्रम नियमावली तथा ट्रेड युनियन नियमावली त विधिवत रूपमा दियो तर मजदूर विरोधी दफा, उप दफाको ठूलै संग्रह गरेर । यसले गर्दा मजदूर, विरोधी ऐन कानूनले बाँधिएका छन् । ऐनले मजदूर संगठन खोल्ने, समस्या समाधानको लागि व्यवस्थापनसमक्ष माग राख्ने र सौदाबाजी गर्ने अधिकार त दिएको छ, तर व्यवस्थापनलाई पनि तालाबन्दी गर्ने, मजदूर निष्काशन गर्ने, युनियन खोल्नुभन्दा अगावै निष्काशन गर्ने पूर्ण अधिकार दिएको छ । यो त "जंगलको राज" मात्रै भयो, हैन र ?

अहिले त मजदूर विरोधी राजनैतिक लहर नै चलेको छ, त्यसैले निजीकरण र दलालीकरण प्रथाले देशलाई र शोषित मजदूर वर्गलाई झन् शोषणको जाँतोमा पिस्दै लगेको छ । उनीहरू सामाजिक सुरक्षा र कामको सुरक्षाबाट वंचित हुँदै गएका छन् । किनकि तथाकथित उदारवादी राज्य सत्तामा जनता र पीडित वर्गप्रति सरकार उत्तरदायी हुनुपर्दो रहेनछ, सरकारले जनताको पीडामा मतलब राख्नु पर्दो रहेनछ । २०४६ पछि ७ वर्षमा नेपालमा ४ वटा सरकार बनिसकेका छन् । तर यी आफैले कानूनमा तोकेको न्यूनतम तलव स्केल लागू गर्न सकेका छैनन् । र, आफैंले घोषणा गरेको तलव खुवाउन पनि सकेका छैनन् । पूँजीपति वर्गको लागि उदारवाद र निजीकरण भनेको मेहनतकश वर्गको शोषण गर्ने महत्त्वपूर्ण लाइसेन्स हो भने, मेहनतकश वर्गको लागि यो घाँटीको पासो हो । यो पनि एउटा प्रमुख समस्याको रूपमा देखा परिरहेको छ ।

❑ मजदूरहरूका साझा समस्या छन्, ती साझा समस्याको लागि मोर्चाकै रूपमा सामेल नभएता पनि प्रायः कुनै पनि ट्रेड युनियनहरूले जायज समस्या समाधानका लागि उठाएका आवाजहरूलाई काउन्टर दिने गरेको उदाहरण हाम्रो देशमा त्यति धेरै छन् जस्तो लाग्दैन । हामी सबैले बुझ्न सक्ने उदाहरण हो- विराटनगर जुट मिलको मजदूर समस्यामा त्यहाँ सबैखाले ट्रेड युनियनका मजदूरहरूको उपस्थिति छ, सबै नै मिलेर, सबै नै राजनैतिक पार्टीहरूलाई गुहारेर मिल संचालनमा एक मत देखिएका थिए, अहिले पनि एकमत छन् । किनकि यो स्पष्टतः रोजीरोटीसंग गाँसिएको सवाल हो, साझा सवाल हो ।

तर काम फत्ते भएपश्चात् 'जस' कसले लिने, काम बिग्रिएमा 'अपजस' कसलाई भिडाउने त्यो चाहिं अलिकति होडबाजीको विषय बनेको छ ।

मजदूर युनियनहरू प्रष्ट रूपमा राजनैतिक पार्टीसंग पनि जोडिएका छन्, त्यसैले वैचारिक सवालमा भिन्नता हुनु र राजनैतिक सवालमा फरक मत देखिनु स्वाभाविक नै हो ।

रचनात्मक कार्यलाई पनि फाट्टफुट्ट भाड्न खोजिएका उदाहरणहरू पनि छन् । तर त्यसलाई उजागर गर्नुभन्दा गल्तीलाई सच्याउँदै सकेसम्म संकीर्ण विचारलाई र ठूलो माछाले सानो माछालाई सलक्कै निल्नै पर्ने प्रक्रियाभन्दा पृथक रहेर अझै पनि थुप्रै काम गर्न सकिन्छ, मजदूर वर्गलाई थप प्रेरणा दिन सकिन्छ ।


मैले कमसे कम केन्द्रीय स्तरका ट्रेड युनियनबीच सम्बन्ध कायम राखौं, कार्यशैली तथा मजदूर गतिविधिका बारेमा विचार आदानप्रदान गरौं भनी अनौपचारिक रूपमा प्रस्ताव पनि राखेको हुँ । ट्रेड युनियन कांग्रेस बाहेकका अन्य मित्रहरूले यस प्रस्तावलाई स्वीकार पनि गर्नु भएको हो । तर GEFONT का साथीहरूले त हामीले त्यस्तो कार्यक्रम राखी नै सकेका छौं, तपाईहरूलाई बोलाउँछौं पनि भन्नु भएका हो । तर उहाँहरूले पनि यसतर्फ काम गरेजस्तो लागेन, हामी पनि त्यस कार्यमा सफल भएका छैनौं । लुकाउनु पर्ने केही छैन । "मूल्याङ्कन" को यो प्रश्नले पुनः साथीहरूलाई यसतर्फ सोच्न बाध्य पार्छ कि ?

मजदूर आन्दोलनमा आएको सिथिलताले साझा सवालमा संयुक्त आन्दोलन गर्न घच्घच्याइरहेको छ । मजदूर वर्गको पार्टीले पनि मजदूर आन्दोलनलाई कसरी हाँक्ने हो, यस विषयमा गहन चिन्तन-मनन गर्नै पर्दछ । मजदूर संगठनलाई मात्र मजदूर आन्दोलनको जिम्मा लगाउने कामभन्दा पनि सिंगो मजदूर वर्गीय पार्टीले मेहनतकश वर्गको पक्षमा दृढ रूपमा उभिनै पर्दछ । ◎



# माओले गर्नु भएको वर्ग विश्लेषणसम्म मात्र सीमित भएर पुग्दैन

——————विष्णु रिमाल



वि ष्णु रि मा ल

❑ नेपाली मजदूरहरूले भोलिरहेका समस्याहरूलाई दुई भागमा विभाजन गर्नु उपयुक्त हुन्छ । पहिलो आधारभूत एवं वर्गीय र दोस्रो पेशागत ।

वर्गीय समस्या उत्पादन सम्बन्धसंग सम्बन्धित छ । हाम्रो देशमा अर्धसामन्ती-अर्धऔपनिवेशिक चरित्र अनुरूपको उत्पादन सम्बन्ध रहेको छ । सामन्ती दलाल तथा नोकरशाही पूँजीवादी शोषण र उत्पीडन नेपाली मजदूरमाथि जारी रहनुको कारण पनि यही नै हो । हामी जुन आधारभूत परिवर्तन या क्रान्तिको कुरा गरिरहेका छौं, त्यो अर्ध-सामन्ती-अर्धऔपनिवेशिक उत्पादन सम्बन्धको अन्त्य गरी श्रमजीवी वर्गीय उत्पादन सम्बन्ध कायम गर्ने कुरा हो । यो समस्या वर्तमान श्रम कानूनहरूमा सुधार गरेर मात्र हुने कुरा होइन-आधारभूत रूपमै संरचनामा परिवर्तन हुनु पर्छ ।

पेशागत समस्याभित्र चाहिं श्रम कानूनहरूमा रहेका विसंगतिहरू, अति-न्यून ज्याला, पेशागत रोगहरूको समस्या, श्रमको ज्यालादारीकरण (क्याजुअलाइजेशन), ठेक्का प्रथा, खुल्ला अर्थतन्त्र तथा आर्थिक उदारीकरणसंग आएको मजदूरको रोजगारी, असुरक्षाको समस्या र अन्ध निजीकरणले ल्याएको समस्या आदिलाई उल्लेख गर्न सकिन्छ । यसका अतिरिक्त देशमा ठोस श्रम नीति नहुनुलाई पनि मजदूरहरूको समस्याको रूपमा उल्लेख गर्नु जरूरी छ ।

❑ यसमा मजदूर आन्दोलनभित्र रहेको रूढीवाद प्रमुख रूपमा जिम्मेवार छ । जननेता मदन भण्डारीले भन्नु भए भैं मजदूर आन्दोलनभित्रको रूढीवाद भनेको "आफ्नो कार्य-क्षेत्रको ठोस परिस्थितिको विश्लेषण नगरी वैदेशिक आन्दोलनको रूढ मान्यताहरूको यान्त्रिक अनुशरण गर्नु नै आम रूपमा यस क्षेत्रको रूढीवाद" हो । मजदूर आन्दोलनका दीर्घकालीन ध्येय, उद्देश्यहरू र अधिकतम लक्ष्यहरू हरेक मुलुकमा उस्तै भए पनि औद्योगिक मुलुकका मजदूरहरूको आन्दोलन र वर्तमान अवस्थामा हाम्रो देशको मजदूर आन्दोलनको रूप र आधार संपूर्ण रूपमा एउटै हुन सक्दैन । यति कुरा बुझ्दाबुझ्दै पनि हामीहरू हाम्रो देशको मजदूर आन्दोलनको साझा 'मुद्दा' तय गर्न सकिरहेका छैनौं । हामी यात १८ औं शताब्दीको इतिहासलाई उदाहरण बनाउँदै मजदूर भनेको कारखानाभित्र काम गर्नेहरू मात्रै हुन्, अरू भनेका मजदूर होइनन्, "कर्मचारी" हुन् भन्ने भ्रमित परिभाषामा अल्भेका छौं या देशको मजदूर आन्दोलनले अपेक्षित राजनीतिक महत्त्व नपाएको विद्यमान परिस्थितिमा यसलाई खास अवसरमा 'जात' जनाउन प्रयोग गर्ने विषयवस्तु बनाउन पुगेका छौं ।

एउटा उदाहरण हेरौं- नेपालको मजदूर आन्दोलनले "राष्ट्रिय पूँजीप्रति लचिलो र दलाल तथा नोकरशाही पूँजीप्रति प्रहारको निशान केन्द्रित गर्नु पर्छ" भन्नेमा मजदूर पक्षीय धारका सबै ट्रेड युनियनहरू सहमत छन् । तर हाम्रो देशको सन्दर्भमा राष्ट्रिय पूँजीपति को हो, दलाल तथा नोकरशाह पूँजीपति को हो ? भन्ने प्रश्नमा लगभग सबैसंग चिनियाँ कम्युनिष्ट पार्टीका तत्कालीन अध्यक्ष क. माओले आफ्नो देशको सन्दर्भमा उल्लेख गर्नु भएको वर्ग विश्लेषण भन्दा अरू कुनै उत्तर छैन । एउटा ट्रेड युनियनले अर्कोलाई सुधारवादी अर्थवादी ट्रेड युनियनवादी......आदि-इत्यादि सापट लिएका शब्दहरूले विभुषित गरिदिनु भन्दा आ-आफ्नो कार्यभित्र रहेका पूँजी र पूँजीपतिहरूको सटिक विश्लेषण गर्दै घोषित नीति अनुरूप संयुक्त आन्दोलनको आधार बनाउनु पर्ने होइन र ? आन्दोलनको लक्ष्य एउटा तय गर्ने, प्रहार कहाँ र कसरी गर्ने भन्नेमा चाहिं बेखबर रहने गर्दा संयुक्त वा एक्लो कुनै पनि आन्दोलन नहुनु अत्यन्तै स्वाभाविक हुन्छ ।

कृषिप्रधान देशका हामी मजदूर आन्दोलनकारीहरू ! २० लाखभन्दा बढी मजदूरहरू कृषिमै छन् । हामी "क्रान्ति कसरी हुन्छ ?" भन्दा "कृषि-क्रान्ति नभई हुँदैन" पनि भन्ने गर्छौं । तर देशको मजदूर आन्दोलनले खै त कृषि मजदूरहरू समेटेको ?

मलाई लाग्छ, यस्ता वस्तुगत आधारहरूलाई उपेक्षा गरेर संयुक्त आन्दोलनको कुरा गर्नु मनोगत आग्रह मात्रै हुन जान्छ । यसैले मई दिवसको संघारमा एकताको कुरा गर्ने र मे २ देखि अप्रिल ३० सम्म एक्लै हिड्न हामीहरूलाई प्रेरित गर्ने तत्व भनेको उपर्युक्त रूढीवाद नै हो, जसले कृषि मजदूरको मुक्तिको ठेक्का पनि धनी किसानहरूलाई नै सुम्पिदिएको छ ।

यस प्रसंगमा सम्वन्धित मजदूर आन्दोलनसंग जोडिएका पार्टीहरूले पनि यसको यथोचित जिम्मेवारी लिनु पर्छ ।


नव वर्ष २०५३ को सुखद् उपलक्ष्यमा
समस्त देशवासीहरुप्रति हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

ध्यानबहादुर राई, मेयर
तथा
धरान नगरपालिका
परिवार, धरान

नव वर्ष २०५३ को सुखद् उपलक्ष्यमा
समस्त देशवासीहरूप्रति हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं ।

दुग्ध
विकास संस्थान
परिवार

नव वर्ष २०५३ को सुखद् उपलक्ष्यमा
समस्त देशवासीहरुप्रति हार्दिक
मंगलमय शुभकामना
व्यक्त गर्दछौं !

अध्यक्ष
रोहितकुमार कार्की
तथा
खनार गा.वि.स. परिवार
सुनसरी

नव वर्ष २०५३ को सुखद् उपलक्ष्यमा
समस्त देशवासीहरुप्रति हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

सभापति
रामबहादुर वस्नेत तथा
सुनसरी जिल्ला विकास समिति
परिवार

१३ पेजको बाँकी

राज्यले धर्मको मामलामा कुनै हस्तक्षेप गर्नेछैन । सबै नागरिकलाई आ-आफ्नो विश्वास अनुसार धर्म मान्न छूट दिनेछ । धर्मको नाममा हुने सबै शोषणलाई भने राज्यले बन्द गर्ने प्रयत्न गर्नेछ ।

◆ **नेकपा (संयुक्त)**

यो पार्टीको धर्म संबन्धी घोषित नीति प्राप्त दस्तावेजहरूमा कतै देखिएन ।

◆ **नेकपा (मालेमा)**

राज्य धर्म निरपेक्ष रहनेछ ।

धर्म व्यक्तिगत विश्वासको कुरो भएकाले सबै नागरिकलाई आफूलाई मन परेको धर्म मान्ने वा नमान्ने पूर्ण स्वतन्त्रता हुनेछ ।

◆ **नेकपा (मार्क्सवादी)**

राज्य धर्म निरपेक्ष हुनेछ ।

◆ **नेपाली कम्युनिष्ट लीग**

धर्म मानिसको व्यक्तिगत विश्वासको कुरो भएकाले राज्यले कुनै पनि व्यक्तिलाई आफ्नो विश्वास अनुसारको धर्म मान्ने र त्यसको प्रचार गर्ने वा नमान्ने र त्यसको प्रचार गर्ने पूरापूर अधिकार र स्वतन्त्रता दिनेछ । धर्मको नाममा अरूको शोषण गर्ने वा अरू धर्मावलम्बीको अधिकार हनन् हुने काम गर्न बिलकुलै दिइने छैन ।

## पार्टीले स्थापना गर्न खोजेको राज्यमा अर्थतन्त्र कस्तो हुनेछ ?

◆ **नेकपा (एमाले)**

त्यो अर्थतन्त्रमा सामन्तवाद, दलाल नोकरशाही पूँजीवाद, वैदेशिक एकाधिकार पूँजीवाद तथा साम्राज्यवादका शोषण उत्पीडन र प्रभुत्वका संपूर्ण आधारहरू अन्त गरिनेछ । त्यो "मिश्रित अर्थतन्त्र" भएको जनवादी अर्थव्यवस्था हुनेछ । यो अर्थतन्त्रमा समानता र सामाजिक न्यायमा आधारित भएर श्रमजीवी, निम्न आय भएका गरीबहरू तथा पिछडिएका जाति, समुदाय र क्षेत्रको उत्थानमा राज्यको अग्रणी भूमिका हुनेछ । साथै, देशको अर्थतन्त्रको विकासमा निजी क्षेत्रको पनि महत्त्वपूर्ण भूमिका रहनेछ । यो अर्थतन्त्र समाजवादमुखी हुनेछ ।

◆ **नेकपा (मसाल)**

यो अर्थतन्त्रले स्वतन्त्र आर्थिक विकासका तगाराहरू- सामन्तवाद, विदेशी दलाल नोकरशाही पूँजीवाद, भारतीय विस्तारवाद, नवउपनिवेशवादको नेपालमाथिको शोषण, उत्पीडनलाई अन्त गर्नेछ । साँचो अर्थमा यो स्वतन्त्र राष्ट्रिय अर्थतन्त्र हुनेछ । विदेशी, नोकरशाही र दलाल पूँजीपति वर्गको पूँजीको राष्ट्रियकरण हुनेछ । जनताको आधारभूत हितमा बाधा नपुग्ने गरी राष्ट्रिय पूँजीपति र व्यापारीहरूलाई प्रोत्साहित गरिने छ र उनीहरूको हितको रक्षा गरिनेछ । आधारभूत उद्योगहरू राज्यले संचालन गर्नेछ । राष्ट्रिय उद्योग र व्यापारको विकास गरिनेछ ।

◆ **नेकपा (एकता केन्द्र)**

यो स्वाधीन, स्वतन्त्र, समुन्नत र जनतान्त्रिक अर्थतन्त्र हुनेछ । भूमिमाथि सामन्ती, अर्द्धसामन्ती स्वामित्व अन्त गरिनेछ । अर्द्ध-औपनिवेशिक र पराधीन आर्थिक संरचनाहरू अन्त गरिनेछन् । नेपालको अर्थतन्त्रमा अन्तर्राष्ट्रिय वित्तीय पूँजीवादको प्रभाव र शोषण अन्त गरिनेछ । उनीहरूको ऋणभारबाट राष्ट्रलाई मुक्त घोषित गरिनेछ । दलाल पूँजीपति, विदेशी पूँजी, नोकरशाही पूँजीवादबाट संचालित सारा औद्योगिक, व्यावसायिक प्रतिष्ठानहरू बिना मुआब्जा राष्ट्रियकरण गरिनेछन् । आधारभूत उद्योगहरू र सार्वजनिक जीवनमा निर्णायक प्रभाव पार्ने उद्यम र व्यावसायहरू तथा वैदेशिक व्यापार सरकारी तहबाट संचालित हुनेछन् । यसबाहेक अरूमा राष्ट्रिय पूँजीपतिलाई पनि सहभागी गराइनेछ । कृषिजन्य र आयात प्रतिस्थापन गर्ने उद्योग स्थापनामा जोड दिइनेछ । समाजवादमा संक्रमण गर्ने पूर्वाधार तयार पार्नु यो अर्थतन्त्रको विशेषता हुनेछ ।

◆ **नेकपा (माओवादी)**

उही नेकपा (एकता केन्द्र) को हूबहू

◆ **नेमकिपा**

सार्वजनिक जीवनसंग संबन्धित उद्योगबाहेक अन्य उद्योगहरू र सेवालाई निजी क्षेत्रमा संचालन गर्न दिइनेछ । केही सीमासम्म सरकारी र निजी उद्योगहरूलाई संगसंगै प्रतिस्पर्धा गर्न दिइनेछ । दीर्घकालीन, आफ्नै खुट्टामा उभिन सक्ने र प्राविधिक ज्ञान र सीप हासिल हुने ठूला साना उद्योगहरूलाई बढावा दिइनेछ । यो अर्थतन्त्रमा कृषिजन्य उद्योगलाई उच्च ग्राह्यता दिइनेछ । दुर्गम क्षेत्रमा उद्योग विकास गर्न यातायातलाई प्राथमिकता दिइनेछ । नयाँ प्राविधि भित्र्याउन जनताको अहित नहुने गरी बहुराष्ट्रिय कंपनीहरूलाई भित्र्याइनेछ । आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्ने उद्योगहरूलाई बेसी प्रोत्साहित गरिनेछ ।

◆ **नेकपा (संयुक्त)**

राज्यले मिश्रित अर्थतन्त्र अप्नाउनेछ । राष्ट्रिय उद्योगहरूको निम्ति पैठारी भन्सारदर उच्च राखेर संरक्षित राष्ट्रिय बजार खडा गरिनेछ । विदेशी पूँजीलाई राष्ट्रिय पूँजीसित मिलेर संयुक्त लगानी गर्न प्रोत्साहित गरिनेछ । आयात पुनर्स्थापना गर्न राज्यले ठूला उपभोक्ता उद्योगहरूमा हात हाल्नेछ र त्यस्ता उद्योगहरूलाई सहकारीकरण गर्दै जानेछ ।

◆ **नेकपा (मालेमा)**

सामन्ती उत्पादन संबन्धलाई निर्मूल पारिनेछ । अर्थतन्त्रमाथि रहेको विदेशी प्रभुत्व र नियन्त्रण हटाई आत्म निर्भर राष्ट्रिय अर्थतन्त्र निर्माण गरिनेछ । आधारभूत उद्योगहरूको संचालन राज्यको स्वामित्वमा गरिनेछ । संपूर्ण अर्थतन्त्रमा राजकीय भूमिकालाई प्रमुखता दिइनेछ । क्रान्ति विरोधी स्वदेशी तथा विदेशी पूँजीपतिहरूको पूँजीलाई बिनामुआब्जा राष्ट्रियकरण गरिनेछ । विदेशी र आन्तरिक व्यापारमा रहेको विदेशी ठूला व्यापारीहरूको आधिपत्य खत्तम पारिनेछ । राष्ट्रिय पूँजीलाई प्रोत्साहित गरिनेछ । राष्ट्रिय हित विपरीत नहुने गरी विदेशी ऋण अनुदान स्वीकारिनेछ ।

◆ **नेकपा (मार्क्सवादी)**

राज्यले साना तथा मझौला उद्योगहरूलाई प्राथमिकता दिएर देशव्यापी रूपमा विस्तारित गर्न खोज्नेछ । ठूला कलकारखानाहरू सरकारी स्वामित्वमा खोलिने छन् । राष्ट्रिय उद्योगधन्दालाई संरक्षण दिइनेछ । जलस्रोतको उपयोगमा राष्ट्रिय हित विपरीत नहुने गरी भारतसित संबन्ध बढाइनेछ ।

◆ **नेपाली कम्युनिष्ट लीग**

त्यस राज्यमा अप्नाइने राष्ट्रिय अर्थतन्त्र जनतान्त्रिक हुनेछ तथा विदेशी साम्राज्यवादको तथा विस्तारवादी मुलुकहरूको नियन्त्रणदेखि पूर्णरूपेण स्वतन्त्र हुने स्वभावको हुनेछ । साथसाथै त्यो समाजवादमुखी पनि हुनेछ ।

## पार्टीले स्थापना गर्न खोजेको राज्यले कस्तो परराष्ट्र नीति अप्नाउने छ ?

◆ **नेकपा (एमाले)**

त्यो राज्यले असंलग्न, स्वतन्त्र, प्रगतिशील विदेशी नीति अप्नाउनेछ । कुनै पनि विदेशी मुलुकहरूसंग तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूसंग गरिएका सबै गुप्त सन्धिहरू खुला गरिनेछन् । सबै असमान सन्धि सम्झौताहरूलाई पंचशीलको आधारमा नवीकरण गरिनेछ । देशको राष्ट्रिय हितको आधारमा विश्वका सबै मुलुकहरूसित मैत्रीपूर्ण संबन्ध स्थापना गरिनेछ । साम्राज्यवाद, नव उपनिवेशवाद, रंगभेद, विदेशी थिचोमिचो र हस्तक्षेपको विरोध गर्ने विदेश नीति लिइनेछ । शान्ति, स्वाधीनता, समानता, राष्ट्रिय सार्वभौमिकता, असंलग्न आन्दोलन, समाजवाद, सर्वहारा क्रान्ति र राष्ट्रिय तथा सामाजिक मुक्ति आन्दोलनको समर्थन र पक्षपोषण गर्ने विदेशनीति अप्नाइनेछ ।

◆ **नेकपा (मसाल)**

असमान सन्धि, संझौता र विदेशी शक्तिहरूले उपभोग गरिरहेका सबै विशेष सुविधा र हकहरूको अन्त गरिनेछ । शान्ति र समानताका आधारमा विश्वका सबै राष्ट्रहरूसित मित्रताको नीति अप्नाइनेछ । विश्वभरका साम्राज्यवाद र सबै प्रकारका प्रतिक्रियावाद, रंगभेद, जातिभेदको विरोध गर्ने परराष्ट्र नीति अप्नाइनेछ । राष्ट्रिय स्वाधीनता तथा जनवादी आन्दोलन र समाजवादी आन्दोलनको, तेस्रो विश्वको, राष्ट्रिय मुक्ति संघर्षको समर्थन गर्ने विदेश नीति अप्नाइनेछ ।


कृष्ण




माल्ट ग्लूकोज बिस्कुट

कृष्ण बिस्कुट कम्पनी प्रा. लि. ( कृष्ण पाउरोटी चोक ) काठमाडौं

राजहंस

यसले सर्वहारा अन्तर्राष्ट्रवाद अप्नाउनेछ। साम्राज्यवाद, जातिवाद, रंगभेद, लिंगभेद, प्रभुत्ववाद, उपनिवेशवादको विरूद्धको संघर्षमा विश्वका शान्तिकामी, न्यायप्रेमी जनता र उत्पीडित राष्ट्रसित एकतावद्ध हुने र समर्थन गर्ने विदेशनीति अप्नाइनेछ।

**अध्ययन स्रोत:**

**❑ नेकपा (एमाले) को संबन्धमा**

नेपाली क्रान्तिको कार्यक्रम-जनताको बहुदलीय जनवाद/नेकपा (एमाले) को तात्कालीक कार्यनीति/नेकपा (एमाले) को विधान/नेकपा (एमाले) को राजनीतिक प्रतिवेदन (सबै पाँचौं राष्ट्रिय महाधिवेशन, २०४९ द्वारा पारित)

**❑ नेकपा (मसाल) को संबन्धमा**

कार्यक्रम संबन्धी राजनीतिक प्रस्ताव/तात्कालिक राजनीतिक प्रस्ताव/विधान/राजनीतिक प्रतिवेदन/(सबै छैठौं महाधिवेशन, २०५१ द्वारा पारित)

**❑ नेकपा (एकता केन्द्र) का संबन्धमा**

राजनैतिक दस्तावेजहरू/पार्टी विधान/भिन्न मतका के.स. हरू तथा राष्ट्रिय सल्लाहकार परिषद्का अध्यक्षद्वारा संपूर्ण पार्टी सदस्यहरूलाई अपील/वर्तमान परिस्थिति, संगठनात्मक अवस्था र हाम्रा आगामी कार्यभारहरू/वर्तमान "अन्तरपार्टी संघर्ष" र त्यसभित्रका वास्तविकताहरू/२०४८ को राष्ट्रिय एकता महाधिवेशन, (२०४८ द्वारा पारित र तात्कालीन संयुक्त (एकता केन्द्र) फुटेपछिका प्रकाशित दस्तावेजहरू)

**❑ नेकपा (माओवादी) को संबन्धमा**

नेकपा (एकता केन्द्र) नफुट्दैको राजनैतिक दस्तावेजहरू/पार्टी विधान.

**❑ नेपाल मजदूर किसान पार्टीको संबन्धमा**

नेकिपाको विधान, २०४७ (संशोधन सहित)/नेमकिपाको कार्यक्रम, २०४७/नेमकिपाको निर्वाचन घोषणा पत्र, २०५१/नेमकिपाको महानिर्वाचन सिंहावलोकन, २०४८

**❑ नेकपा (संयुक्त) को संबन्धमा**

नेकपा (संयुक्त) को विधान, २०४९/नेकपा (संयुक्त) का केही सैद्धान्तिक-राजनैतिक दृष्टिकोण, २०५१/हाम्रो आगामी राजनीतिक कार्य, २०४९/नेकपा (संयुक्त) को चुनाव घोषणा-पत्र, २०५१

**❑ नेकपा (मालेमा) को संबन्धमा**

संक्षिप्त मस्यौदा कार्यक्रम र मस्यौदा विधान, २०५१/नेकपा (मालेमा) को राजनैतिक प्रतिवेदन, २०५१

**❑ नेकपा (मार्क्सवादी) को संबन्धमा**

नेकपा (मार्क्सवादी) को घोषणा-पत्र र विधान २०५१/राजनैतिक प्रतिवेदन, २०४९

**❑ नेपाली कम्युनिष्ट लीगको संबन्धमा**

मूल्याङ्कनले प्रस्तुत गरेका प्रश्नहरूको पार्टी महासचिव क. शंभुराम श्रेष्ठद्वारा दिइएको लिखित जवाफ।



## यसरी फेरि पनि संयुक्त रूपमा मैदानमा उत्रन के कुराले छेक्छ, के कुराले छेक्दैन ?

**◆ नेकपा (एकता केन्द्र)**

संपूर्ण असमान सन्धिहरू खारेज गरिनेछन्। गोप्य सन्धिहरू सार्वजनिक गरिनेछन्। विदेशी शक्तिले उपभोग गरिरहेका सबै नाजायज विशेष सुविधाहरू अन्त गरिनेछन्। स्वतन्त्र परराष्ट्र नीति अनुशरण गरिनेछ। सबै खाले साम्राज्यवाद, प्रभुत्ववादी प्रवृत्ति, विस्तारवाद, अतिक्रमणवाद, रंगभेद, यहूदीवाद र अन्यायपूर्ण युद्ध आदिको विरोध गर्नु परराष्ट्र नीतिको मूल आधार हुनेछ। कुनै पनि राष्ट्र, जनजाति वा समुदायले शोषण, थिचोमिचो र उत्पीडन विरूद्ध संचालन गर्ने संघर्ष वा राष्ट्रिय जन-आन्दोलनलाई भौतिक/नैतिक समर्थन गर्ने विदेश नीति अप्नाइनेछ। कुनै पनि सैनिक गठबन्धनमा र सार्क जस्तो अर्थहीन क्षेत्रीय गठबन्धनमा सामेल हुनेछैन। समानता, भातृत्व, पारस्पिरिक लाभको आधारमा अन्य मुलुकसित मैत्री संबन्ध स्थापना गरिनेछ। अन्तर्राष्ट्रिय जनस्तरीय मैत्रीको विदेश नीति अप्नाइनेछ।

**◆ नेकपा (माओवादी)**

उही नेकपा (एकता केन्द्र) कै जस्तो।

**◆ नेमकिपा**

हाम्रो परराष्ट्र नीति पंचशीलको आधारमा राष्ट्रिय अखण्डता, आपसी हित, निजी मामलामा हस्तक्षेप नगर्ने र असंलग्न हुने रहेको छ। 'सबै मित्र होउन् र शत्रु कोही नहोस्' भन्ने इच्छा नै परराष्ट्र नीतिको आधार हुनेछ। सबै खाले असमान सन्धिहरूलाई फेरिनेछ र समयानकुल नयाँ सन्धि गरिनेछ। विश्वको कुनै पनि भागमा शान्तिमा खलल ल्याउने, बलियोले निर्धालाई, शक्तिशालीले कमजोरलाई थिचोमिचो गर्ने कुप्रवृत्तिको विरोध गरिनेछ।

**◆ नेकपा (संयुक्त)**

नेपालको परराष्ट्र नीतिको मूल धार मुलुकको राजनीतिक र आर्थिक स्वधिनताको रक्षा र सवलीकरणतिर लक्षित हुनेछ। नेपाल भारतबीचको १९५० को सन्धिलाई आधुनिकीकरण गरिनेछ र नेपालको सुरक्षा नेपालको मात्रै सरोकारको विषय बनाइनेछ। नेपालको अर्थतन्त्रको विकासका निम्ति समान लाभ-हानी र लगानी, पारस्परिक हितको आधारमा जल सम्पदा संबन्धी सन्धि गरिनेछ। पहिलेको कोशी, गण्डक, टनकपुर जस्ता संझौताहरूलाई पुनर्परिभाषित गरिनेछन्। सबै मित्र राष्ट्रसंग राष्ट्रसंघीय बडा-पत्रका आधारमा पारस्परिक लाभ र शान्तिपूर्ण सह अस्तित्वको आधारमा वैदेशिक संबन्धको स्थापना गरिनेछ। परराष्ट्र नीतिको मूल आधार पंचशीलको सिद्धान्त, असंलग्नता, सम्मानयुक्त छिमेकीपन, सार्वभौमिकता, स्वतन्त्रता र बाह्य हस्तक्षेपको विरोध हुनेछ। नव औपनिवेशिक शोषणको अन्त गरिनेछ।

**◆ नेकपा (मालेमा)**

नेपालको स्वतन्त्र परराष्ट्र नीति हुनेछ। भारतसित भएको १९५० को सन्धि लगायत सबै असमान सन्धिहरू खारेज गरिनेछन्। सबै मुलुकसित पंचशीलको सिद्धान्तका आधारमा संबन्धको विकास गरिनेछ। साम्राज्यवाद, नवउपनिवेशवाद, प्रभुत्ववाद, तथा विस्तारवाद, आक्रमण र युद्धका नीतिहरूको विरोध गर्ने विदेश नीति अप्नाइनेछ। साथै स्वतन्त्रता, मुक्ति तथा प्रगतिको निम्ति चलिरहेका संघर्षहरूको दृढ समर्थन गर्ने नीति अवलम्बन गरिनेछ। समानता र आपसी फाइदाका आधारमा सबै विदेशी मुलुकसित आर्थिक, सांस्कृतिक र प्राविधिक संबन्धको संबर्द्धन र विकास गरिनेछ। तेस्रो विश्वका जनताको एकतालाई बलियो पार्ने नीति अप्नाइनेछ।

**◆ नेपाल कम्युनिष्ट लीग**

हाम्रो राज्यको परराष्ट्र नीति स्वाधीन, जनवादी, नयाँ नेपालसित मित्रता, बराबरीको व्यवहार राख्न चाहने मुलुकहरूसित सोही अनुसारको संबन्ध राख्ने हुनेछ। त्यसको मूल आधार हुनेछ- पंचशीलको सिद्धान्त। अहिलेसम्म भए गरेका सबै असमान सन्धिहरू खारेज गरिनेछन्। पंचशीलको आधारमा नयाँ सन्धि गरिनेछ।

**◆ नेकपा (मार्क्सवादी)**

नेपालको राष्ट्रिय स्वार्थ विपरीत आजसम्म भए गरिएका असमान सन्धिहरूको खारेजी गरिनेछ। प्रभुसत्ता, प्रादेशिक अखण्डता, पारस्परिक सम्मान, पारस्परिक अनाक्रमण, आन्तरिक मामलामा अहस्तक्षेप, समानता र पारस्परिक लाभ एवं शान्तिपूर्ण सह-अस्तित्व जस्ता पंचशीलको सिद्धान्तको आधारमा सबै मुलुकसित नयाँ संबन्ध स्थापना गर्ने विदेश नीति अप्नाइनेछ।

अन्तर्राष्ट्रिय संबन्धका मामलामा

*क. अजय शर्माद्वारा लिखित पुस्तक*

**अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा एकता र विवादका प्रश्नहरु**


खण्ड १

बजारमा उपलब्ध छ।

# कति अटल होला अटल बिहारीको सरकार ?

भारतको एघारौं लोकसभाको चुनावमा कुनै पार्टीले पनि स्पष्ट बहुमत हासिल गर्न नसकेपछि राष्ट्रपतिले यही जेठ २ गते संसद्को सबैभन्दा ठूलो दलको रूपमा उदीयमान भारतीय जनता पार्टीका नेता अटल बिहारी बाजपेयीलाई भारतको एघारौं प्रधानमंत्री नियुक्त गरेका छन् । भारतको इतिहासमा पहिलो पटक एउटा कट्टर हिन्दू अन्धराष्ट्रवादी सरकार दिल्लीमा सत्तारूढ भएको छ ।

यतिखेर बाजपेयी सरकारको सांमुन्ने सबैभन्दा ठूलो चुनौती भएको छ- जेठ १८ गतेभित्रमा संसद्मा आफ्नो बहुमत सिद्ध गर्नु । ५३७ सीटको हालको संसदमा भाजपासित अहिले १९५ सांसदहरूको मात्र स्पष्ट समर्थन जुटेको छ । बहुमत सिद्ध गर्न कम्तीमा २६९ सांसदहरूको समर्थन प्राप्त हुनुपर्छ । नपुग ७४ सांसदको सर्थन भाजपाले कसरी जुटाउला ? यो प्रश्न अहिले भारतीय राजनीतिमा टड्कारो सवाल भएर खडा भएको छ ।



हिन्दूवादी प्रधानमन्त्री अटल बिहारीं बाजपेयी

समर्थन जुटाउन कुनै अदृश्य चमत्कार बाजपेयीको पार्टीले गर्न सकेन भने निश्चित छ- भाजपाको पहिलो सरकारको अन्त जेठ १८ गते नै हुनेछ । 'अटल बिहारी'को प्रधानमंत्रीत्व तीन हप्ता पनि 'अटल' रहने छैन । अन्ततः भारतमा यस पटक राष्ट्रिय मोर्चा-वाम मोर्चा (रा.मो.-वा.मो.) र कांग्रेस (ई) कै संयुक्त सरकार सत्तारूढ हुनेछ ।

त्यसो त भारतका यी धर्म निरपेक्षतावादी पार्टीहरूले कुनै पनि हालतमा भाजपालाई सरकारमा आउन नदिन भरमग्दुर प्रयत्न नगरेका होइनन् । उनीहरूसित ३१८ सांसदहरूको प्रचण्ड बहुमत साथमा थियो । तर समस्या रह्यो- सर्वसम्मत नेतृत्वको । उनीहरूले प्रधानमंत्री हुन सक्षम तम्तयार उम्मेदवार बेलैमा प्राप्त गर्नै सकेनन् ।



क. ज्योति बसु, प्रधानमन्त्री पदका निम्ति सर्वमान्य उम्मेदवार, तर .......

पश्चिम बंगालका मुख्यमंत्री क. ज्योति बसुको नाममा सर्व सम्मति त कायम भयो । तर संसदमा सिपीआइ (एम) को फगत ३२ जना सांसदहरू मात्र भएको र सरकरमार्फत् उसले आफ्नो घोषणा पत्र लागू गर्न नसक्ने कारण देखाएर पार्टीको केन्द्रीय समितिको बहुमतले सरकारमा जान इच्छुक त्यस पार्टीका नेताहरूलाई प्रधानमंत्रीत्व स्वीकार गर्न र सरकारमा जान प्रतिवन्ध लगाइदियो । जब जेठ २ गते राष्ट्रिय मोर्चा पक्षधर कर्नाटकका मुख्यमंत्री देव गौडाको नाममा कांग्रेस (आई) को पनि सम्मति बन्यो तर यो निर्णय राष्ट्रपतिकहाँ औपचारिक रूपले पुग्न धेरै ढिलो भैसकेको थियो । राष्ट्रपतिले भाजपाका नेता बाजपेयीलाई सरकार प्रमुखका रूपमा छानिसकेका थिए ।

दिल्लीमा भाजपाको सरकार धेरै दिन टिक्ने त देखिन्न । तर १९८४ को आम चुनावमा फगत २ सीट ल्याएको भाजपा यस पल्ट १९९६ मा १६१ सीट ल्याएर संसदको सबैभन्दा ठूलो दल हुन पुग्यो नै कसरी ? किन भारतीय स्वतन्त्रता संग्रामको अगुवाइ गरेको गांधी र नेहरूको पार्टी, भारतको सबैभन्दा ठूलो पूँजीवादी पार्टी- भारतीय कांग्रेस, स्वतन्त्रतापछिको आफ्नो ५० वर्षको इतिहासमा संसदमा सबैभन्दा थोरै सीट (१३६ सीट) मा खुम्चिन आइपुग्यो ? के हो यसको मुख्य कारक तत्व ? वर्तमान भारतीय आम चुनावले पैदा गरेको अहं प्रश्न यो हो ।

भारतीय पूँजीवादी प्रजातन्त्रको अगुवाको रूपमा रहेको कांग्रेस पार्टीले आफ्नो घोषित सैद्धान्तिक-नैतिक आदर्शको बाटो छोड्दै जानु, त्यसले शोषित वर्गका जनतालाई विश्वासघात गर्दैजानु र त्यसभित्र उच्च आदर्श भएको लोकप्रिय जनमुखी नेतृत्वको खडेरी हुँदैजानु नै यसको मूल कारण हो भन्ने हामीलाई लाग्दछ । यो प्रक्रिया प्रधानमंत्री लालबहादुर शास्त्रीको मृत्युपछि नै शुरू भइसकेको थियो । तर बीचमा कहिले भारत-पाकिस्तान युद्ध, कहिले सत्तारूढ जनता दलको फूट र अक्षमता, कहिले इन्दिरा गांधीको हत्या जस्ता संवेदनशील घटनाको कारणले भारतीय कांग्रेस येनकेन बहुमत हासिल गर्न समर्थ भइरहेको थियो । तर जब त्यो असामान्य स्थिति देशमा रहेन, राजिव गांधीकै पालामा भारतीय कांग्रेस संसदमा स्पष्ट बहुमत हासिल गर्न नसक्ने स्थितिमा पुगिसकेको थियो । संसदमा बहुमत ल्याउन फिल्म अभिनेताहरूलाई चुनाव लडाउने दयनीय स्थिति त्यही सैद्धान्तिक नैतिक आदर्शको क्षयको कारणले पैदा भएको थियो ।

अहिले भारतीय कांग्रेसभित्र त्यही पूँजीवादी-प्रजातान्त्रिक सैद्धान्तिक-नैतिक आदर्शको क्षय र लोकप्रिय सर्वस्वीकार्य एवं उच्च आदर्शयुक्त नेतृत्वको संकट उत्कर्षमा पुगेको मात्र हो । यही कारणवश भारतका उत्पीडित र शोषित जनताबाट कांग्रेस भन् भन् टाढा पुग्नुको कारणले कांग्रेसको यति विजोगको हार भएको हो । समस्या बीचमा संवेदनशील घटनाहरूको डंगुरमा छोपिएको थियो, त्यो अहिले उदांगो भएको मात्र हो ।

अहिले भाजपा वास्तवमा कांग्रेस (आई) र जनता दलको नोक्सानीको मूल्यमा नै यति ठूलो पार्टी बनेर आएको देखिन्छ । १९९१ को चुनावमा २३२ सीट

## भारतीय लोकसभा चुनाव नतिजा, १९९६
## एक झलक

| | | | |
|---|---|---|---|
| कुल | ५४५ सीट | जनता दल | ४२ (१९९१ मा ५८) |
| हाल घोषित | ५३७ सीट | भाकपा (मा) | ३२ |
| भाजपा | १६१ (१९९१ मा ११९) | भाकपा | १२ |
| शिवसेना | १५ | आर.एस.पी. | ५ |
| समता पार्टी | ८ | फरवार्ड ब्लक | ३ |
| हरियाणा विकास पार्टी | ३ | समाजवादी पार्टी | १७ |
| अकाली दल | ८ | तामिल मनीला कंग्रेस | २० |
| | | तेलेगु देशम पार्टी | १६ |
| | | असाम गण परिषद | ५ |
| | | कंग्रेस तिवारी | ४ |
| | | कंग्रेस (आई) | १३६ (१९९१ मा २३२) |

स्रोतः दैनिक पंजाब केसरी, मे १६, १९९६



धर्म निरपेक्षतावादीहरूको समर्थनमा रा.मो.-वा.मो. द्वारा प्रस्तावित भारतका भावी प्रधानमन्त्री देवगौडा

हासिल गरेको कांगेस (आई) ले यस पटकको चुनावमा आफ्नो ४० प्रतिशत सीट गुमाएको छ। त्यस्तै, जनता दलले ३५ प्रतिशत सीट। यही नोक्सानीको जगमा भाजपाको उदयको महल खडा भएको छ। कांगेसबाट निराश जनतालाई धार्मिक अन्धताको नशा पिलाएर भाजपा सत्तारूढ भएको छ।

भारतमा ढिलोछिटो घुमिफिरी कांगेस (आई), रा.मो.-वा.मो.को गठबन्धन सरकार नै आउने देखिन्छ। तर त्यसो भएपनि थुप्रै वर्षसम्म भारतको राजनीतिमा अनिश्चितता र नेतृत्वको संकट भने टड्कारो रूपमा रहिरहने नै देखिन्छ। यो नेतृत्वको संकट र अनिश्चितता भारतका तमाम क्रान्तिकारी उत्पीडित श्रमिक वर्गको लागि शक्ति संचय गर्ने र समाजमा आफ्नो नेतृत्व स्थापित गर्ने अति अनुकुल अवसर हुन सक्छ। ☐

४ पेजको बाँकी

घुमाइयो। जंगल घुमाउँदाखेरी बीचैबाट कमल देवकोटाकी छोरी इन्दिरालाई घर फिर्ता पठाइयो र टीका एवं गेहेन्द्रलाई जंगलमा लगेर बेस्सरी कुटेर, उनीहरूको टाउको फुटाएर, उनीहरूलाई रक्तमुछेल पारेर, जीउमा प्रसस्तै नीलडामहरू पारेर एक घण्टामा आइपुगिने बाटो हिंडाएर सदरमुकामतर्फ अघि बढाइयो। सिम्ले भट्टी भन्ने ठाउँमा उनीहरूलाई ल्याइपुऱ्याउँदा त्यतिखेर प्रत्यक्ष देख्ने थुप्रै मानिसहरूको भनाइअनुसार- टीकाको हातमा हतकडी थियो, ज्ञानेन्दको हातमा भने थिएन। दुवैको टाउकोबाट रगत चुहिरहेको थियो।

त्यसपछि बाटोमा उनीहरूलाई उनीहरूकी बहिनीले फेर्ने लुगा र अठचालीस रूपियाँ खर्च ल्याईदिएकी रहिछिन्। त्यो पैसाले त्यही भट्टीमा विष्कुट किनेर एक पुरिया विस्कुटबाट आधा आधा टीका र गेहेन्द्रलाई दिइयो। अरू विष्कुट चाहिं प्रहरी र उनीहरूका गुण्डाहरूले खाए। टीका र गेहेन्द्रको जीउभरि बगेको रगत धुन लगाइयो। लुगा फेर्न लगाइयो। त्यसपछि, उनीहरूलाई फेरि सदरमुकामतर्फ नै अघि बढाइयो, मरिन खोलैखोला। यसरी हिडाउँदै सदरमुकामतर्फ ल्याउँदाखेरी भद्रकाली गाविस वडा नं. ५ हात्ती गौंडा भन्ने ठाउँमा बाटोबाट करीब १५-२० मिटर ठाउँ छोडेर भित्ताको ढुंगामा अडेस लगाएर पहिले भाइ गेहेन्द्रलाई राइफलले गोली हानियो, त्यसपछि दाजु टीकालाई पनि गोली हानेर हत्या गरियो। हत्या गर्नु अघि 'मुठभेड' को झूठो समाचार फैलाउन सजिलो पार्न पुलिसहरूले वरपरका रूखहरूमा कटुवा बन्दूकले गोली हानी प्वालहरू पारेका थिए।

यसरी हत्या गरिसकेपछि पुनः त्यही सिम्ले भट्टीमै गएर पुलीस र गुण्डाहरूले "यिनीहरूलाई लैजानको निम्तिं कपडा, कम्बल, बोरा के छ लौ लेऊ, हैन भने तिमीहरूलाई पनि मारिदिन्छु" भनेर जनतालाई धम्की दिएर बोरा लिई बोरामा ती दुई लाशहरूलाई हालेर घिच्याउँदै घिच्याउँदै कुसुमटार, भन्ने ठाउँसम्म खोलाकै बाटो ल्याए। त्यसपछि अलिकति माथिसम्म बोकेर ल्याए। पछि सदरमुकामबाट गाडी गयो गाडीमा हालेर ती लाशहरू सदरमुकामस्थित अस्पतालमा राखिए।

शुरूमा त अस्पतालमा लाश हेर्न पनि दिइएको थिएन, पछि राजनीतिक दलका प्रतिनिधिहरूले, खास गरी एमालेका प्रतिनिधिहरूले, लाश हेर्न पाउनु पर्छ भन्ने दवाब दिएपछि उनीहरूले लाश देखाए।

लाश माग्दा दिइएन। संबन्धित मानिसहरूलाई बोलाइएको छ भन्ने झूठो व्यहोरा ती राजनीतिक दलका प्रतिनिधिहरूलाई सुनाइयो, ढाँटियो।

२७ गते प्रहरीहरूले नै ती लाशहरूलाई लगेर एउटै चितामा आगो लगाएर छोडे। लाश राम्ररी जल्न पनि पाएन। अधकल्टै छोडेर प्रहरीहरू हिंडे।

विभिन्न राजीतिक दलका प्रतिनिधिहरू सहित मानवअधिकार चेतना केन्द्रको अगुवाईमा एक टोली घटनास्थलमा गएको थियो। त्यस टोलीले गाउँहरूमा मानिसहरूलाई भेट्ने काम पनि गरी वस्तुस्थिति बुझ्यो।

अहिले असले गाउँको स्थिति यस्तो छ- त्यहाँ पुलिस र गुण्डाहरूको हातको पिटाई नखाएको कुनै घर नै छैन। यतिसम्म गरिएको छ कि- १०३ वर्षका वृद्धलाई समेत उल्टो खुकुरीले रेटेर सताएका छन्। प्रहरी गुण्डाहरूको आतंकले गर्दा अहिले त्यहाँ कोही पनि घरमा बसिरहेका छैनन्। घर छोडेर जनताहरू गोठमा वा जंगलतिर वा अन्य कुनै सुरक्षित ठाउँतिर गएका छन्। घर घरका सबै सामानहरू प्रहरी र गुण्डाहरूले लुटेर लगेका छन्। घरमा रहेका कोदो, धान, मकै, नुन, तेल सारा चीजहरू एकै ठाउँ घोप्ट्याएर तितरवितर पार्ने, माटाका भाँडाकुँडाहरू फुटाइदिने आदि काम व्यापक रूपमा भएका छन्। यत्तिसम्म कि- त्यहाँ भएको एउटा स्कूलमा स्कूलका सारा फर्निचरहरू भाँच्ने, काट्ने, ढोकाहरू फोर्ने आदि कामहरू गरिएका छन्। स्थिति अत्यन्त आतंकपूर्ण छ।

यसैबीच, सिन्धुलीमा प्रहरीले गुण्डाहरूलाई केही थान कटुवा बन्दूकहरू निःशुल्क र बेनियमपूर्वक नै उपलब्ध गराएको पनि बुझिएको छ। ☐

नव वर्ष - २०५३ को शुभकामना

कृषि विकास बैंक

किसान, ब्यापारी, अद्यमीहरु र सबैको !

हामी ग्रामीण कृषि कर्जा, ब्यापार कर्जा र बैंकिंग सुविधाहरु समेत प्रदान गर्दछौं। हाम्रो मुख्य ऋण लगानी कार्यक्रमहरु निम्न अनुसार छन्:-

- कृषि उत्पादन
- कृषि सामाग्री
- सिंचाई
- फलफूल खेती
- चिया/कफि
- घरेलु तथा साना उद्योग
- उपयुक्त प्रविधि आदि

हाम्रा प्रमुख प्रायमिकताका क्षेत्रहरु विशेष गरी कृषि विकाससँग सम्बन्धित छन्। यसको लागि हामी सुलभ ब्याजदरमा ऋणहरु उपलब्ध गराउँछौं। सरकारका कतिपय कार्यक्रमहरु कार्यान्वयन गर्ने जिम्मेवारी पनि बैंकलाई छ। बदलिंदो प्रतिस्पर्धात्मक बैंकिंग वातावरणमा हामीलाई सेवा गर्ने मौका प्रदान गर्नुहोस्।

फोन नं. : २११७४४
२११८०२-८०६
टेलेक्स : २२६७
तार : कृषि बैंक,
फ्याक्स : ९७७-१-२२५३२९

कृषि विकास बैंक
मुख्य कार्यालय
रामशाहपथ, काठमाडौं

नव वर्ष २०५३ को सुखद् उपलक्ष्यमा
समस्त देशवासीहरुप्रति हार्दिक मंगलमय
शुभकामना व्यक्त गर्दछौं !

अध्यक्ष
विष्णु बहादुर राना मगर
रौता, गाविस परिवार

अध्यक्ष
महाशेर राई
ताम्लिछा गाविस परिवार

अध्यक्ष
ज्ञानेन्द्रकुमार शाही
मुड्डार गाविस परिवार

उदयपुर

### एक नियमित पाठकको राय

म "मूल्याङ्कन" मासिकको नियमित पाठक हुँ। हालसम्मका अंकहरूमा यसले नेपालको वामपन्थी आन्दोलनको अध्ययन र केही हदसम्म मूल्याङ्कन पनि गर्न सफल भएको छ। "मूल्याङ्कन" ले यो मूल्याङ्कन मात्र नगरी नेपाली वाम आन्दोलनलाई दिशाबोध गराउन पनि सक्नुपर्छ भन्ने ठान्दछु।

"मूल्याङ्कन" पठनीय र ज्ञानवर्धक देखिन्छ। यसले सकभर समसामयिक परिवेश र घटनाबारे चिरफार र समीक्षा गरिएका सामाग्रीहरू पेश गर्नु जरूरी छ। साथै, विदेशी प्रगतिशील कविहरूका कविता पनि अनुवाद गरी प्रत्येक अंकमा छाप्ने गरे सुनमा सुगन्ध नै हुने थियो।

**-दधिराम सारु "'विश्वास'**
**चितवन (माडी)**
**हाल, बुटवल**

### जे जस्तो छापे पनि

विश्वको सम्पूर्ण क्षेत्र र सारा मानिसमा उपभोक्तावादी, पूँजीवादी संस्कृति र मानसिकताले अतिक्रमण गरेको आजको समयमा पनि दार्शनिक चिन्तन र वैचारिक बहसलाई समेटेको मूल्याङ्कन जस्तो स्तरीय र ज्ञानवर्द्धक पत्रिका पढ्न पाइनु ज्यादै खुशीको कुरा हो। यसको लागि सम्पादक मण्डललाई हार्दिक धन्यवाद दिन चाहन्छु।

बजारमा मूल्याङ्कनको अलग पहिचान छ। यसले जुन विषयवस्तु समेटेको छ, त्यो क्षेत्रमा अन्य पत्रिका नभएकाले जे जस्तो रूपले प्रकाशित गरे पनि पाठकले पढ्छन् भन्ने मानसिकताले चाहिं तपाईंहरूमा घर नगरोस् भन्ने कामना छ।

**-पी.आर. चिन्तक,**
**निजगढ, बारा**

### ३७ औं अंक

मूल्याङ्कन पूर्णाङ्क ३७ समयमै हात पर्‍यो।

नेपाली पत्रकारिताको एउटा चम्किलो तारा सावित भएको प्रगतिवादी पत्रिका मूल्याङ्कनले आफ्ना सामग्रीहरूमा अझ परिष्कार र समसामयिकता समाहित गरेकोमा हामी जस्ता अतृप्त पाठकहरूमा अझ थप उर्जा प्राप्त भएको अनुभूति मिलेको छ। यस अंकमा दिइएको भूमिगत नेता क. प्रचण्डसंगको अन्तर्वार्ता, तथा प्रगतिवादी साहित्यिक हस्ति तथा सिक्किमे जनताका नायक पवनकुमार चामलिङ्गसंगको भेटवार्ता बढी ओजपूर्ण तथा प्रगतिउन्मुख ठहरिएका छन्।

विद्रोहको नाउँमा आफ्नो खुट्टामा आफै बन्चरो ठोक्ने माओवादीहरू तथा माओवादीको आक्रमणको नाउँमा सरकार तथा सत्ताको आडमा बसेका पूँजीवादी अराष्ट्रिय तत्वहरूले देशलाई आतंक र युद्धमा धकेलेको कुरा लेखहरूमा छताछुल्ल पढ्न पाएकोमा हामी मूल्याङ्कनप्रति आभारी छौं। विश्व कम्युनिष्ट आन्दोलनको सारसंक्षेप, समयको बदलिंदो परिस्थिति र पूँजीवादको घुँडा टेकाइको तथ्य समेटेर लेखिएको लेख पनि अत्यन्त गहौं र सापेक्षित सावित भएको छ। लुईंटेलजीको कथाले कता-कता एउटा सिंगो पार्टीमा कुहेको आलुलाई निफनेको भान भयो, त्यसको लागि कथाकार धन्यवादको पात्र हुनुहुन्छ। साथै, म अझ कविता र कथाको संख्या बढाउनु पर्ने कुराको माग गर्न चाहन्छु।

**-नारायणबाबु तिवारी,**
**बितलव, ज्ञादी, पर्वत**

### "समग्रमा आफैंमा पूर्ण छ"

निरन्तर रूपमा दमन, राज्य आतंक र प्रहरी ज्यादतितर्फ उन्मुख वर्तमान सत्ता र त्यसका भरौटे सञ्चारमाध्यद्वारा गरिएको भ्रामक प्रचारबाजीलाई चिर्दै जनयुद्धको बहानामा निरपराध निहत्था नेपाली ग्रामीण जनतामाथि त्रिशंकु राकस सरकारले मच्चाएको श्वेत आतंकको पर्दाफास गर्न "मूल्याङ्कन" (चैत्र-वैशाख) अंक नितान्त सफल रहेको छ। जहाँ दमन हुन्छ, त्यहाँ प्रतिरोध आवश्य हुन्छ भन्ने मान्यताको आधारमा शुरू भएको जनयुद्धको बारेमा व्याप्त रहेको भ्रमलाई साफ गर्न वैचारिक अन्तर्क्रिया मार्फत् चालिएको प्रयास स्वागतयोग्य नै मान्नु पर्दछ। अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा भएका महत्वपूर्ण घटनालाई समेट्ने क्रममा रूसी संसदको निर्णय, जीवनको झाँकी अन्तर्गत क. चेको नेतृत्वमा हवानामाथि निर्णायक आक्रमण पठनयोग्य छन्। संसदीय व्यवस्था अन्तर्गत के सम्म गर्न सकिन्छ भन्ने प्रमाणित उदाहरणको रूपमा यसमा दिइएका पवन चामलिङका कामहरूलाई लिन सकिन्छ। साथै, यसले अर्कोतर्फ के संकेत गरेको छ भने- सुधारवादी काम कार्वाही गर्नको लागि कम्युनिष्ट सिद्धान्त नभए पनि पुग्दछ। अन्य स्थायी स्तम्भहरू अन्तर्गत नेपालको महिला आन्दोलन, हरिगोविन्द लुईंटलेको कथा, चन्द्रदेव नेपालीको नेपाली समाजमा व्याप्त दास मनोवृत्ति बारेको लेख पठनीय रहेका छन्। समग्रमा भन्ने हो भने, मूल्याङ्कनको यो अङ्क आफैंमा पूर्ण रहेको पाइन्छ।

**-यतिराज, डुम भञ्ज्याङ-८,**
**सिन्धुली**

### चाखको कारण

म यस "मूल्याङ्कन" मासिक पत्रिकाको नियमित पाठक हुँ। यो पत्रिका मलाई अति नै मन पर्छ। यो पत्रिका पढ्न नपाउँदा मलाई ज्यादै दुःख लाग्छ र केही कुरा अपूरो भएको जस्तो लाग्छ। मेरो टोल गिद्रेमा म मात्र यो मूल्याङ्कन पत्रिका मन पराउने व्यक्ति नभएर मेरा सबै साथीहरू अति नै चाख मानेर पढ्ने गर्छन्। यसरी यो पत्रिका मन पराउनुको मुख्य कारण चाहिं हाम्रो नेपालको प्रसिद्ध कम्युनिष्ट नेताहरूको अन्तरक्रिया, विश्वका कम्युनिष्ट नेताहरूको जीवनी, विश्व कम्युनिष्ट पार्टीहरूको जानकारी आदि रहेका छन्।

**-इन्द्रबहादुर जिरेल "उदासी"**
**जिरी-२, गिद्रे, दोलखा।**

### मेरो धारणा गलत् रहेछ

मैले गत वर्षदेखि मूल्याङ्कनको प्रत्येक अङ्क नविराई पढेको छु। शुरूमा झट्ट बजारमा देख्दा लागेथ्यो- अन्य कतिपय पत्रिकाहरू जस्तै यो पनि दिशाविहीन होला, पिंध नभएको लोटा जस्तो होला। पछि मूल्याङ्कनको वास्तविक परिचय पाएँ, अनि लाग्यो- यो पत्रिका बलियो पिंध भएको लोटा रहेछ। विनाअध्ययन यसको गरिमालाई तल झारेर अवहेलना गरेकोमा आफैलाई न्याय नगरेजस्तो लाग्यो। विश्व कम्युनिष्ट आन्दोलन, अन्तर्राष्ट्रिय सेमिनार, सभा, मार्क्स-एंगेल्स-लेनिन, माओ जस्ता युगपुरूषहरूको सम्पूर्ण गाथा, यस्तै यस्तै सामग्री र अन्तर्राष्ट्रिय घटना लिएर यो सधै आइरहोस् भन्ने कामना गर्दछु।

**-पदम गुरुङ, गाइखुर गा.वि.स**
**गोरखा, पैरेपानी।**

### जनयुद्धको सान्दर्भिक मूल्याङ्कन

मूल्याङ्कन पूर्णाङ्क ३७, चैत्र-वैशाख अंकले "माओवादी जनयुद्ध" को सन्दर्भमा गरेको मूल्याङ्कन अत्यन्त सान्दर्भिक छ। एकातिर माओवादीहरूको क्रियाकलापले अनावश्यक रूपमा व्यर्थ बलिदानका लागि नेपाली आमाका जुभारू सपुतहरूको रगत बगिरहेको प्रतीत हुन्छ भने अर्कोतिर यो कथित् जनयुद्ध सरकारका लागि भने "भोकालाई खीर" साबित भएको छ। क. प्रचण्डको अन्तर्वार्ता पढ्दा माओवादीका नेताहरूले जनयुद्धका नाममा दुःखद् हाद्सको नेतृत्व गरी दोषी हुनु भएको कुरा सजिलै महसुस गर्न सकिन्छ।

चन्द्रदेव नेपालीले दास मनोवृत्ति अन्तर्गत चाचुचा, गुलामी अनि विदेशीको अन्धसमर्थन गर्ने परम्पराको अन्त्य गर्नेतर्फ औंल्याउनु भएको यथार्थवादी धारणा निकै समसामयिक छ। विदीर्ण र निरीह जीवन भोगेका सिक्किमे झोपडीहरूमा एस.डी.एफ. सरकार र चामलिङको सबल नेतृत्वले ल्याउन खोजेको परिवर्तनलाई हरिगोविन्द लुईंटेल र राजेन्द्र महर्जनले पाठकहरूसमक्ष राखेर ठूलो गुन लगाउनु भएको छ। यसबाट नियत नबाङ्गिएकाहरू संसदीय फाँटबाटै पनि जनताहरूका लागि केही गर्न सक्छन् भन्ने पुष्टी हुन्छ।

एमालेको अविश्वासको असफल प्रस्ताव संबन्धमा मूल्याङ्कनको निष्कर्षबाट एमाले नेताहरूले आफू उभिएको धरातलको पुनः एक पटक गम्भिर विश्लेषण गर्नु हुनेछ भन्ने अपेक्षा गर्न सकिन्छ।

**-प्रकाशचन्द्र ओडारी आठराई,**
**रेडीमेट सेन्टर, उर्लाबारी-४, मोरङ**

### हरियाणाबाट

मूल्याङ्कन अंक ३६ पढ्ने अवसर पाएँ। मेरो बसाई प्रवास भएको हुँदा निरन्तर प्रत्येक अंक अध्ययन गर्न नपाए पनि, उपलब्ध अंकहरू पढ्ने गर्दछु। अंक ३६ मा टनकपुर परियोजना लगायत पंचेश्वर परियोजनाका सन्दर्भमा लेखिएको सम्पदाकीय, साथै विद्वानहरूका प्रतिक्रियापूर्ण लेख तथा अन्तर्वार्ता निकै रोचक र शिक्षाप्रद छन्। क. मोहनविक्रम सिंहको "वर्तमान नेपाली कम्युनिष्ट आन्दोलनमा आवसरवादका विरूद्धको संघर्षको प्रश्न" नामक कार्यपत्रले त, अझ बढी सुनमा सुगन्धको काम गरेको छ। यस अङ्कमा मधुबासाको सहकारी आन्दोलनबारे प्रस्तुत विवरणपूर्ण लेख वास्तवमा एउटा रोचक उदाहरण सिद्ध भएको छ। यसबाट हामी सबैले शिक्षा लिनुपर्ने कुरा महसुस गरेको छु।

**-देवीप्रसाद पौड्याल**
**हिसार (हरियाणा), भारत**

### संसदबाट के संभव छ ?

अंक ३४-३५ (पुष-माघ २०५२) मा संसदीय बाटोबाट के गर्न संभव छ, के छैन" भन्ने शीर्षकको अन्तर्क्रिया बढी सान्दर्भिक लाग्यो। विद्वान नेताहरूले आ-आफ्नो राय निर्धक्क राख्नु भएको पाएँ। संसदलाई उपयोगसम्म गर्न सकिने तर यसैबाट समाजवादमा रूपान्तरण भने हुन नसक्ने कुराप्रति म सहमत छु। चुनावबाट राज्ययन्त्र हात लाग्न सक्तैन, सत्ता मात्र केही समयको लागि प्राप्त हुन सक्छ। पूँजीवादीहरू कम्युनिष्टहरूप्रति कहिल्यै दयालु र नरम भएको इतिहास छैन। विना वर्ग संघर्ष, विनासशस्त्र क्रान्ति आमूल परिवर्तन हुन सक्तैन। नेकपा एमालेको संसदप्रतिको समर्पण नीति पूर्ण रूपले गलत छ।

समाजवादका आकर्षण र उपलब्धी संग-संगै पूँजीवादका कमजोरी, विकृति र दोषहरू पनि खोतल्दै जानु उपयुक्त हुन्छ कि ? भन्ने मेरो सुझाव छ।

**-डमरु पौडेल, धुलाबारी-२, झापा**

### राष्ट्रियताको भावना

नियमित पत्रिका मूल्याङ्कनको अंक ३६ पनि अध्ययन गर्ने अवसर प्राप्त भयो। आवरण कथाको रूपमा 'के अब टनकपुर समस्या समाधान भयो ?' भन्ने समिक्षात्मक लेखका साथै जलस्रोत विज्ञ दीपक ज्ञवालीको अन्तर्वार्ता पढ्दा मभित्र मात्र होइन, शायद सम्पूर्ण नेपाली पाठक वर्गहरूभित्र अन्तर्निहित राष्ट्रियताको भावना विस्फोटक रूपमा प्रस्फुटन नभई रहन सक्दैन होला। राष्ट्रियताको नारा दिएर सस्तो वाह-वाही लुट्न चाहने देशका उच्च पदस्थ नेता भनाउँदाहरूका लागि यो जोड्दार झापड सावित हुनेछ।

साथै, निम्न स्तरको उत्तेजक तथा अश्लील दृश्य र संगीतलाई उपयुक्त मनोरंजन ठान्ने वर्तमान युवापिंढी समेतलाई राम्रो पाठ सावित हुन सक्नेछ, हिन्दी चलचित्र 'रंगलि' को समालोचनात्मक लेख। यस मासिकले यसैगरी समसामयिक र दिशाबोधक सामग्रीहरू प्रकाशित गरी हाम्रो जस्तो अति रूढीवादी र अति पश्चिमा सभ्यतामुखी समाजलाई उपयुक्त मार्गनिर्देशन गर्न सफल होस् भन्ने कामना गर्दछु।

**अचुतम् आचार्य**
**राजदेवी रोड-४, जलेश्वर**

**WHY DO WE RECOMMEND MUKTESWOR PVC PIPE FOR SOIL, WASTE AND RAIN WATER DRAINAGE SYSTEM, AND ELECTRIC CONDUIT PIPE TO YOUR BUILDINGS, IRRIGATION AND DRINKING WATER SUPPLY TO YOUR PROJECT etc. ???**

- ECONOMY
- HIGH FLOW RATE
- ELEGANT LOOKING
- FIRM JOINING
- LIGHT WEIGHT
- IMPACT RESISTANT
- HIGH STANDARDS
- STABLE UP TO 60C
- CHEMICAL RESISTANT
- STRONG AND DURABLE-OVER 50 YEARS LIFE
- EXTREMELY EASY TO INSTALL
- NO WAITING TIME REQUIRED FOR JOINTS
- FIT AND MATCH WITH PVC FITTINGS
- AVAILABLE SIZE FROM 1/2" TO 8" DIAMETER
- PRESSURE CAPACITY 2.5 KG/CM2 TO 10KG/CM2

*FOR DETAILS ASK TO YOUR LOCAL HARDWARE SHOP OR CONTACT:*

**MUKTESWOR PIPE INDUSTRIES PVT. LTD.**

HEAD OFFICE:-
TEL : 420773
FAX : 977-1-420773
PUTALISADAK, KATHMANDU
FACTORY:- TEL.: 290697,
THANKOT, KATHMANDU


**महावली हनुमानको वरदान !**
**सुन्दर र सुरक्षित छानाको पहिचान !!**



**हनुमान छाप कर्कट (जस्ता) पाता**

टिकाउपनाको अर्को नाम

**सुन्दर स्टील्स प्रा. लि.**



"WE SERVE YOU BETTER"
THROUGH OUR FOLLOWING BRANCHES.

Head Office & Main Branch
Tel: 227181
Tlx: 2385 NABIL NP
2431 NABILH NP
Fax: 226905
P. O. box: 3729, Kantipath Ktm

Lalitpur Branch
Tel: 521080
P. O. Box : 3729

Butwal Branch

Durbar Marg Branch
[illegible]
P. [illegible] 29, Ktm

Airport Counter
Tel 472278

New Road Branch
Tel: 224351, 224533
Tlx: 2430 NABIL NP
Fax: 224837
P. O. Box: 3729, Ktm

Jorpati Branch
Tel: 470498
P. O. Box: 3729, Ktm

Birgunj Branch
Tel: 21476, 21746
Tlx: 4013 NABIL BG NP
Fax: 23156
P. O. Box: 73

Sugauli Branch
P. O. Box : 73

Biratnagar Branch
Tel: 26213, 22752
Tlx: 2036 NABIL NP
Fax: 26214
P. O. Box: 208

Khanar Branch
Tel: 80854

नेपाल अरब बैंक लिमिटेड

**NabilBank**
Nepal Arab Bank Limited

Kantipath, P.O.Box: 3729, Kathmandu, Nepal.
Tel: 227181, Telex: 2431 NABILH NP, Fax: 226905

MULYANKAN
A magazine for Thought-Interaction
ल.पु.जि.प्र.का. द.नं. ९९/०४९/५०   म.क्षे.हु.द.नं. १२/०५१/५२

